संग्रह–१६
क्रम संख्या–१७

जातक संग्रह

[भाग - १]

(कुनै एक ब्राह्मणादिहरूको कारणमा बताइएका कथाहरू)

आचार्य
भिक्षु अमृतानन्द

सन् १९७१ नवेम्बर लुम्बिनी वर्षको उपलक्षमा ।

भारु. ८/- नेरु. १०/-

लेखकका पुस्तक पुस्तिकाहरू–

(नेपाल भाषामा)

१. अग्रश्रावक
२. आर्यसत्य (द्वितीयावृत्ति)
३. कर्मविभाग
४. गृही-विनय (चतुर्थावृत्ति)
५. जातकमाला भाग–१ (द्वितीयावृत्ति)
६. जातकमाला भाग–२ (द्वितीयावृत्ति)
७. त्रिरत्नवन्दना
८. धम्मपद (द्वितीयावृत्ति)
९. धर्म व विनय
१०. धम्मपदट्ठकथा
११. प्रजापति गौतमी (द्वितीयावृत्ति)
१२. पाठ्यसूत्र
१३. बौद्धकहानी
१४. बुद्धशासनया इतिहास
१५. बुद्धजीवनी (तृतीयावृत्ति)
१६. महास्वप्नजातक (द्वितीयावृत्ति)
१७. विश्वन्तरजातक (द्वितीयावृत्ति)
१८. सर्वज्ञधातु
१९. सूत्रसंग्रह

संग्रह–१६

क्रम संख्या–१७

जातक संग्रह

[भाग - १]

(कुनै एक ब्राह्मणादिहरूको कारणमा बताइएका कथाहरू)

आचार्य

भिक्षु अमृतानन्द

सन् १९७९ नवेम्बर लुम्बिनी वर्षको उपलक्षमा ।

भारु. ८/-   नेरु. १०/-

प्रकाशकः
"आनन्दकुटी बिहारगुठी"
(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी, स्वयम्भू,
काठमाडौं, नेपाल ।
फो. नं. १४४२०

बुद्धाब्दः २५२३
बि. सं. २०३६

प्रथमावृत्ति १०००

मुद्रकः
नेपाल प्रेस
काठमाडौं, नेपाल ।

नेपालमा बुद्धधर्म प्रचार गर्नमा
महान सहयोग दिनु भएका
पूज्यवर नारद महास्थविरज्यूको
करकमलमा कृतज्ञतापूर्वक
समर्पित !

यसमा—

Collection No. 16

JATAKA SANGRAHA
(PART I)

Bhikshu Amritananda

Lumbini Year 1979

Published by
ANANDA KUTI VIHARA TRUST
Ananda Kuti, Kathmandu
N E P A L.
1979

प्रकाशकीय

प्रस्तुत जातक संग्रह पहिलो भाग बुद्धकालीन ग्रन्थहरूको (आनन्दकुटी विहार गुठीको) प्रकाशन क्रमको सत्रौं ग्रन्थ हो । यस-प्रकारका ग्रन्थहरू प्रकाशन गर्ने लक्ष लिएर अविच्छिन्न रूपमा परिश्रम गरिरहनुभएका पूज्य अमृतानन्द महास्थविरद्वारा अनुदित भएको हो । यो संग्रहलाई पनि यस विहार गुठीले प्रकाशित गर्ने सुअवसर पाएको छ ।

यसमा विभिन्न जातक सम्बन्धी महत्त्वपूर्ण कुराहरू ज्ञान गर्न पाउनुको साथै विशेष मनोरञ्जन समेत हुने भएकोले पाठकहरूले सरल रूपमै ज्ञान वृद्धि गर्न पाउने छन् भन्ने आशा लिएको छु ।

तीर्थनारायण मानन्धर
सदस्य-सचिव
आनन्दकुटी विहारगुठी

२०३६ मार्ग १४

भूमिका—

साहित्य विधामध्ये कथा साहित्य सबभन्दा जेठो ठहरिएको कुरा विश्वसाहित्यले नै मानेको छ र प्रारम्भिक मानवसमाजका चेतनशील व्यक्तिहरूले तत्कालीन समयमा अनुभव गरेका विभिन्न प्राकृतिक छटाको साथै यसको प्रकोप र अवस्था, डर, त्रास, भय, सुख, दुःख, प्रेम, विछोड आदि जस्ता घटनाहरू नै यसको उद्‌गमस्थल हो भन्ने कुरा पनि सकारेको छ । यिनीहरूबाटै क्रमशः मौखिकरूपमा पुस्तौं पुस्ता विकसित हुँदै आएका कथाहरूकै क्रममा कथा संगाल्ने जेठो ग्रन्थ ऋग्वेद नै हो भन्ने कुरा पनि ठोकेरै भन्न सकिने अवस्थालाई विश्वसाहित्यको कथाको इतिहासले धेरै बल प्रदान गरेको छ भन्ने कुरालाई इ. पू. ४००–३०० देखि मात्र पश्चिमी साहित्यमा भेटिएका कथा साहित्यहरूले प्रमाणित गरेका छन् । त्यसैले यस प्रसंगमा के भन्न सकिन्छ भने ऋग्वेद, उपनिषद् र पौराणिक काल पछि लगत्तै बुद्धसँगसँगै आएका जातक कथाहरूले नै आफ्नो स्थान सुरक्षित पारेका छन् भन्दा अतिशयोक्ति होला जस्तो लाग्दैन भन्ने कुरामा विश्वस्त हुनसक्ने आधारहरू धेरै छन् । पश्चिमी कथा साहित्यतिर विचार गर्दा पनि वि. पू. ५६७–४८७ भित्र निस्केको जातक कथाको योग्यताक्रम छुट्याउन इतिहासलाई त्यति अप्ठेरो पार्ला

जस्तो लाग्दैन । एकातिर कथाको वर्गीकरण अनुसार यो जातक कथालाई उपाख्यान वा दृष्टान्त कथा भन्न सकिने आधारहरू आधुनिक कथा वर्गीकरणको दृष्टिकोणले हेर्दा प्रशस्तै छन् भने अर्कोतिर एकै शब्दमा भनिनै दिने हो भने पनि ऐतिहासिक कथा हो कि भन्ने कुराले पनि कन्फ्युजन पार्न खोज्दछ । जेहोस् पूर्वीय अथवा पाश्चात्य कथासाहित्यको दाँजोमा जातक कथारूपी कलेवरले आफ्नै ढाँचाको रूप धारण गरेको छ अर्थात् जसरी बुद्धधर्मले मध्यममार्ग अपनाएको छ त्यसरी नै जातक कथाले पनि पूर्वी र पश्चिमी साहित्यको बीचबाट हिड्ने आफ्नो योजना देखाएको छ भन्ने कुरालाई पूर्वजन्मकै कथाको प्रसंगमा अतीतकाल (बितेका जन्महरू) को कथा जोडी पूर्वजन्म र परजन्मको सम्बन्धलाई दृष्टान्तद्वारा गाँसी जन्मजन्मान्तरसम्म पनि वासनात्मक संस्कार स्थायी हुन्छ भन्ने कुरालाई व्युँत्याउने प्रयासले परिपुष्टि गरेको छ । त्यसैले पनि यसलाई विशेष गरेर उपदेशात्मक दृष्टान्त कथाको रूपमा मैले हेरेको हुँ । यसैको दाँजोमा पूर्वी वा पश्चिमी कथासाहित्यको अनुहारतिर चिहाउँदा 'गर्भे' कथाहरू (एउटा कथाको प्रसंगमा भिन्नै कथाहरू आउने खालका) मात्र देखिएका कुराहरूलाई—पूर्वी साहित्यतिर हेर्दा वृहत्कथा, पञ्चतन्त्र, हितोपदेश, कादम्बरी कथासरीत्सागर आदि र फारसीतिर हेरे 'अलिफ फलैला' को कथा अरेबियन नाइट र फ्रान्सेलीमा पनि यसप्रकारका कथाहरू देखिन्छन् भने 'राह म्याने र जाहलुंग' जस्ता गर्भे कथा जर्मन साहित्यमा पनि देखिएका छन् । यसैले लेख्न बाध्य भएको छु कि जातक कथाको रूपरेखा र शैलीसँग दाँज्ने अन्य भाषामा लेखिएका कथाहरू छन् भने पनि मेरो अध्ययन क्षेत्रबाट बाहिर परेका

छन् । यसैले जातक कथा र अन्य पूर्वी वा पश्चिमी समकालीन कथा-साहित्यको तुलनात्मक अध्ययन गर्दा जसरी बुद्धधर्मले आफ्नो अलग्गै क्षेत्र निर्माण गरेको छ त्यसरी नै जातक कथाले पनि आफ्नो स्थान ओगटेको छ भन्ने निष्कर्षमा पुगिन्छ । हुनत पौराणिक कालका कथाहरूसँग जातक कथाहरूलाई दाँज्दा केही साम्यता नपाइने होइन, पाइन्छ तापनि जातक कथा यसको दाँजोमा परिष्कृत भएर आएको कुरालाई मान्नुपर्ने अवस्थाको सिर्जना पनि विषयवस्तु, वातावरण, विचार र शैलीको आधारमा भएको छ । यो जातक कथा उपदेशात्मक शैलीमा लेखिएको भएता पनि सुख र दुःख; छल र कपट; द्वेष र ईर्ष्या; प्रेम र वियोग; सहयोग र असहयोग तथा राजनैतिक र अन्य सामाजिक क्रियाकलाप आदि जस्ता प्रिय वा अप्रिय घटनाहरू हिजो आजकै समाजले भोगिरहे जस्तै अनुभव हुन्छ र यो पनि अनुभव हुन्छ कि यसप्रकारको परम्पराले पृथ्वीको अन्त्यसँगै सम्बन्ध गाँसेको छ । तैपनि प्राकृत घटनासँग अतिप्राकृत घटना समावेश हुँदा भने हाम्रो मस्तिष्कलाई एकछिन रन्थन्याइदिने विषय यहाँ पाइएता पनि दार्शनिक पृष्टभूमिमा सोच्ने हो भने यसभन्दा बाहिरको समाज पाउन सकिन्छ भनेर भन्ने मानिस सायद दुर्लभ होला ।

किनभने—कथा यस्तो जादूको घर हो यसभित्र पसेपछि नपाइने विषयवस्तु र नदेखिने ठाउँ कुनै हुन्न । हुनत जातक, पौराणिक र आधुनिक जुनसुकै कथाहरू हुन् यिनीहरूको आ-आफ्नोपन अनुसारको मुख्य केन्द्रविन्दु यौटै हुन्छ तापनि त्यस विन्दुरूपी सूर्यलाई परिक्रमा गर्ने ग्रहहरूमध्ये महत्वपूर्ण ग्रहरूपी विषयहरूबाट पनि गुणग्राही बन्न सक्यो

भने विभिन्न उपयोगी कुराहरू पाउन सकिन्छ र यिनीहरूले पनि पाठकहरूलाई व्यक्तिको महत्त्वपूर्ण सामाजिक, आर्थिक र राजनैतिक, धार्मिक आदिसँग सम्बन्धित विभिन्न प्रकारका उपयोगी बौद्धिक खुराक-हरू प्रदान गरिरहेका हुन्छन् जति कथाको केन्द्रविन्दु (मुख्य विषय) ले पारेको हुन्छ। त्यसैले उपयोगी र अनुपयोगी छुट्याउने विवेकतालाई साक्षी राखी तत्कालीन समयतिर फर्की सविवेक यसको राम्ररी अध्ययन गर्ने हो भने अझ बढी रसास्वादन गर्न पाइन्छ र अनि शिक्षा पाइन्छ—

तथेवेकस्स कल्याणं तथेवेकस्स पापकं।
तस्मा सब्बं नकल्याणं सब्बं वापि न पापकन्ति
(असिलक्खण जातक पृ. २७)

(यसको अर्थ हो— जुन कुराले यौटाको कल्याण हुन्छ त्यही कुराले अर्कोको अकल्याण पनि हुनसक्छ। त्यसैले सबै वस्तु कल्याणकारी हुँदैनन् र सबै वस्तु अकल्याणकारी पनि हुँदैनन्।)

उक्त गाथाले जुन उपदेश दिएर सद्विवेकतापूर्ण विचार गरी हिड्ने बाटो देखाएको छ त्यो नै यस संग्रहको मुख्य सार हो भन्ने मैले ठानेको छु र अनि ठानेको छु यस कथा संग्रहमध्ये राम्रो मानिएका गाथाहरूमध्येको एक गाथा। हुनत सोचाइमा फरक पर्न सक्तछ किनकि यो त आफ्नो साधना, संयम र विवेकको कुरा हो र अनि हो बौद्धिक अभ्यासको रिहर्सल। त्यसैले उक्त गाथालाई आधुनिक 'हीरा' सँग दाँज्दै भन्न सकिन्छ कि—यसलाई उपयोगमा ल्याउन जान्ने

सद्‌विवेकीकोनिमित्त मूल्यवान् बन्न सक्तछ भने अविवेकीकोनिमित्त जीवन गुमाउने साधन पनि हुन सक्तछ ।

यसरी कथासाहित्यरूपी भण्डार खोली हेर्दैजाँदा मुख्यसार के पाउन सकिन्छ भने—सभ्यता र संस्कृतिको उत्थान र पतनको साथै जसरी नयाँ र प्राचीन सामाजिक, आर्थिक, राजनैतिक र धार्मिक आदि जस्ता विषयहरूसँग सम्बन्धित रूपरेखालाई जोडने क्रमको अभिभारा यसले बोकेको छ त्यसरी नै सामाजिक जीवनसँग सम्बन्धित विभिन्न स्थिति तथा घटना अभिव्यक्त गर्ने विभिन्न क्षेत्रकोनिमित्त खुला राजमार्ग तयार पारिदिएको छ। त्यसैले अन्य साहित्य विधा मध्ये कथासाहित्यलाई जेठो मात्र मानिएको होइन अन्य साहित्य विधाको अपेक्षा स्थायी साहित्य पनि यही नै हो भनेर भन्न सकिएको हो। किनभने सामाजिक जीवनको वास्तविक इतिहास र राजनैतिक तथा ऐतिहासिक लेखद्वारा उपेक्षित इतिहासलाई पनि उदारतापूर्वक कथासाहित्यले आफूमा सुरक्षित राख्ने दृढ धारणा लिइराखेको कुराको साछी भएर आइरहेको प्रारम्भिक कालदेखि अहिलेसम्मको विश्व कथासाहित्य हाम्रो अगाडि खडा नै छ। यसै कारणले गर्दा नै तत्कालीन समयको सामाजिक इतिहास जीवित रहनुको साथ साथै साहित्यको अवस्था पनि यथावत् जीवित रहन पाएको हो। तथापि आफ्नो समयको इतिहास त्यति रोचक नदेखिएता पनि यसले कथाको रूपमा पुनर्जन्म लिनेबित्तिकै भिन्नै महत्व र यश कमाएको मात्र होइन त्यत्तिकै रोचकता तथा प्रियता पैदा गर्न सक्ने खुबी पनि राम्ररी प्राप्त गरिसकेको हुन्छ। त्यसैले कथारूपी वृक्षले केवल सामान्य साहित्यको रूप मात्र नलिई प्रभावशाली साहित्यको रूप

लिएर सबैलाई आफ्नो अमृतरूपी फलले तृप्त गराएको मात्र होइन आफ्नो छहारीमा सबैलाई मुग्ध बनाई राख्नसकेको हो र आवश्यक परुञ्जेल राखि नै रहने छ ।

उक्त कुराहरूकै आधारमा प्रस्तुत 'जातक संग्रह' भाग–१ का कथाहरू जुर्मुराउँदै उठेका मात्र होइनन् युगानुकुल समाजलाई बौद्धिक, नैतिक र सामाजिक बल प्रदान गर्दै—जन्म जन्मान्तरको सम्बन्ध, सदाचारको फल, अन्धविश्वासको निराकरण, कर्तव्य परायणताबाट हुने लाभ, घुस्याहाको परिणाम, पितृभक्त र पितृद्रोहको फल, कुटिलताको स्वभाव, शोकाकुल मानिसलाई मनोवैज्ञानिक ढँगले संझाउने प्रकृया, परोपकारको फल र त्यसकोनिमित्त प्रेरणा, दानफल, सदाचरणमा बस्ने माथि ठूलाहरूको दमन चक्र, सासुबुहारीको भित्री मन, क्रोधीको स्वभाव, पतिवरण गर्ने तरीका, लोग्नेले नरुचाएकी स्त्रीको स्वभाव, अभिरूपा-माथि गुण्डाहरूको आक्रमण, व्यापारीहरूको धन लोलुपता, विश्वस्तभई गरेको काममा सफलता, राजाहरूको मनोभावना र राज्य लोलुपता आदि जस्ता विभिन्न रोचक र रोमाञ्चित घटनाहरूलाई आधार बनाएर अन्य विभिन्न कुराहरूको चित्रणको साथै सुखमार्गको बाटो देखाई जस्तो आपत् वित्त परेतापनि सहनसक्ने शक्ति प्रदान गरी यसबाट मुक्तिपाउने मूलमन्त्रको दीक्षा पनि युग अनुसार यहाँ दिइएको छ ।

यस्तै यस्तासँग सम्बन्धित विषयरूपी उद्यानमा 'साकेत जातक' देखि घुमाउन सुरु गरेर 'सीलांनिसंस जातक' मा पुगेर यसले पहिलो विश्राम लिएको छ । अर्थात् यस संग्रहले खास नाम नभएका जाति र

पेशाको आधारमा कुनै एक ब्राह्मण, कुमारी, उपासक, माझी, व्यापारी, कुटुम्बिक, दरीद्री जस्ता पात्रहरूको कारणलाई लिएर ३२ पात्रहरू जन्माएको छ र यसका जन्मदाता खोज्दा स्वयं बुद्धलाई पाइएको छ। बुद्धले सर्वप्रथम अञ्जनवनबाट 'साकेत जातक', वेणुवनबाट 'मंगल जातक', श्रावस्तीबाट 'कुण्डपूव जातक', र अरू बाँकी २९ जातक कथा जेतवनमा बसेर विभिन्न कारणलाई लिएर बताइएका पूर्वजन्मसँग गाँसीएका उसैसँग सम्बन्धित अतीतका कथाहरू उपासक, भिक्षु आदिलाई सुनाइएको कुरा संग्रहले अङ्कित गरेको छ।

जातक कथा ३२ वटा मात्र नभई जम्माजम्मी ५५० वटा भएको कुरा पनि पालि (मागधि) साहित्यले बताएको छ। यो त्रिपिटक पालिसाहित्य—सुत्तं, गेय्यं, वेय्याकरणं, गाथा, उदानं, इतिवुत्तकं, जातकं, अब्भूतधम्मं र वेदल्लं गरी नौ अङ्गमा विभाजित भएको छ। यसै नवरत्नरूपी नौ अङ्गहरूमध्ये 'जातक' पनि एक हो।

यो जन् धातुको व्युत्पत्तिद्वारा बनेको 'जातक' शब्दको अर्थ खोज्ने हो भने यसलाई संज्ञाको रूपमा नलिई विशेषणको रूपमा लिनुपर्दछ र यसरी लिंदा 'जातक' को अर्थ जन्मेको हुन आउंछ र अर्को तर्फबाट विचार गर्ने हो भने—बोधिसत्वको जीवनीलाई भनौं या बुद्धद्वारा प्रादुर्भाव भएका कथाहरू भएकाले 'जातक' पनि भन्न सकिन्छ। जे होस् 'जातक' भन्नेबित्तिकै बुद्धका अनेकौं जन्मजन्मान्तरका कथाहरू लेखिएको प्रसिद्ध ग्रन्थ हो भन्ने टुङ्गोमा पुग्न सकिन्छ।

यो जातकलाई एकप्रकारले पालिसाहित्यमध्येको सरलसाहित्य

पनि भन्न सकिन्छ र स्वयं बुद्धद्वारा नै बताइएका कथाहरू भएकाले यी कथाहरूको श्रीगणेश कहाँबाट कसरी भएको हो भन्ने कुरातिर खोजी गरी रहनु पर्दैन र बरु पहिलो कथा कुन हो भन्नेतिर चासो राख्नुपर्ने थियो तर त्यतातिर कपाल बुखाउन नपर्ने गरी अनुवादकज्यूले 'प्राक्कथन' मा सबभन्दा पहिले उरुवेल कश्यपको कारणमा राजगृह-वासीहरूलाई महानारदकस्सप जातक र अन्तिम कथा महासुदस्सन जातक बुद्धले बताएको हो भन्ने कुरालाई प्रमाणितरूपमा उल्लेख गरिसक्नु भएको छ ।

यो संग्रहरूपी कथा साहित्य सागरभित्र पौडदै जाँदा देखिएका उद्देश्यहरूमध्ये मूल उद्देश्य धर्म, अर्थ, काम र मोक्ष (निर्वाण) प्राप्तगरी अन्त्यमा निर्वाण प्राप्ति नै यसको चरमलक्ष रहेको छ भन्ने कुरामा दोधारिन पर्दैन । किन कि मनुष्य जीवनको साध्य नै मोक्ष, सत्यान्वेषण र लोक कल्याण जस्तो ठूलो आनन्दानुभूति यसबाटै मात्र संभव भएको कुरालाई परापूर्वकालदेखि आजसम्मका विद्वान्हरूका भनाइहरूले परिपुष्टि गरिरहेकै छन् । भोगविलासमात्र मानव जीवनको साध्य होइन भन्ने कुरातिर पनि राम्ररी संकेत गरेको मात्र होइन झ्याली समेत पिटेको छ । यसलाई अझ प्रष्टपारी हेर्न खोज्ने हो भने जसलाई पूर्वावस्थामा साध्य मानिएको हुन्छ त्यो पूराहुनेर्बित्तिकै पुनः त्यही वस्तु साधनको रूपमा रूपान्तरित हुन्छ र पुनः उत्पन्न भएको अर्को इच्छा साध्यको रूपमा देखापर्दछ । यो क्रम जबसम्म मानिस जीवित रहन्छ तबसम्म जारी नै रहने हुनाले यसको अन्त्य 'निर्वाण' देखाइएको हो भन्ने कुरा संग्रहभित्रै बसेर मननगर्दा अनुभव हुन्छ ।

यस्तै—यस संग्रहलाई केवल कथात्मक साहित्यको दृष्टिकोणले हेर्दा पनि कुनैबेला (तत्कालीन समय) यसभित्रका कथाहरूलाई साहित्य-साध्य मानिएको थियो भने क्रमशः आधुनिक बन्दै आएको त्यसभन्दा पछिल्लो समाजले बढी महत्व दिनबाट विमुख हुन खोज्यो। त्यसपछि सामाजिक, बौद्धिक आदि परिवर्तनका कारणहरूले गर्दा पुनः महत्वदिन-बाट विमुख हुन सकेको सशक्त प्रमाण दिन सकिदैन। यसैले भनिएको हो "साहित्य साध्य युग युगमा परिवर्तन भइनै रहन्छ।" यदि यसो नहुँदो हो त तुलनात्मक अध्ययन गरी सामाजिक उन्नतिकोनिमित्त धेरै सामग्रीहरू जम्मा गर्ने भवनको मूल द्वार नै बन्द हुने थियो।

कथा जीवनको अभिन्न अंग हो जसलाई छुट्याउन खोज्नु मानवेतर समाजको परिकल्पना गर्न खोज्नु हो भन्ने कुरामा सहमत नहुनु समाजदेखि बाहिर बस्न खोज्नु हो। यसैले यसप्रकारका कथाहरूलाई त्यस्तो रासायनिक क्रिया मान्न सकिन्छ जसले दुःखमय जीवनलाई सुखमय जीवनको आलोक प्रदान गर्न सक्ने चिराग प्रदान गरेको छ। यति मात्र होइन यसप्रकारका कथाहरूले आधुनिक समाजलाई पूनर्जीवन प्रदान गर्ने क्षमता लिएर आएका छन् भन्ने कुरालाई बाह्य दृष्टिकोणले मात्र होइन आभ्यन्तरिक दृष्टिकोणले हेर्दा अझ बढी प्रत्यक्ष हुन्छ।

उक्त कुरा बाहेक पनि यहाँका कथाहरूले एकातिर त्रास वा दुःखमय जीवन प्रस्तुत गरी अर्कोतिर सुखमय जीवनरूपी दृश्यावलिको अवलोकन गराएको छ र भनेको छ कि—दुःखमय जीवन पनि जीवन नै हो र सुखमय जीवन पनि जीवन नै हो—तैपनि दुवै प्रकारका जीवन-

माथि गरिने प्रेममा कुनै प्रकारको कमी देख्न पाइन्न । यस भित्र पाइएका यसप्रकारका चरित्रहरूले डर त्रासको अन्त्य र सुखको स्थिरता ल्याउनु नै सभ्यता र संस्कृतिको विकास हो भन्ने मूलमन्त्र सुनाउँदै मानव समाजलाई यसै बाटोतिर हिड्ने प्रेरणादिन यिनीहरू पछि परेका देखिदैनन् । यसबाट अझ के प्रष्ट हुन्छ भने—समाजलाई आनन्द दिलाउने मूलभूत लक्षलिएर हाम्रो अगाडि देखा परेको मात्र होइन यसभित्रका विभिन्न पात्रहरूको क्रियाकलापहरुले दुःखमय जीवन तथा विभिन्न परिस्थितिको मूर्त चित्रण गरी पाठकहरुलाई अनुभव, प्रेरणा र संवेदना प्रदान गर्दै सुखान्वेषणकोनिमित्त समाजरूपी भेलमा घचेडि दिने योजनाको तर्जुमा राम्ररी मिलाएको छ र इशारा गरेको छ कि सामाजिक संवेदनारूपी आकाशवाणीको साथै पारस्परिक सम्बन्ध घनिष्ट बनाउने कामको आयोजक बनी मानव समुदायमा भएको संकीर्ण विचार धाराको उछित्तो खेलाउने प्रयासमा तल्लीन हुँदै दुःखमय जीवनको अन्त्य गर्ने विभिन्न साधन र उपायको साथै सुखमय जीवनरूपी प्रवेश द्वारतिर प्रवेश गर्ने उपाय बताइएको छ । यति मात्र होइन मनुष्यत्वमा रहेको दानवत्वपनलाई निर्मूलपारी मानव जीवन देवत्व जीवनभन्दा पनि महान हो भन्ने कुराको प्रतिध्वनि पनि यो संग्रहरूपी मैदानमै बसेर सुन्न सकिन्छ र अनुभव पनि गर्न सकिन्छ । यसबाहेक दर्शन र चिन्तन जस्ता कुराहरूको पाठ पनि यसले राम्ररी पढाएको छ । यसको हाराहारीमै बसेर कान थाप्दा राजनीति, सामाजिक र धार्मिक आवश्यकताले जसरी अन्य देवता महापुरुष र विद्वानहरू जन्माएको छ त्यसरी नै बुद्धलाई जन्माएको हो भन्ने कुराको प्रष्ट आवाज पनि सुन्न सकिन्छ भने अर्कोतिर असत्य वचन,

चोरी, हिंसा, दुर्भावना, वैमनस्य, ईर्ष्या, द्वेष जस्ता कुभावनाहरूलाई निर्मूल पार्ने साधनको दिक्षा पनि यसले दिएको छ ।

अज साँच्चै भन्ने हो भने विज्ञान, दर्शन र कला तीनै कुराको प्रतिनिधित्व कुनै न कुनै रूपमा यसले गरेको छ भन्दा अतिशयोक्ति होला जस्तो लाग्दैन । किनकि यो कोरा धार्मिक कथामात्र नभई समाजभित्र रहेका मार्मिक कुराहरूको उद्घाटन पनि यसले आफ्नै शैलीमा गरेको छ र हामीले गर्नुपर्ने विभिन्न अनुभवहरूलाई विकास गराइदिने मूल बाटो पनि तयार पारिदिएको छ । यो पालि (मागधि) साहित्यमा लेखिएका विभिन्न बौद्धिक तथा हार्दिक अनुभवले विशेष स्थान पाएका मात्र होइनन् यी दुवैले आपसमा सामञ्जस्य समेत स्थापना गरेका छन् तापनि बौद्धिकभन्दा हार्दिक अनुभवले विशेष स्थान पाएको अनुभव यहाँ भएको छ भन्ने कुरालाई लिएर मननगर्दा अन्धविश्वास, छल, कपट, चतुर्‍याँइ, असत्यता, असन्तुष्टि, चिन्ता, परदोषदर्शन जस्ता अवगुणहरूलाई बौद्धिक अनुभवले प्रोत्साहित पारेको देखिन्छ भने हार्दिक अनुभवले संवेदनशील, नैतिक चेतना, चारित्रिक उज्ज्वलता आदि प्रदान गरेको छ । त्यसैले यहाँ दुवैलाई तुलनात्मक ढंगले हेर्दा सर्वप्रथम सगुण ग्राही बन्नेतिर विशेष जोड लगाएको छ । यस्तै यस्ता कुराहरूको टिपोट गर्दा—विलासी, अल्छी, छली, दुष्ट, बीर, कायर जे पनि बन्न सक्तछ भन्ने कुराको आभाष मिलेता पनि क्रियाशील र शिष्ट बन्नेतिर शतप्रतिसत् अग्रसर भएको छ र अनि त्यस्तो राजमार्गतिर हिड्ने हौसला दिएको छ जहाँ कृत्रिमतालाई त्यागी स्वाभाविकताको वर्णन गर्दै— सुख र दुःख, हर्ष र विष्मात्, करुणा र दया, उत्साह र भय, क्रोध र घृणा,

विलास र त्याग आदि जस्ता विभिन्न विषयहरूको विस्तृत अध्ययन गर्न पाउने राम्रो वातावरण सिर्जिएको छ र यस संग्रहले विनम्रतापूर्वक अनुरोध गरेको छ कि सत्यप्रति प्रेम र पवित्र भावना राखी व्यवहार गरेमा हाम्रो मन र बुद्धिको समन्वय हुन सक्तछ र पारस्परिक प्रेमको साथै एकले अर्काेप्रति गर्ने समानताको भावना क्रमशः वृद्धि हुँदै गई ठूलो सानो, जान्ने सुन्ने, धनी गरीब, वैरता र कलह आदि जस्ता कुभावनाहरू विध्वंश हुन्छन् र यसबाट, प्रसन्नता, उत्साह, बल, फूर्ति, प्रेम, बुद्धि र विवेक आदि जस्ता गुणहरू पैदा हुन्छन् भन्ने कुराको चरितार्थ पनि यहाँ भएको छ ।

यसरी संग्रहरूपी भवनका कोटाकोठा चिहाउँदै जाँदा बुद्धका आत्मविज्ञप्तिका पोष्टरहरू यत्र तत्र न टाँसिएका होइनन्, छन् तर यसलाई गौण गरेर मननगर्दा लोकाभिव्यक्तिकोनिमित्त मात्र साधन बनाइएको रहेछ भन्ने कुरालाई आधुनिक दृष्टिकोणको आधारमा परिपुष्टि गर्न सकिन्छ । किनभने—कुनै चरित्रको माध्यम बनाएर आफ्नो व्यक्तित्व देखाउन पर्ने अवस्था तत्कालीन समाजले सिर्जिएको हो । यो कुरा यहाँ मात्र होइन गीताका श्री कृष्णले पनि आफूलाई ब्रह्मको रूप देखाई सृष्टिको समस्त तत्वलाई आफ्नै रूप ठानेका छन् । यसरी नै बुद्धले प्रस्तुत कथाहरूमा जसरी आफूलाई सम्पूर्ण स्रोत ठानेको कुरा पाइन्छ त्यो विवशतावस ठानेको नभई प्रेरणाको रूपमा देखाइएको हो भन्ने कुरा आजका बौद्धिक वर्गले ठान्नुपर्छ । यसै मनाइएको प्रसंगमा प्लेटोको विचार उतार्नु पनि अप्रासंगिक नहोला । युनानी पुराणको बारेमा प्लेटोले भनेका छन् कि "पहिले यी सबै मनुष्य थिए पछि

महत्वपूर्ण काम गरेका हुनाले तिनलाई राजाको जस्तै देवत्वको मान मिल्यो।" त्यसैले भन्न सकिन्छ बुद्धले आफूलाई सर्वेसर्वा ठान्नु नै बुद्धको बौद्धिक व्यापकता र अतिशय उच्च अनुभूति हो। यहाँका कथाहरूले यही अनुभूतिको संगालो गरेका छन् भन्दा अतिशयोक्ति हुँदैन। यस्तै चेतन आत्मतत्वको पराकाष्टा वेदान्त र अद्वैत दर्शनमा पनि पाइन्छ। यसैलाई भन्न सकिन्छ—व्यापक चेतनाको यथार्थरूप। त्यसैले चेतनाको अतिजागरूक अवस्थामा बुद्धले 'म आकाश पाताल चहार्न सक्तछु, पूर्वजन्म र परजन्मका कुराहरूलाई राम्ररी जान्न सक्तछु र देवताको देवता म नै हुँ अर्थात् सबैभन्दा श्रेष्ठ म हुँ भनेर भनेको हो। यसमा बढी शंका गर्नु समय लम्ब्याउन मात्र हो। यसैलाई भन्दछन् चेतनाप्रतिको सजगता। त्यसैले भन्नसकिन्छ कि बुद्धको आत्मविज्ञप्ति आफ्नोनिमित्त नभई सन्सारकोनिमित्त भएको हो र यो आत्मविज्ञप्ति प्रच्छन्न र प्रकट दुइरूपमा पाइएको कुरालाई संग्रहका विभिन्न कथाहरूको सन्दर्भमा अवलोकन गर्न सकिन्छ अनि सकिन्छ दुःखरूपी सन्सारबाट मुक्त हुने विभिन्न उपाय र साधनहरूलाई मनोवैज्ञानिक ढंगले दिएका सदुपदेशहरू। त्यसैले सारांशमा संग्रहले मानव समुदायतिर फर्केर—

आरोग्यमिच्छे परमं च लाभं,
सीलं च वुद्धानुमतं सुतं च।
धम्मानुवत्ती च अलीनता च,
अत्थस्सद्वारा पमुखा छले'ति।

(अत्थस्सद्वार जातक पृ. ८२)

भन्दै आफूतिर डोऱ्याएको छ र आफूलाई अति आधुनिक ठान्ने कुनै पनि समाज वा व्यक्तिसँग प्रश्न गरेको छ कि के तिमीहरू उक्त गाथाको आशयभन्दा बाहिर जान सकेका छौ ?

अन्त्यमा—

९ वर्ष अघिदेखि दिनरात नभनी स्वास्थ्यको पनि वास्ता नगरी जसरी त्रिपिटक ग्रन्थहरूबाट विषयवस्तुहरू छानी नेपालीमा रूपान्तर गरी 'बुद्धकालीन ब्राह्मण' भाग १, २, ३ जस्ता १४ वटा संग्रहहरू प्रकाशित गरी पूज्य अमृतानन्द महास्थविरज्यूले नेपाली साहित्य भण्डार भरिदिनु भएको छ त्यसरी नै जातक कथाले अपूरो भइरहेको नेपाली साहित्य भण्डारलाई पनि भरिदिने दोश्रो योजना अनुसार पाली (मागधि) बाट रूपान्तर गरी पाली शैलीमै यो 'जातक संग्रह' भाग १ प्रकाशित गर्नुभएको छ। यसप्रकारको अङ्गपूर्ण कथासंग्रह भित्र्याउन नेपाली साहित्यलाई अहिलेसम्म पर्खन पऱ्यो। यसरी नेपाली साहित्यप्रति लगाइरहनु भएको गुण यो साहित्य बाचुन्जेलसम्म बिर्सन सक्ने छैन भन्ने मेरो धारणा छ।

यो संग्रहको भाषा शैली मुख्यत उपदेशपूर्ण कथात्मक शैलीमा लेखिएको छ र अनुवादकज्यूले पाली (मागधि) जातक कथाकै शैलीमा अनुवाद गरिदिनु भएकोले त्यसबेलाको भाषा साहित्यको स्वरूप चित्र कसैले पनि कुनैलाई गुरु थाप्नु नपर्ने भएको छ।

हुनत आजको, भाषाविकास क्रममा तत्कालीन समयको शैलीले पूर्णतया मेल नखानु स्वाभाविकै हो तैपनि विशेष ध्यानदिएर पढ्दा यति

रोचक, बोधगम्य र मनोवैज्ञानिकता सम्पन्न देखिन्छ जसबाट असन्तोष ब्यक्त गर्ने ठाउँ देखिंदैन । यस सम्बन्धी विभिन्न कुराहरूमाथि उल्लेख गरिसकेको छु । अब सांच्चै भन्ने हो भने मानिसलाई सम्झाउन बुझाउनकोनिमित्त प्रयोग गरिएको भाषा शैलीमा यति माधुर्यता र रोचकता छ जसलाई दांजदा आधुनिक भाषाशैलीकै ह्राराहारीमा आउँछ। यसलाई सामान्यरूपले होइन भाषाविज्ञानको आँखाले हेर्नुपर्दछ। अर्को कुरा पाली र संस्कृत शब्दमा विभिन्न ठाउँमा साम्यता देखिए पनि दुवै ब्याकरणको नियममा परस्पर भिन्नता भएकोले यो १९४ पृष्ठ भएको संग्रहले ठाउँ ठाउँमा र शीर्षकमा पालि शब्द नै प्रयोग गरेको छ। जस्तै—कोसिय, अवारिय, सीलवीमंस, साधुसील, सीलानिसंस, जन्ताघर आदि जस्ता शब्बहरूलाई संस्कृत ब्याकरणका आँखाले मात्र हेर्ने बानी नबनोस् र यो पढ्दा अत्याधुनिक आंखाले मात्र पनि नहेरियोस् भन्ने सल्लाह दिंदै मेरो 'भूमिका' ले अहिलेलाई यहीं बिश्राम लिएको छ।

– वटुकृष्ण "भूषण"

विजयेश्वरी,

स्वयम्भू, काठमाडौं

११–७–२०३६

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

बुद्ध वाङ्मय पालि त्रिपिटक साहित्यको रूपरेखा आंशिकरूपमा भएपनि नेपाली राष्ट्र भाषामा उपलब्ध हुनसकोस् भन्ने एकमात्र आकांक्षा अनुरूप अहिलेसम्म बुद्धकालीन ब्राह्मणादि नामहरूले जम्मा १४ वटा ग्रन्थहरू प्रकाशित भइसकेका छन् । यी ग्रन्थहरूमा धेरै जसो सूत्र र विनयका कुराहरू संग्रहित भएका छन् र यत्रतत्र अभिधर्मको केही झलक पनि । अझ भन्ने हो भने धेरैजसो सूत्रपिटकका कुराहरू नै संग्रहित भएका छन् भन्दा अतिशयोक्ति नहोला ।

त्रिपिटक पालि साहित्यलाई नौ अंगमा विभाजन गरिएको छ । अर्थात् सारा बुद्धवचन यिनै नौ अंगभित्र समावेश भएका छन् । जस्तै—

(१) सुत्तं (=उपदेशमाला), (२) गेय्यं (=गद्य र पद्य), (३) वेय्याकरणं (=अभिधर्म), (४) गाथा (=गाथामात्र), (५) उदानं (=उद्‌गार वाक्य), (६) इतिवुत्तकं (=वुत्तं हेतं

भगवता' भन्ने वाक्य भएको सूत्र), (७) जातकं (=पूर्वजन्मका कुरा), (८) अब्भुत धम्मं (=आश्चर्यजनक कुरा) र (९) वेदल्लं (=प्रश्नोत्तर भएको सूत्र[1]) ।

'जातक' त्यो उपदेशको अंग हो जसमा बुद्धका पूर्वजन्मका कुराहरू संग्रहित भएका छन् । अर्को शब्दमा भन्ने हो भने बोधिसत्वले विभिन्न योनिमा जन्म लिई गरेका कथानक चित्रको प्रष्टरूप नै जातक हो भन्न सकिन्छ । जातक शब्दको अर्थ प्रकाश पार्दै समन्तपासादिकाले[2] यसरी उल्लेख गरेको छ—

"अपण्णकजातकादीनि पञ्ञासाधिकानि पञ्च जातक सतानि जातकंति वेदितब्बं ।"

अर्थात्—अपण्णक जातकादि पाँचशय पचास (५५०) जातकलाई 'जातक' भनिएको हो ।

समन्तपासादिकाले ५५० जातक भने तापनि वास्तवमा जातक साहित्यमा जम्मा पाँचशय पैंतीस (५३५) वटा मात्र पाइएका छन् । यो जातक साहित्यलाई पालि साहित्य मध्येको सरल साहित्य भन्न सकिन्छ । अतः यसपाली मैले सूत्रहरूको संग्रह गर्ने कार्यलाई स्थगित राखी जातक साहित्यको संग्रह गर्नेतिर हात बढाएको हुँ ।

---

१. हेर्नू लेखकको बुद्धकालीन ब्राह्मण भाग–२ को पृष्ठ ३०१ को पाद-टिप्पणी ।

२. I. पृ. १६: पठम महासंगीतिवण्णना, बाहिरनिदानकथा ।

जातकमा विभिन्न पात्रहरूका कारणमा बताइएका कुराहरू संग्रहित छन् । जस्तै एक ब्राह्मणको कारणमा, एक स्त्रीको कारणमा, एक मानिसको कारणमा, कोशल राजाको कारणमा र देवदत्तको कारणमा आदि । अतः हेरौं कुन कुन पात्रलाई कति कतिवटा जातकका अर्थात् पूर्वजन्मका कुराहरू बुद्धले बताउनु भएको रहेछ ।

सन् १९३८-३९ तिरको कुरा हो । जब म श्रीलंकाको विद्यालंकार परिवेणबाट आई कोलम्बो, बम्बलपिटिय स्थित सुप्रसिद्ध वजिरारामयमा बसिरहेको थिएँ । तब मलाई अधिबसेको विद्यालंकार परिवेणका साथी भिक्षुहरूले "शीलवान् बन्नकोनिमित्त वजिरारामयमा गएको होला" भनी गिज्याउने गर्दथे । तर मलाई वजिरारामयको शान्त तथा गम्भीर वातावरण सारै मनपर्थ्यो । हो, त्यहाँ परिवेणमा कैं क्लाशको रूपमा पढाउने काम हुदैनथ्यो र धेरैजसो स्वाध्यायन नै हुन्थ्यो । शायद वर्षको एक दुइ पटक, त्यो पनि एक वा डेढ महीनाको लागि बिहान पख एकघण्टा जति हाम्रा परमपूज्य आचार्य प्यालाने श्री वजिरञ्ञान महानायक महास्थविरज्यूले आफ्ना शिष्य-हरूलाई सामुहिक रूपमा पढाउनु हुन्थ्यो । तर त्यो अति उच्चकोटीको हुन्थ्यो । तैपनि त्यसमा सम्मिलित हुन जान्थें ।

सांच्चै भन्ने हो भने वजिरारामयमा आइसकेपछि सर्वप्रथम मलाई पालि अंग्रेजी र सिंहल भाषा सिकाउने मेरा गुरु पूज्यवर पियदस्सी महास्थविर हुनुहुन्थ्यो । हो, कहिले काँहि पूज्यवर मेत्तेय्य महास्थविरसँग पनि पालि र अंग्रेजी सिकेको थिएँ । तर वहाँ धेरैजसो

बिरामी नै हुनुहुन्थ्यो । वहाँ एक साँचिचकै बोधिसत्व महास्थविर हुनुहुन्थ्यो ।

त्यसबखत मेरो भित्री हृदयमा त्रिपिटक पालि साहित्य जम्मै पढूँ भन्ने इच्छा थियो—चाहे त्यो बुझियोस् चाहे नबुझियोस् । संस्कार त बन्ने छ भन्ने मेरो धारणा थियो । अभिधर्मपिटक बाहेक सबै सूत्र र विनयपिटक पनि पढें । अभिधम्मपिटकमध्ये धम्मसंगणी, विभङ्ग, कथावत्थु र पुग्गलपञ्ञत्ति पढें । जब म कुनै मूलपालिको पुस्तक पढदथें तब अट्ठकथा र पाएमा टीका समेत साथमा राखी हेर्ने गर्थें—केही बुझ्न नसकेता पनि त्यसबखत मैले आफ्नै विचारले दैनिक कार्यक्रम बनाएको थिएँ । त्यो थियो बिहान एक पुस्तक पढे दिउँसो अर्को; दिउँसो एक पुस्तक पढे राति अर्को । यसो गर्नाले यौटाबाट नबुझेको अर्कोबाट बुझ्दथें र अर्कोबाट नबुझेको कुरा फेरि अर्कोबाट बुझ्दथें । यो पनि निर्धारित समयभित्र मात्र पढ्दथें तर अटूट । त्यसबखत त्यस उमेरमा रातको ९ बज्दाखेरि नै मलाई नीदले सताउँदथ्यो । जहाँ कि आजकल खासगरी बिरामी भएदेखि यता निदाउनको लागि दिनहुँ कै 'कम्पोस्' ट्याब्लेट खान परिरहेको छ । उपरोक्त क्रमले पुस्तक हेर्दै जाँदा सूत्र तथा जातकहरूको अकारादि क्रममा सूची बनाउने इच्छा भयो र तदनुसार शब्दहरू टिप्दै गएँ तथा आफ्नै सुविधाकोनिमित्त सारा सूत्र, विनय र जातकको सूची सन् १९४१ तिर तयार पारें । आज त्यो सूचीले धेरै सघाउ पुऱ्याउँदै छ । यति मात्र होइन नेपाल आइसके पछि पनि कुन कथा कहाँ रहेछ भन्ने खोज गर्न सुविधाको लागि धम्मपदट्ठकथा, थेर-थेरी गाथा अट्ठकथा आदि-

हरूको पनि अकारादि क्रममा सूची तयार पारेको थिएँ। आज यी सूचीहरूले धेरै काम दिइरहेका छन्। अभाग्यवश सूत्रहरूको सूची लेखिराखेको कापी कुनै भिक्षुलाई दिएको जस्तो लाग्छ तर आजसम्म सो पाउन सकेको छैन।

जब प्रस्तुत जातक संग्रह नामक पुस्तक अनुवाद गर्ने विचार मनमा उठ्यो तब सर्वप्रथम सोही सूचीतिर ध्यानगयो। किन्तु यो थियो केवल जातकको नामहरूको सूची मात्र। कसको कारणमा कतिवटा जातक बताइएका रहेछन् भन्ने कुरा चाहिं यसबाट थाहापाउन गहारो भएपछि पुनः सोही अनुसार क्रमानुसार पुस्तक हेरी सूची तयार पारें। जस अनुसार कसको कारणमा कतिवटा जातक बताइएका रहेछन् भन्ने कुरा निम्न क्रमबाट ज्ञात हुने छ र यसमा जम्मा एकशय बाउन्न (१५२) पात्रहरू बन्। जस्तै —

१. अङ्गुलिमालको	कारणमा	१
२. अजातशत्रुको	"	५
३. अत्तज्झासय सकुणोवादको	"	१
४. अर्धपर्णशाला भिक्षुको	"	१
५. अनभिरत ५०० जना भिक्षुको	"	१
६. अनाथपिण्डिकको	"	१८
७. अग्निहोत्रको	"	१
८. अनेसनाको	"	१
९. अम्बगोपकको	"	१

१४२. साकेत ब्राह्मणको	कारणमा	१
१४३. सागत थेरको	"	१
१४४. सारिपुत्रको	"	१८
१४५. सीहसेनापतिको	"	१
१४६. सुप्पवासा कोलियधीताको	"	१
१४७. सुन्दरी (परिब्राजिका)	"	१
१४८. सुनक्खत्त लिच्छवीको	"	१
१४९. सेणि मण्डनको	"	२
१५०. हाँस मार्ने भिक्षुको	"	२
१५१. ज्ञाति कलहको	"	१
१५२. ज्ञात्यार्थचर्याको	"	४

जम्मा पाँचशय पैंतीस (५३५)

यी पात्रहरूमध्येमा कुन पात्रलाई लिएर भगवान् बुद्धले पहिलो पटक जातकको कुरा बताउनु भएको रहेछ भन्नेतिर विचारगरी बुद्ध-जीवनीको सिलसिलेवारको कुरामाथि समीक्षा गरी हेर्दा महानारद कस्सप जातकको कुरा पहिलो पटक बताउनु भएको हो भन्ने कुराको निश्चयमा आउन सकिन्छ ।

भगवान् बुद्धले बुद्धत्व प्राप्तगर्नु भई सारनाथ ऋृषिपतन मृगदावनमा पञ्चभद्रवर्गियलाई धर्मचक्र प्रवर्तन गरिसक्नु भएपछि पहिलो वर्षावास वहाँले ऋृषिपतन मृगदावनमै बिताउनु भएको कुरा सबैलाई थाहा भएकै कुरा हो ।

त्यसपछि ऋृषिपतन मृगदाबनबाट वहां राजगृहतिर लाग्नु हुंदा बाटाको बीचमा वहांले उरुवेळ कश्यप आदि तीन दाजुभाइ जटिलहरूलाई दमन गरी बुद्धधर्ममा प्रवेश गराई क्रमशः राजगृहको यष्ठिवनमा पौष पूर्णिमाको दिनमा[1] पुग्नु भएको थियो र राजगृहमा वहांले हेमन्तऋृतु[2] को दुइमहीना बिताउनु भई[3] पछि वहां कपिलवस्तुमा जानुभएको थियो[4] ।

भगवान् बुद्ध राजगृहको यष्ठिवनमा आइपुग्नु भएको खबर त्यस वनको पालेद्वारा पाएपछि लाखौं मानिसहरूका साथ राजा बिम्बिसार त्यहां गएका थिए । त्यसबखत त्यहाँ भेला भएका मानिस-हरूले उरुवेळ कश्यप आदि एकहजार परिवार भएका तीन दाजुभाइ जटिलहरूलाई भिक्षु भेषमा देखेर उनीहरूको मनमा यस्तो सन्देह भयो कि बुद्ध भगवान् उनीहरूका शिष्य हुन् कि उनीहरू बुद्ध भगवान्का शिष्य हुन् ?

---

१. हेर्नू लेखकको बु. रा. भा-१, पृ. १३५: राजा शुद्धोदनको परिचयमा ।

२. पालि साहित्यमा वर्षको तीन ऋतु मात्र बताइएको छ । ती हुन्— वर्षाऋतु, हेमन्तऋतु र गृष्मऋतु । आषाढ पूर्णिमाको भोलिपल्ट-देखि वर्षाऋतु शुरु हुन्छ ।

३. जा. अ. क. VII. पृ. ४२०: महावेस्सन्तरजातकं, नं. ५४७.

४. हेर्नू लेखकको बु. रा. भा—१, पृ. १३५ मा ।

उनीहरूको मनमा यस्तो सन्देह भइरहेको कुरा बुझ्नुभई बुद्धले उनीहरूको सन्देह दूर गराउने विचारले उरुवेल कश्यपसँग "हे कश्यप! किन तिमीले अग्निहोत्र आदि गर्ने व्रत छाडेका हौ?" भनी सोध्नु भएपछि त्यसको कारण बताउँदै उरुवेल कश्यपले आफू सर्वज्ञबुद्धको शिष्य हुँ भन्दै सभाबाट उठी तीनपटकसम्म आकाशमा गई ओर्लहँदै भगवान्‌को चरणकमलमा शीरले ढोगेपछि भेला भएका सबैले सर्वज्ञ-बुद्धको प्रशंसा गरे।

अनि भगवान्‌ले "अहिले सर्वज्ञबुद्धत्व प्राप्तगरिसकेको बेलामा मात्र उरुवेल कश्यपको मिथ्यादृष्टिलाई हटाई दमन गरेको होइन बुद्ध हुनुभन्दा अघि पनि स-क्लेशी छँदा नारद भन्ने ब्रह्मा भएको बेलामा पनि उनको मिथ्यादृष्टिलाई हटाई दमन गरेको थिएँ" भनी भन्नुहुँदा उनीहरूले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु हुँदै महानारदकस्सप[१] जातकको कुरा बताउनु भएको थियो।

यही नै बुद्धले सबभन्दा पहिलो पटक बताउनु भएको जातक हो।

पहिलो पटक बताउनु भएको उक्त जातक हो भने अन्तिम पटक बताउनु भएको जातक कुनचाहिं रहेछ त भन्ने कुराको जिज्ञासा पाठक-हरूको मनमा हुनु स्वाभाविकै हो।

---

१. जा. अ. क. VII. पृ. १९४, नं. ५४४; हेर्नू लेखकको बु. रा. भा–१, पृ. १२–१३: राजा बिम्बिसारको परिचय।

८० वर्षको उमेरमा भगवान् बुद्ध महापरिनिर्वाण हुनकोनिमित्त कुशीनगरतिर लागि रहनु भएको बेलामा आनन्द महास्थविरले "यस्तो स्यानो गाउँमा परिनिर्वाण हुनुभन्दा अरू कुनै ठूलो शहरमा परिनिर्वाण हुनुभए राम्रो हुन्थ्यो" भनी भन्नुहुँदा "आनन्द ! यसो नभन। अतीत समयमा यो ठाउँ राजा महाशुदर्शन (महासुदस्सन) को कुशावती भन्ने समृद्धशाली राजधानी थियो" भन्नुहुँदै महासुदस्सन जातकको कुरा बताउनु भएको थियो[१] ।

अतः यसै जातकलाई अन्तिम पटक बताउनु भएको जातक हो भन्ने कुराको निष्कर्षमा पुगिएको छ ।

उपरोक्त १५२ पात्रहरूमध्येमा क-कसको कारणमा कति कति पटक पूर्वजन्मका कुरा बताइएका रहेछन् भन्ने कुरातिर दृष्टिपात गर्दा कसैको कारणमा एक पटक मात्र भए कसैको कारणमा दुइ तीन चार पटक गरी जम्मा पचपन्न (५५) पटकसम्म पनि बताइएका जातकहरू पाइएका छन् ।

यसरी बताइएका कथा भएको जातकको संख्या जम्मा पाँचशय पैंतीस (५३५) वटा मात्र छन् । बाँकी अरू पन्द्रह (१५) जातकहरू चाहिं फलाना जातकमा उल्लेख भइसकेका छन् भन्ने मात्र उल्लेख भएको छ । त्यसमध्ये उम्मग्ग जातकमा उल्लेख भइसकेका छन् भनी भनिएका जातकहरू एघार (११) वटा, कुणाल जातकमा उल्लेख

१. दी. नि II. पृ. ११३ र जा. अ. क. I–II. पृ. २८९, नं. ९५.

भइसकेका छन् भनी भनिएका जातकहरू दुइ (२) वटा, पुण्णक जातकमा उल्लेख भइसकेको छ भनी भनिएको जातक यौटा (१) र सुधाभोजनमा उल्लेख भइसकेको छ भनी भनिएको यौटा (१) गरी जम्मा पन्द्रह (१५) वटा छन् ।

माथि लेखिएका ५३५ वटा जातकमा यी १५ वटा जोडदा जम्मा पांचशय पचास (५५०) वटा, जातकहरू हुन आउँछन् । खास भन्ने हो भने कथा भएका जातकहरू पांचशय पैंतीस (५३५) वटा मात्र छन् ।

उपरोक्त १५२ पात्रहरूमध्येबाट यस संग्रहमा जम्मा ९ पात्रहरूका ३२ वटा जातकका कुराहरू मात्र अनुवाद गरिदिएको छु । जस्तै—

१. एक ब्राह्मणको कारणमा बताइएका – १२

१. साकेत जातक नं. ६८, जा. पा. I. पृ. ७७, अ. क. I–II. पृ. २२७.

२. सीलवीमंस जातक नं. ८६, जा. पा. I. पृ. २१, अ. क. I–II. पृ. २७२.

३. मङ्गल जातक नं. ८७, जा. पा. I. पृ. २१, अ. क. I–II. पृ. २७४.

४. अम्ब जातक नं. १२४, जा. पा. I. पृ. २८, अ. क. I–II. पृ. ३३३.

५. असिलक्खण जातक नं. १२६, जा. पा. I. पृ. २८, अ. क. I–II. पृ. ३३७.

६. उपसाल्हक जातक नं. १६६, जा. पा. I. पृ. ३९, अ. क. I–II. पृ. ४१५.

७. अनभिरत जातक नं. १८५, जा. पा. I. पृ. ४४, अ. क. I–II. पृ. ४४६.

८. साधुसील जातक नं. २००, जा. पा. I. पृ. ४९, अ. क. I–II. पृ. ४७१.

९. सीलवीमंस जातक नं. २९०, जा. पा. I. पृ. ८१, अ. क. I–II. पृ. ६६१.

१०. सीलवीमंस जातक नं. ३३०, जा. पा. I. पृ. १००, अ. क. III. पृ. ७०.

११. सीलवीमंस जातक नं. ३६२, जा. पा. I. पृ. ११९, अ. क. III. पृ. १३४.

१२. काम जातक नं. ४६७, जा. पा. I. पृ. २३८, अ. क. IV. पृ. १६७.

२. एक दानपतिको कारणमा बताइएको – १

१३ अकित्ति जातक नं. ४८०, जा. पा. I. पृ. २५८, अ. क. IV. पृ. २१८.

३. एक केटाको कारणमा बताइएका – २

१४. अत्थस्सद्वार जातक नं. ८४, जा. पा. I. पृ. २०, अ. क. I–II. पृ. २७०.

१५. पदमाणवक जातक नं. ४३२, जा. पा. I. पृ. १८४, अ. क. IV. पृ. १५.

४. एक माझीको कारणमा बताइएको – १

१६. अवारिय जातक नं. ३७६, जा. पा. I. पृ. १२८, अ. क. III. पृ. १५९.

५. एक कुमारीको कारणमा बताइएका – ३

१७. बीणाथून जातक नं. २३२, जा. पा. I. पृ. ५९, अ. क. I–II. पृ. ५२७.

१८. असिताभू जातक नं. २३४, जा. पा. I. पृ. ६०, अ. क. I–II. पृ. ५३२.

१९. सुवण्णमिग जातक नं. ३५९, जा. पा. I. पृ. ११७, अ. क. III. पृ. १२६.

६. एक दरीद्रको कारणमा बताइएको – १

२०. कुण्डपूवक जातक नं. १०९, जा. पा. I. पृ. २५, अ. क. I–II. पृ. ३१२.

७. एक स्त्रीको कारणमा बताइएका – ३

२१. उच्छङ्ग जातक नं. ६७, जा. पा. I. पृ. १७, अ. क. I–II. पृ. २२६.

२२. कोसिय जातक नं. १३०, जा. पा. I. पृ. २९, अ. क. I–II. पृ. ३४३.

२३. कक्कटक जातक नं. २६७, जा. पा. I. पृ. ७२, अ. क. I–II. पृ. ६०६.

८. एक व्यापारीको कारणमा बताइएका – २

२४. जरुदपाद जातक नं. २५६, जा. पा. I. पृ. ६८, अ. क. I–II. पृ. ५७६.

२५. महावाणिज जातक नं. ४९३, जा. पा. I. पृ. २९३, अ. क. V. पृ. ५६.

९. एक उपासकको कारणमा बताइएका – ७

२६. अभिण्ह जातक नं. २७, जा. पा. I. पृ. ८, अ. क. I–II. पृ. १४३.

२७. फल जातक नं. ५४, जा. पा. I. पृ. १४, अ. क. I–II. पृ. २०९.

२८. दुराजान जातक नं. ६४, जा. पा. I. पृ. १६, अ. क. I–II. पृ. २२०.

२९. अनभिरति जातक नं. ६५, जा. पा. I. पृ. १६, अ. क. I–II. पृ. २२२.

३०. असंकिय जातक नं. ७६, जा. पा. I. पृ. १८, अ. क. I–II. पृ. २४४.

३१. जागर जातक नं. ४१४, जा. पा. I. पृ. १६३, अ. क. III. पृ. २८५.

३२. सीलानिसंस जातक नं. १९०, जा पा. I. पृ. ४६, अ. क. I–II. पृ. ४५४.

उपरोक्ताकारले सोचविचार गरिसकेपछि २०३६ साल आषाढ २६ गतेदेखि अनुवाद कार्य शुरुगरें र भाद्र २८ गतेसम्म ३२ वटा जातकहरू अनुवाद गरी सिध्याएँ । तदनन्तर प्रेसमा पनि पठाइदिएँ ।

यो भनिरहनु पर्ने होइन कि भाषा संशोधनका साथ अनेक सुझाउहरू प्राध्यापक श्री बटुकृष्ण 'भूषण' एम्. ए. बाट सधैं झैं सहयोग नपाएको होइन । वहाँको सहयोग विना म एक्लैले यो कार्य गर्न नसक्ने कुरा योभन्दा अघि अघिका प्राक्कथनहरूमा लेखि नै सकेको छु ।

त्यस्तैगरी शब्दावली आदिको प्रारम्भिक लेखाइको साथ अन्तिम प्रूफ हेरिदिनु भएको बारेमा आयुष्मान् कुमार काश्यपलाई र प्रारम्भिक शब्दहरू छुट्याइदिनु भएकोमा आयुष्मान् महानामलाई पनि धन्यवाद ज्ञापन गरेको छु । अन्तमा प्रेसमा गई दिनहुं झैं प्रूफ ल्याउने र लैजाने श्री खड्गबहादुर उपासकलाई र प्राक्कथनको रूपान्तर अंग्रेजीमा गरिदिनु भएकोमा प्राध्यापक श्री आशाराम शाक्य एम्. ए. लाई पनि हार्दिक धन्यवाद दिएको छु । काठ्र र

छपाइको भाऊ अघिभन्दा धेरै गुना बढिसकेतापनि प्रस्तुत पुस्तक पनि आनन्दकुटी विहारगुठीको तरफबाट छपाइदिने गुठीका सदस्य-सचिव श्री तीर्थनारायण मानन्धर लगायत गुठीका सबै सदस्यहरुलाई धन्यवाद नदिई रहन सक्दिन ।

चिरं तिट्ठतु सद्धम्मो ।

– भिक्षु अमृतानन्द

आनन्दकुटी बिहार,
स्वयम्भू, काठमाडौं,
नेपाल ।
२०३६ मार्ग १४ गते शुक्रबार
फोन : १४४२०

Namo Tassa Bhagavato Arahato Sammasambuddhassa.

FOREWORD

With a view to making Pali literature of Buddhism specially Tripitaka, available, though only in part, in our national language, that is Nepali, fourteen volumes have been published by now under the title of Brahmans of the time of the Buddha. In these volumes mostly discourses and facts about Vinaya, the disciplinary codes for the monks, have been included though philosophical discourses also creep in here and there. It would, however, not be an exaggeration to say that facts about the Sutra Pitaka, the basket of the discourses, have only been collected in them.

The Pali Canon has been divided into nine parts. In other words all the discourses the Buddha had delivered have been included in them. For example :—

(1) Suttam (collection of discourses.) (2) Geyyam (Poetry and prose.) (3) Vaiyyakaranam (Philosophy) (4) Gatha (Recitations of Slokas only) (5) Udana (Statements on emancipation) (6) Itivuttakam (Discourses containing the statement :—Vuttam Hetam Bagavata). (7) Jatakam (Stories of the Buddha's previous births) (8) Abbhuta Dhammam (Miracles) and (9) Vedallam (Discourses in Questions and Answers). Of these nine classifications, volumes on the lay-people of Buddha's time have covered everything except Jataka.

Jataka is the collection of discourses which deal with the past births of Lord Sakyamuni. In other words Jataka stories are the expression of what Lord Buddha had done in his previous births as a Boddhisattva. Explaining the term 'Jataka' and its connotations the Samantapasadika says :—

"Apannaka jatakadini Pannasadhikani
Pancha jatak satani jatakm'ti veditabbam"

(550 Jataka stories like Apannaka Jataka are termed jataka).

Although Samantapasadika makes a mention about 550 Jataka stories, there are in fact only 535 Jataka stories. The Buddhist Jataka literature can be called the simple Pali literature of the Pali-Canon. I have, therefore,

directed my attention to collecting Jataka literature by suspending for the time being the collection of discourses in Pali.

Jataka stories contain a collection of facts about various characters. For example, there are facts about a Brahmin, a woman, a man, the king of Koshala, Devadatta etc. Let us, therefore, see how many things the Buddha had said about the different characters concerned with his previous lives.

In 1938/1939 when I was staying at Vajiraramaya in Bambalpitiya, Colombo, Sri Lanka, after studying in Vidyalankara Pirivana of Sri Lanka, my friends from Vidyalankara Pirivena used to ridicule me saying that I was staying in Vajiraramaya for being very disciplined in moral strength. But, in actuality, I very much liked the calm and peaceful atmosphere in Vajiraramaya temple. Of courses in Vajiraramaya, there were no regular classes as in Vidyalankara Pirivena and monks would undertake their study by themselves. Perhaps once or twice in a year, the most venerable Palene Sri Vajiranyana Mahanayaka Mahasthabir would teach his disciples collectively for about one and half hour. But his teaching would be of high order and still I used to attend his classes.

In fact, it was in Vajiraramaya temple that I learnt Pali, English and Sinhalese for the first time after coming from Vidyalamkara Pirivena and Ven'ble Piyadassi Mahasthabir was my teacher. Of curses, Ven'ble Metteyya Mahasthabir also was kind to help me in learning Pali and English every now and then, but most of the time he would not be feeling well. He was, indeed, a Bodhisattva monk.

I was very much determined to undertake the study of the Tripitaka, the whole of Pali Canon, though I may not understand them fully. My idea was to develop in me the spiritual insight from it. I undertook the study of all the Sutras—and Vinaya Pitaka except Abhidhamma Pitaka. Of the Abhidhamma Pitaka, I studied only Dhammasangani, Vibhanga, Kathavatthu and Puggala Pannatti. I used to study Pali Canon along with their commentaries and if available with sub-commetaries as well, even though I would often fail to grasp their main ideas. I had prepared my own daily programme.

If I would read a book in the morning, I would take another book in day time and still another at night. Things which are not clear to me in one book are explained by other books and still another book would help me if I fail to understand from the previous book.

I would read them only during the fixed time but without a break. At that time, at that age of my life sleep would overcome me before it was nine. At present, of course, since my illness even with the help of tranquilisers, I would not get sleep. While undertaking this study, I had a desire to prepare a list of the sutras and the Jataka stories in alphabetical order and went on making notes and prepared the complete list of Sutras, Vinaya and Jatakas in 1941. For me this list has proved to be of immense help today. Besides them, even when I came to Nepal I had also prepared a list of Dhammapada Attha Katha and Thera—Therigatha Attha Katha in alphabetical order to make it convenient for carrying researches into the original location of the stories, and it has been rendering the best of help to me but unfortunately the exercise book with the list of the Sutras was lost and no trace of it has been found.

When I thought of translating the present volume, my attention was first drawn towards that list but that was only the list of the titles of the Jatakas. But it was found difficult to know as to number of Jataka stories with reference to different characters concerned. I again prepared the second list with the help of the first. As a resuflt we are now in a position to have a good idea of

the number of the Jataka stories told with reference to different eharacters concerned. Accordingly it has been possible for me to prepare a list of the Jataka stories told with reference to different characters. This list consists of 152 characters.

(1) One Jataka is with reference to Angulimala.

(2) Five Jatakas are with reference to Ajatasatru.

(3) One Jataka is with reference to Attajjhasaya Sakunovadasuttam.

(4) One Jataka is with reference to Addhapannasala Bhikkhu.

(5) One Jataka is with reference to Anabhirata 500 Bhikkhus.

(6) Eighteen Jatakas are with reference to Anathapaindika.

(7) One Jataka is with reference to Agnihotra.

(8) One do do do to Anesana.

(9) One do do do to Ambagopaka.

(10) One do do do to Ahivatakaroga.

(11) One do do do to Agantuka Setthi.

(12) Fourteen Jatakas are with reference to Ananda.

(13) One Jataka is with reference to Anandabodhi.

(14) One Jaṭaka is with reference to Aṭtana vassapita vassam.

(15) One Jataka is with reference to Indriyasamvara.

(16) Thirty one Jatakas are with reference to Ukkantthita Bhikkhus.

(17) One Jataka is with reference to Uttara Setthi Putra.

(18) One do do do to Udyana Dusaka.

(19) One do do do to Udapana Dusaka.

(20) One do do do to Udyanapala Putta.

(21) Two Jatakas are with reference to Udena Raja.

(22) One Jataka is with reference to Upananda Bhikkhu.

(23) One Jathka is with reference to Upananda Sakka.

(24) Seven Jatakas are with reference to Uposatha.

(25) One Jataka is with reference to Uruvela Kassapa.

(26) Two Jatakas are with reference to a Ajivaka.

(27) Eight Jatakas are with reference to a Upasaka.

(28) Thirteen Jatakas are with reference to a Kutumbika.

(29) Three do do do to a Kumarika.

(30) Three do do do to Kutavanija.

(31) One Jataka is with reference to one dog.

(32) Two Jatakas are with reference to a Titthiya.

(33) One Jataka is with reference to a Poor man.

(34) One do do do to a Danapati.

(35) Two Jatakas are with reference to a Pannika Upasaka.

(36) One Jataka is with reference to a Putadusaka.

(37) Two Jatakas are with reference to a Son.

(38) One Jataka is with reference to a Vikathita Bhikkhu.

(39) Two Jatakas are with reference to a Businessman.

(40) Twelve Jatakas are with reference to a Brahmin.

(41) Twenty seven Jatakas are with reference to a Bhikkhu.

(42) Two Jatakas are with reference to a Bhikkhuni.

(43) Five do do do to a Old Bhikkhu.

(44) One Jataka is with reference to a Man.

(45) One do do do to a Boat-man.

(46) Three Jatakas are with reference to a Woman.

(47) One Jataka is with reference to a Licchavi

(48) One do do do to a Deaf Upasika.

(49) One do do do to Omasavada Sikkhapade.

(50) One do do do to Kokalika Bhikkhu.

(51) One do do do to Kanamata Upasika.

(52) One do do do to Kamanita Brahmana.

(53) One do do do to Kimsukopama Suttam.

(54) Three Jatakas are with reference to Kutikara Sikkhapada.

(55) One Jataka is with reference to Kutumbikaputta Tissatthera.

(56) One Jataka is with reference to Kumarakassapa Theramata.

(57) Fifteen Jatakas are with reference to Kuhaka Bhikkhu.

(58) Two do do do to Kelisila Bhikkhu.

(59) Two do do do to Some Old Bhikkhu.

(60) Eight do do do to Kokalika Bhikkhu.

(61) Thirty do do do to Kosala Raja.

(62) Two do do do to Kosambi Kalaha.

(63) One Jataka is with reference to Ganabhojana.

(64) One do do do to Cammasataka Paribbajaka.

(65) Two Jatakas are with reference to Cincamanavika.

(66) One Jataka is with reference to Cittahatta Sariputta.

(67) One do do do to Civaravaddhaka Bhikkhu.

(68) One do do do to Cumbata Kalaha.

(69) One do do do to Cullapantha Thera.

(70) One do do do to Cullapindapatika Tissatthera.

(71) One do do do to Chandakadanaka.

(72) Two Jatakas are with reference to Chavaggiya Bhikkhu.

(73) One Jataka is with reference to Janapada Kalyani Suttam.

(74) Six Jatakas are with reference to Thullakumari Palobhana.

(75) One Jataka is with reference to Thullananda Bhikkhuni.

(76) One do do do to Dallhadhammasuttam.

(77) One do do do to Davagginibbana.

(78) One do do do to Dve Canda Bhikkhu.

(79) One do do do to Duttha Licchavi.

(80) Thirteen Jatakas are with reference to Dubbaca Bhikkhu.

(81) One Jataka is with reference to two old Bhikkhus.

(82) One do do do to Vuddhapabbajjita.

(83) One do do do to Balikamma.

(84) Fiftyfive Jatakas are with reference to Devadatta.

(85) One Jataka is with reference to Dhanuggahatissatthera.

(86) One do do do to Ajinnakena Kalakata Bhikkhu.

(87) One do do do to Nanda Bhikkhu.

(88) One do do do to Nalakadanda.

(89) One do do do to Namasiddhika Bhikkhu.

(90) One do do do to Nahapitaputta.

(91) Eleven Jatakas are with reference to Nekkhamma.

(92) One Jataka is with reference to Pandakalohitaka Bhikkhu.

(93) Three Jatakas are with reference to Palasi Paribbajaka.

(94) One Jataka is with reference to Aparissavetva Paniyan Pitan Bhikkhu.

(95) One do do do to 500 Uccittha Khadaka.

(96) One do do do to Pitiposaka.

(97) Eighteen Jatakas are with reference to Puranadutiyika.

(98) One Jataka is with reference to Puranasanthava.

(99) One do do do to Pesunnasikkhapade.

(100) One do do do to Pokkharavassa.

(101) One do do do Paccavekkhana.

(102) Twelve Jatakas are with reference to Pannaparami.

(103) One Jataka is with reference to Bakabrahma.

(104) One do do do to Bandhanagara.

(105) One do do do to Bodhirajakumara.

(106) One do do do to Bhaddajithera.

(107) One do do do to Bhaddiyathera.

(108) One do do do to Bhesajja Sannidhikara

(109) One do do do to Matakabhatta.

(110) Four Jatakas are with reference to Mallikadevi.

(111) Two do do do to Mahakassapa.

(112) Ten do do do to Matiposaka.

(113) One Jataka is with reference to Maradhitanam Palayanam.

(114) One do do do to Mittagandha Upasaka.

(115) Two Jatakas are with reference to Sitapatukammam.

(116) One Jataka is with reference to Mulapariyayasutta.

(117) One do do do to Mettasuttam.

(118) Four Jatakas are with reference to Moggallana.

(119) One Jataka is with reference to Mangalasuttam.

(120) One do do do to Yamakapatihariya.

(121) Two Jatakas are with reference to Rahula Kumara.

(122) One Jataka is with reference to Rahulamata.

(123) One Jataka is with reference to Rojamalla.

(124) One do do do to Rohininadi.

(125) One do do do Lakuntakabhaddiya.

(126) Four Jatakas are with reference to Laludayi Thera.

(127) Six do do do to Kilesaniggaha.

(128) Four do do do to Lokatthacariya.

(129) Nine do do do to Greedy Monk.

(130) One Jataka is with reference to Lolamakkata.

(131) One do do do to Losakatissatthera.

(132) One do do do to Vasabhakhattiya.

(133) Three Jatakas are with reference to Vipakkhasevi.

(134) One Jataka is with reference to Vissasabhojana.

(135) Two Jatakas are with reference to Visakhha Upasika.

(136) One Jataka is with reference to Visuddha Kilesa.

(137) Eleven Jatakas are with reference to Osatthaviriya.

(138) One Jataka is with reference to Veranjakanda.

(139) One do do do to Suddhidana.

(140) Two Jatakas are with reference to Sabbaparikkharadana.

(141) One Jataka is wiih reference to Samiddhathera.

(142) One do do do to Saketa Brahmana.

(143) One do do do to Sagatathera.

(144) Eighteen Jatakas are with reference to Sariputta.

(145) One Jataka is with reference to Sihasenapati.

(146) One do do do to Suppavasa Koliyadhita.

(147) One do do do to Sundari Paribbajika.

(148) One do do do to Sunakkhatta Licchavi.

(149) Two Jatakas are with reference to Senibhandana.

(150) Two do do do to Hansaghataka Bhikkhu.

(151) One Jataka is with reference to Natikalaha.

(152) Four Jataks are with reference to Natatthacariya.

While thinking about as to who was the first of all those persons the Buddha had referred to in his Jatak stories, we can come to conclude that Mahanarada Kassapa Jataka seems decidely to be the first one.

It is common knowledge that for the first time after his full enlightenment Lord Buddha had his first monsoon retreat in the Deer Park, Saranath, Benares after delivering the sermon on the Wheel of Law to the Pancabhadra Vaggiya, the first five disciples. He had then proceeded

towards Rajgriha and on the way he converted the three Kasyapa brother-saints including Uruvela Kasyapa into Buddhism and then reached Yasthivana in the full moon of November. After spending two winter months in Rajgriha, he proceeded towards Kapilavastu.

On hearing the news of the Buddha's arrival at Yasthivana in Rajgriha, King Bimbisara accompanied by a retinue of millions of people had gone there to pay respect to Lord Buddha. Then they saw there the three Kasyapa-brothers including the Uruvela Kasyapa along with their followers in yellow robes and they were confused about who was the teacher—Lord Buddha or the Kasyapa brothers.

The Buddha then knowing fully well about their confusion said to Uruvela Kasyapa—"why have you given up the rituals of sacrificial fires ?" Uruvel Kasyapa said in reply that he was the follower of the Supreme Englightened One and he got up from his seat, flew to the sky three times and then bowed down to the feet of Lord Buddha. Then the people assembled there highly praised Lord Buddha, the Supreme Enlightened One. Lord Buddha further told the assembly that he had enlightened Uruvela Kasyapa about his false views not only after he

had attained Supreme Enlightenment but also before he had became the Buddha. He had enlightened him when he was the Brahma called Narada. They then requested him to tell the story and the Buddha told the Jataka of Narada Kassapa.

This is the first Jataka story the Buddha told to his followers. If Narada Kassapa Jataka is the first Jataka story told by the Buddha which then is the last one ? It is quite natural for the readers to have the curiosity to know it.

At the age of eighty when Lord Buddha was on his way to Kushinagar for entering into Nibbana, Ven'ble Ananda had suggested to Him that it would be better for him to pass away in a big city rather than in this small village. The Buddha then told Ananda not to minimise the importance of Kushinagar as it had been the Kushavati, the most prosperous Kingdom of King Suddarshana in ancient time and then He told Ananda the Mahasuddassan Jataka story. It has been confirmed, therefore, that this is the last Jataka story ever told by the Buddha.

While trying to ascertain as to how many Jataka stories are told with reference to how many people, we come to know that some are concerned with one

character, while others are concerned with two or more. There are even fifty five Jataka stories concerned with one persons. There are altogether 535 Jataka stories told about and concerned with such characters. The rest 15 have just been refered to as mentioned in other Jataka stories. Jataka stories refered to as mentioned in Umagga Jataka are eleven, in Kunala Jataka two, in Punna Jataka one and in Sudhabhojana Jataka one. We get altogether five hundred fifty Jataka stories (535+15). In fact, there are only 535 Jatakas with feature stories.

Of the one hundred and fifty two persons mentioned in different Jataka stories, I have translated thirty two Jataka stories of nine persons. As for example :—

1. Twelve Jataka Stories are concerned with one brahmin.

1. Jp. I. p. 17. JA. I–II. p. 227: Saketa Jataka. No. 68
2. Jp. I. p. 21. JA. I–II. p. 272: Silavimansa Jataka. No. 86
3. Jp. I. p. 21. JA. I–II. p. 274: Mangala Jataka. No. 87
4. Jp. I. p. 28. JA. I–II. p. 333: Amba Jataka. No. 124
5. Jp. I. p. 28. JA. I–II. p. 337: Asilakkhana Jataka. No. 126
6. Jp. I. p. 39. JA. I–II. p. 415: Upasalha Jataka. No. 166

7. Jp. I. p. 44. JA. I–II. p. 446: Anabhirata Jataka. No. 185

8. Jp. I. p. 49. JA. I–II. p. 471: Sadhusila Jataka. No. 200

9. Jp. I. p. 81. JA. I–II. p. 661: Silavimansa Jataka. No. 290

10. Jp. I. p. 100. JA. III. p. 70: Silavimansa Jataka. No. 330

11. Jp. I. p. 119. JA. III. p. 134: Silavimansa Jataka. No. 362

12. Jp. I. p. 238. JA. IV. p. 167: Kama Jataka. No. 467

2. One Jataka Story is concerned with a donor.

13. Jp. I. p. 258. JA. IV. p. 218: Akitti Jataka. No. 480

3. Two Jataka Stories are concerned with a boy.

14. Jp. I. p. 20. JA. I–II. p. 270: Atthassadvara Jataka. No. 84

15. Jp. I. p. 184. JA. IV. p. 15: Padamanavaka Jataka. No. 432

4. One Jataka Story is concerned with fisherman.

16. Jp. I. p. 128. JA. III. p. 159: Avariya Jataka. No. 376

5. Three Jataka Stories are concerned with a virgin girl.

17. Jp. I. p. 59. JA. I–II. p. 527: Vinathuna Jataka. No. 232
18. Jp. I. p. 60. JA. I–II. p. 532: Asitabhu Jataka. No. 234
19. Jp. I. p. 117. JA. III. p. 126: Suvannamiga Jataka. No. 359

6. One Jataka Story is concerned with a poor man.

20. Jp. I. p. 25. JA. I–II. p. 312: Kundapuvaka Jataka. No. 109

7. Three Jataka Stories are concerned with a woman.

21. Jp. I. p. 17. JA. I–II. p. 226: Ucchanga Jataka. No. 67
22. Jp. I. p. 29. JA. I–II. p. 343: Kosiya Jataka. No. 130
23. Jp. I. p. 72. JA. I–II. p. 606: Kakkataka Jataka. No. 267

8. Two Jataka Stories are concerned with a businessman.

24. Jp. I. p. 68. JA. I–II. p. 576: Jarudapada Jataka. No. 256
25. Jp. I. p. 293. JA. V. p. 56: Mahavanija Jataka. No. 493

9. Seven Jataka Stories are concerned with a Upasaka.

26. Jp. I. p. 8. JA. I–II. p. 143: Abhinha Jatak. No. 27
27. Jp. I. p. 14. JA. I–II. p. 209: Phala Jataka. No. 54
28. Jp. I. p. 16. JA. I–II. p. 220: Durajana Jataka. No. 64
29. Jp. I. p. 16. JA. I–II. p. 222: Anabhirata Jataka. No. 65
30. Jp. I. p. 18. JA. I–II p. 244: Asankiya Jataka. No. 76
31. Jp. I. p. 163. JA. IH. p. 285: Jagara Jataka. No. 414
32. Jp. I. p. 46. JA. I–II. p. 454: Silanisansa Jataka. No. 190

As per above study I started undertaking the process of translation works. from 26th. of Ashad 2036 B. S. and by 28th. of Bhadra 2036 I have translated 32 Jataka stories and sent them to the press.

As usual Mr. Vatukrishna Bhusan M. A. kindly revised my language and suggested many necessary changes. I have already stated in my forewords in other volumes that without his help it would have been practically impossible for me to undertake this difficult project.

Ven. Kumar Kasyapa also equally deserves my thanks for his invaluable service in preparing the index and reading the last proof. Ven. Mahanama also deserves

thanks for his co-operation in classifying original words. I am also indebted to Mr. Khadga Bahadur Upasaka for bringing me proof sheets from the press every day. Prof. Asha Ram Sakya also deserves my hearty thanks for rendering the foreword into English. Finally I express my hearty thanks to Mr. Tirtha Narayan Manandhar the member-secretary and other members of the Ananda Kuti Trust for undertaking the publication of this book inspite of steady rise in printing charges and price of the printing paper.

"Long live the Dhamma."

Bhikshu Amritananda
30th November 1979

Ananda Kuti Vihar
Swayambhu Hill
Kathmandu, Nepal.
Phone : 14420

मूल ग्रन्थहरू—

जातकपालि ।

जातकट्ठकथा ।

सहायक ग्रन्थ—

भदन्त आनन्द कौसल्यायन अनुदित हिन्दी "जातक" ।

संकेत-शब्दको अर्थ--

अ. क. = अट्ठकथा ।

अ. क. I-II. = सीलानन्दत्थेरद्वारा सम्पादित जातकट्ठकथा, सन् १९२७.

जा: अ. क. = जातकट्ठकथा ।

जा. पा. = जातकपालि ।

धम्म. प. अ. क. = धम्मपदट्ठकथा ।

बु. गृ. भा-१. = बुद्धकालीन गृहस्थीहरू भाग-१.

बु. ब्रा. भा-२. = बुद्धकालीन ब्राह्मण भाग-२.

बु. म. भा-१. = बुद्धकालीन महिलाहरू भाग-१.

महा. व. पा. = महावग्गपालि ।

सुत्त. नि. पा. = सुत्तनिपातपालि ।

त्रि-पिटक-सूची

सुत्तपिटक :

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकाय
४–अङ्गुत्तरनिकाय
५–खुद्दकनिकाय

- (१) खुद्दकपाठ
- (२) धम्मपद
- (३) उदान
- (४) इतिवुत्तक
- (५) सुत्तनिपात
- (६) विमानवत्थु
- (७) पेतवत्थु
- (८) थेरगाथा
- (९) थेरीगाथा
- (१०) जातक
- (११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
- (१२) पटिसम्भिदामग्ग
- (१३) अपदान
- (१४) बुद्धवंस
- (१५) चरियापिटक

विनयपिटक :

१–पाराजिकपालि } सुत्तविभङ्ग
२–पाचित्तियपालि } सुत्तविभङ्ग
३–महावग्गपालि } खन्धक
४–चुल्लवग्गपालि } खन्धक
५–परिवारपालि

अभिधम्मपिटक :

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान

विषय-सूची

JATAKA SANGRAHA

(Part I)

जातक संग्रह

[भाग–१]

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

१. साकेत जातक (६८)

"यस्मिं मनो निविसतीति...[१]" भन्ने यो गाथा साकेत नजिकको अञ्जन वनमा बसिरहनुभएका शास्ताले एक ब्राह्मणको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

एकदिन भिक्षुसंघको साथमा भगवान् साकेत[२] नगरतिर जाँदै हुनुहुन्थ्यो । त्यसबखत एकजना सोही नगरवासी बुढा ब्राह्मण साकेत

---

१. जा. पा. I. पृ. १७: साकेतजातकं, नं. ६८, अ. क. I–II. पृ. २२७.

२. यो साकेत भन्ने नगर कसरी वन्यो र यो नगर कहाँनिर पर्छ भन्ने बारेमा लेखकको बु. म. I. पृ. २२: विशाखा महाउपासिकाको कथामा हेर्नू ।

नगरबाट बाहिर जांदा उनले नगरद्वारनिर दशबललाई देखे। अनि वहांको पाउ समाती "तात ! वृद्ध अवस्थामा पुगेका आमाबाबुहरूलाई छोराले सेवा गर्नुपर्छ होइन ? किन अहिलेसम्म हामीलाई भेट नदिएको ? मैले त देखें अब आमालाई पनि हेर्न आऊ" भनी शास्तालाई ब्राह्मणले आफ्नो घर लगे। अनि त्यहां जानुभई भिक्षुसंघ सहित बिच्छ्याइराखेको आसनमा बस्नुभयो। ब्राह्मणी पनि आई शास्ताको पाउमापरी "तात ! अहिलेसम्म कहां गएका थियौ ? वृद्ध भएका आमाबाबुहरूलाई सेवा गर्नुपर्छ होइन ?" भन्दै रुनथालिन्। "आऊ दाइलाई वन्दना गर" भनी छोराछोरीलाई पनि वन्दना गर्न लगाइन्। अनि सन्तुष्ट भई दुवैजनाले महादान दिए। भोजनकृत्य समाप्त भएपछि शास्ताले ती दुवैजनालाई जरासूत्रको[१] उपदेश दिनुभयो। सूत्रको अवशानमा दुवैजना अनागामीफलमा[२] प्रतिष्ठित भए। त्यसपछि शास्ता आसनबाट उठी अञ्जन वनमै फर्केर जानुभयो। अनि धर्मसभामा बसिरहेका भिक्षुहरूले कुरा उठाए—"आवुसो ! तथागतका पिता शुद्धोदन र माता महामाया हुन् भन्ने कुरा ब्राह्मणलाई थाहाछ तैपनि ब्राह्मणीको साथ-साथै ब्राह्मणले पनि तपाइलाई 'हाम्रो छोरा हुन्' भन्दछन्। तपाइले पनि त्यो स्वीकार गर्नुभयो। यसको कारण के हो ?"

---

१. यो सूत्र सुत्त. नि. पा. पृ. ३९३: अट्ठकवग्गो चतुत्थमा छ।

२. अनागामीफल भनेको पुनः मनुष्यलोकमा जन्मनु नपर्ने। यस विषयमा लेखकको बु. गृ. भा-१, पृ. १०० र २७४ मा हेर्नू।

यो कुरा सुनी शास्ताले "भिक्षुहो ! ती दुवै जनाले आफ्नो पुत्रलाई नै पुत्र भनेका हुन्" भन्नु हुँदै पूर्वजन्मको कुरा बताउनु भयो[१] ।

अतीत कथा

"भिक्षुहो ! यी ब्राह्मण पूर्वजन्ममा निरन्तर पांचशय जन्मसम्म मेरा पिता, पाँचशय जन्मसम्म कान्छाबाबु र पांचशय जन्मसम्म ठूलाबाबु भएका थिए । यी ब्राह्मणी पनि निरन्तर पांचशय जन्मसम्म आमा, पांचशय जन्मसम्म सानीआमा र पांचशय जन्मसम्म ठूलीआमा भएकी थिइन् । यसरी डेढहजार वर्षसम्म ब्राह्मणको हातबाट र डेढहजार वर्षसम्म ब्राह्मणीको हातबाट म हुर्केको थिएँ" भन्नुहुँदै तीनहजार जन्मसम्मका कुराहरू बताउनु भयो[२] ।

अनि अभिसम्बुद्ध भइसक्नु भएपछि यो गाथा भन्नुभएको हो—

"यस्मिं मनो निविसति चित्तंवापि पसीदति ।
अदिट्ठपुब्बके पोसे कामं तस्मि पि विस्ससे'ति ।।"

---

१. यस जातकमा उल्लेख भएको संक्षेप वर्तमान कथा र धम्मपदट्ठकथाको कोधवग्गको, साकेत ब्राह्मणकथा पृ. ४८८ मा उल्लेख भएको वर्तमान कथामा केही फरक देखिन्छ ।

धम्मपदट्ठकथामा उल्लेख भएको साकेत ब्राह्मणको कथामा चाहिं तीन महीनासम्म भगवान् तिनीहरूको आश्रय लिई अञ्जन

बनमा बस्नु भएको थियो। तथा उनीहरू दुवैजना अरहत् भई परिनिर्वाण भएपछि उनीहरूको दाहसंस्कार गर्ने ठाउँमा पाँचशय भिक्षुहरूका साथ भगवान् आदाहन स्थानमा जानुभएको थियो।

"बुद्ध भगवान्का आमाबाबुहरू परिनिर्वाण भए" भन्दै महाजनहरू पनि आदाहन स्थलमा गए। अनि महाजनहरूले भगवान्लाई "भन्ते ! आमाबाबुहरू खसे भनेर चिन्ता नगर्नु होस्" भनी सम्झाउनथाले। भगवान्ले पनि यसको प्रतिक्षेप नगरी परिषद्को आसय बुझी अवस्था अनुसार धर्मोपदेश दिंदै जरासूत्रको कुरा सुनाउनु भयो भनी उल्लेख भएको छ र उपदेशको अन्त्यमा चौरासीहजार प्राणीहरूले धर्मावबोध गरे भन्ने कुरा पनि उल्लेख भएको पाइन्छ।

भिक्षुहरूले ब्राह्मण र ब्राह्मणीहरू परिनिर्वाण भएको कुरा नबुझी "भन्ते ! तिनीहरूको के अभिसम्पराय भयो होला ?" भनी सोध्दा भगवान्ले उनीहरू परिनिर्वाण भइसकेको हुँदा उनीहरूको कुनै अभिसम्पराय छैन भनी भन्नुभयो र यस्ता पुरुषहरू अच्युत अमृत-महानिर्वाणमा नै पुग्छन् भन्नुहुँदै धम्मपदको "अहिंसका ये मुनयो..." भन्ने गाथा भन्नुभयो। धम्म. प. अ. क. पृ. ४८९: साकेतब्राह्मणस्सवत्थु।

२. यस्तै प्रकारका कुरा नकुलपिता गृहपतिको बारेमा पनि बताउनु भएको छ। हेर्नू लेखकको बु. गृ. भा–१, पृ. ४१३ देखि।

अर्थ—

"जसमा मन वस्छ र चित्त पनि प्रसन्न हुन्छ त्यस्ता पहिले कहिल्यै नदेखेका पुरुषमा पनि विश्वास हुन जान्छ ।"

यसरी शास्ताले यो धर्मोपदेश बताउनु भई प्रसंग मिलाई जातक समाधान गर्नुभयो ।

"त्यस बखतका ब्राह्मण र ब्राह्मणी यिनीहरू नै थिए र यिनीहरूको पुत्र पनि म नै थिएँ" भनी भन्नुभयो ।

---

२. सीलवीमंस जातक(८६)

"सीलं किरेव कल्याणन्ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक शील (=सदाचार) परीक्षक ब्राह्मणको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

यिनी कोशल राजाको आश्रयमा बांचेका थिए। साथै त्रिशरण-गत अखण्ड पञ्चशील पालन गर्थे र तीनै वेदमा पारङ्गत थिए। "यी शीलवान् ब्राह्मण हुन्" भनी राजाले उनको विशेष सम्मान गर्दथे।

एकदिन उनले सोचे—"यी राजा मलाई अरू ब्राह्मणहरूलाई-भन्दा विशेष सम्मान गर्छन्। मलाई बडो गौरवले हेर्छन्। के यी राजाले मेरो जात, गोत्र अथवा कुलस्थान आदि सम्पत्तिलाई देखेर यो सम्मान गरेका हुन् कि अथवा शील-सदाचार सम्पत्तिलाई हेरेर सम्मान गरेका हुन्? यसको परीक्षा गर्नुपर्‍यो।"

---

१. जा. पा. I. पृ. २१: सीलवीमंसकजातकं, नं. ८६, अ. क. I–II. पृ. २७२.

अनि एकदिन राजाको चाकरीमा गई घर र्फाकिरहेको बेलामा नसोधिकनै सराफीको पसलबाट एक कार्षापण लिएर गए। ब्राह्मणप्रति भएको श्रद्धाको कारणले गर्दा सराफी केही बोलेन। फेरि अर्को दिन दुइ कार्षापण झिकी लिएर गए। त्यसदिन पनि सराफी चुपलागेरै बस्यो। त्यस्तै गरी तेश्रो दिनमा एक मुट्ठी कार्षापण लिंदा सराफीले "तिमीले राजकुटुम्बको लूट गरेको यो तेश्रो दिन हो। राजकुटुम्बको लूट गर्ने चोर समातें" भन्दै तीनबार चिच्च्यायो। अनि यता उताबाट मानिसहरू जम्मा भई "चिरकालदेखि तिमी शीलवान् जस्तै गरी हिड्दथ्यौ" भन्दै दुइ तीन थप्पड दिई बाँधेर राजाकहाँ लगे।

अपसोच प्रकट गर्दै राजाले भने—"ब्राह्मण! किन तिमीले यस्तो दुराचार गरेको? लैजाओ यसलाई राजदण्ड देओ।"

ब्राह्मणले भने—"महाराज! म चोर होइन।"

"त्यसोभए किन राजकुटुम्बको पसलबाट कार्षापण लिएको त?"

"तपाइले मलाई धेरै सम्मान गरेको देखेर 'राजाले मेरो जात आदिको कारणले मलाई धेरै सम्मान गरेका हुन् कि अथवा मेरो शील-सदाचारको कारणले हो?' भन्ने कुराको परीक्षा गर्नकोनिमित्त यस्तो गरेको हुं। अब निश्चयरूपले थाहापाएं कि 'शीलकै कारणले तपाइले मेरो सम्मान गर्नु भएको रहेछ। जात्यादिको कारणले होइन।' मलाई राजदण्ड दिइयो भन्ने कुराको आधारमा पनि म यो निश्चयमा पुगें कि 'यो लोकमा शील नै श्रेष्ठ र शील नै प्रमुख रहेछ।' अब घरमा

बसेर कामभोग सेवन गरी शील अनुरूप कार्य गर्न सक्ने छैन । आजै जेतवनमा गई शास्ताको सामुन्ने प्रव्रजित हुनेछु । हे देव ! मलाई प्रव्रज्याको आज्ञा दिनुहोस्" भनी राजाको अनुमति लिई जेतवनतिर लागेर गए । अनि उनका ज्ञाति सुहृद बन्धुहरू एकत्रित भई उनलाई रोक्न नसकेपछि उनीहरू फर्केर गए ।

शास्ताकहाँ गई ब्राह्मणले प्रव्रज्यामागी प्रव्रज्या र उपसम्पदा[१] प्राप्तगरे । अनि कर्मस्थान (=योगाभ्यास) मा तल्लीन भई विपश्यना ध्यान वृद्धिगरी अरहत् भई शास्ताकहाँ गई "भन्ते ! मेरो प्रव्रज्या सफल भयो" भनी अञ्ञा (=अरहत्व) को व्याकरण (=प्रकाश) गरे । उनको त्यो अरहत्व सम्बन्धी व्याकरणको कुरा भिक्षुसङ्घको बीचमा प्रकट भयो ।

अनि एकदिन धर्मसभामा भेला भएका भिक्षुहरू "आवुसो ! राजाको उपस्थाक अमुक ब्राह्मण आफ्नो शील-सदाचार परीक्षा गरी राजाको वचनलिई प्रव्रजित भई अरहत्वमा प्रतिष्ठित भए" भन्दै उनको गुण बयान गरी बसिरहेका थिए । शास्ता आउनु भई सोध्नुभयो—

"भिक्षुहो ! अहिले तिमीहरू यहाँ के कुरा गरी बसिरहेका थिए ?"

"यो यो" भनी बताए पछि "भिक्षुहो ! आफ्नो शील परीक्षा गरी प्रव्रजित भई अहिले मात्र यिनले आफ्नो प्रतिष्ठा बनाएका होइनन् ।

---

१. उपसम्पदा भनेको पूर्णभिक्षुत्व हो ।

अघि पनि यस्ता पण्डितहरूले आफ्नो प्रतिष्ठा बनाएका थिए" भनी भन्नुहुँदै पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्त राजाले राज्य गरिरहेको बेलामा बोधिसत्व उनका पुरोहित भएका थिए ।

यी दानवान्, शीलवान् तथा अखण्ड पञ्चशील पालन गर्दथे । अरू ब्राह्मणहरूलाईभन्दा पनि यिनलाई राजाले विशेष सम्मान गर्दथे । (अरू सबै कुरा माथि लेखिएको वर्तमानका कथा जस्तै हुन्[१] ।)

अनि बोधिसत्वलाई बाँधेर राजाकहाँ लगिरहेको बेलामा सपेराले बाटाको बीचमा सर्पलाई नचाई सर्पको पुच्छर समात्दथ्यो, घाँटी समात्दथ्यो र आफ्नो गर्धनमा पनि बेर्दथ्यो । अनि बोधिसत्वले उसलाई भने—"हे तात ! यो सर्पको पुच्छर नसमात, घाँटी नसमात र आफ्नो गर्धनमा पनि नबेर । यसले डसी ज्यान पनि लिनसक्छ ।"

सपेराले भन्यो—"ब्राह्मण ! यो सर्प शीलवान् र आचार सम्पन्न छ । जस्तो तिमी छौ त्यस्तो दुश्शील छैन । आफ्नो दुश्शीलताको कारणले अनाचार गरेको हुँदा तिमीलाई 'राजकुटुम्ब लूटने चोर' भनी बाँधेर लगिरहेछन् ।"

१. हेर माथि यसै जातकको वर्तमान कथामा ।

अनि उनले सोचे—"न टोक्ने भएकोले र पीडा नदिने भएकोले सर्पलाई पनि शीलवान् भन्दछन् भने मानिसहरूको त के कुरा। यो लोकमा शील नै उत्तम रहेछ। त्योभन्दा बढता अरू केही रहेन छ।" अनि उनलाई लगेर राजालाई देखाए।

राजाले सोधे—"तात! यो के हो?"

"देव! राजकुटुम्ब लूटने चोर हो।"

"त्यसोभए यसलाई राजदण्ड देओ।"

"महाराज! म चोर होइन" भनी ब्राह्मणले भने।

"त्यसोभए कार्षापण किन लिएको त?" भनी सोध्दा माथि लेखिए जस्तै सबै कुरा भन्दै "अतः यस कारणद्वारा यो लोकमा शील नै उत्तम र शील नै प्रमुख रहेछ भन्ने निश्चयमा म पुगेको छु" भनी भने। अरू कुरा छाडिदिऊँ, न डस्ने भएकोले र पीडा नदिने भएकोले यस्तो विषधारी सर्पलाई पनि शीलवान् भनिएको हो। यस कारणले पनि शील नै उत्तम र शील नै श्रेष्ठ रहेछ भनी शीलको वर्णन गरी यो गाथा भने—

"सीलं किरेव कल्याणं सीलं लोके अनुत्तरं।
पस्स घोरविसो नागो सीलवाति न हञ्ञती'ति ।।"

अर्थ—

"शील नै कल्याण छ र शील नै लोकमा सर्वोत्तम छ। हेर, शीलवान् ठानी घोरविषधारी सर्पले पनि डस्सेन।"

यसरी बोधिसत्वले यस गाथाद्वारा राजालाई धर्मोपदेश गरी कामभोगलाई त्यागी ऋषिप्रव्रज्या अनुसार प्रव्रजित भई हिमालयमा गई पञ्चाभिज्ञ[1] र अष्टसमापत्तिहरू[2] लाभ गरी ब्राह्मण ब्रह्मलोक परायण भए ।

यो धर्मोपदेशका कुरा गरी शास्ताले जातक समाधान गर्नुभयो ।

"त्यस बखतको राजपरिषद् अहिलेको बुद्धपरिषद् थियो र पुरोहित ब्राह्मण चाहीं म नै थिएँ" भनी भन्नुभयो ।

---

१. (१) ऋद्धिविधज्ञान, (२) दिव्यश्रोतज्ञान, (३) परचित्तज्ञान, (४) पूर्वेनिवासानुस्मृतिज्ञान र (५) दिव्यचक्षुज्ञानलाई 'पञ्चाभिज्ञ' भनिन्छ ।

२. चार रूपावचर ध्यान र चार अरूपावचर ध्यानलाई 'अष्टसमापत्ति' भनिन्छ ।

३. मङ्गल जातक (८७)

"यस्स मङ्गला समूहताति...[१]" भन्ने यो गाथा वेणुवनमा बसिरहनु भएका शास्ताले वस्त्रलक्षण हेर्ने एक ब्राह्मणको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

राजगृहवासी कौतुहलिक मांगलिक अर्थात् शकुनमा विश्वास गर्ने महाधनी र महाभोगी एक ब्राह्मण थिए । यिनी त्रिरत्नप्रति अप्रसन्न र मिथ्यादृष्टिक थिए । एकदिन उनको सन्दूकमा राखेको युगल वस्त्र मुसाले काटिदियो । अनि शीर नुहाई वस्त्र ल्याऊ भनी भन्दा मुसाले काटेको कुरा उनलाई भन्यो । अनि उनले सोचे—

"यो मुसाले काटेको युगल वस्त्र यदि यो घरमा राखेको खण्डमा महाविनाश हुने छ । यो अमाङ्गलिक हो, यो कालकर्णी अर्थात् कुलक्षण हो । यो वस्त्र छोराछोरी र दास-दासीहरूलाई पनि दिन हुन्न । जसले

१. जा. पा. I. पृ. २१: मङ्गलजातकं, नं. ८७, अ. क. I–II, पृ. २७४.

यो लिनेछ ती सबैको विनाश हुनेछ। अब यसलाई कांचो-चिहानमा[१] फाल्न लगाउने छु। दास आदिको हातमा दिन हुन्न किनकि उनीहरूले यसमा लोभगरी लिए भने उनीहरूको विनाश हुनेछ। छोराको हातमा दिनेछु।"

अनि छोरालाई बोलाउन लगाई उनले यो कुरा जम्मै सुनाए। "छोरा! तिमीले पनि हातले नछोई लट्ठीमा झुण्डयाई यो वस्त्र कांचो-चिहानमा फाली शीर नुहाई आऊ" भनी पठाए।

भगवान्ले पनि त्यसदिन बिहान सबेरै विनयन हुनसक्ने बन्धु-हरूलाई हेर्नु हुंदा यी पितापुत्र दुवै जना स्रोतापन्न हुनसक्ने कुरा देख्नुभई मृगको बाटोलिई मृग-ब्याधा जस्तै भएर गई छवर्ण बुद्धरश्मी फैलाई कांचो-चिहानको द्वारमा बस्नुभयो।

माणवक बाबुको कुरा सुनी घरभित्र पसेको सांपलाई झैं त्यो युगल वस्त्रलाई लट्ठीको टुप्पोमा झुण्डयाई कांचो-चिहानको द्वारमा पुग्यो। अनि बुद्धले उसलाई "माणवक! के गरिरहेको ?" भनी सोध्नुभयो।

"भो गौतम! यो युगल वस्त्र मुसाले काट्यो। अतः यो वस्त्र कुलक्षण र हलाहल विष जस्तै छ। अरूलाई पठाउंदा लोभले वस्त्र लिनेछन् भन्ने विचारले मेरा पिताले मलाई पठाउनु भएको हो।

---

१. लासलाई त्यसै छाडेर आउने खालको चिहानलाई 'कांचो-चिहान' भनिएको हो।

यसलाई यहीं फाली शीर नुहाउनेछु। गौतम ! त्यसैले म यहाँ आएको हुँ।"

"त्यसोभए फालिदेऊ।"

माणवकले फालिदियो।

"अबभने हामीले लिनसक्छौं" भन्दै माणवकको अगाडि नै भगवान्ले त्यो वस्त्र लिनुभयो।

"भो गौतम ! यो अमाङ्गलिक छ, यो कुलक्षण छ न लिनुहोस्" भनी भन्दा पनि लिएर नै भगवान् वेणुवनतिर लाग्नुभयो। डौडेर गई माणवकले आफ्नो पितालाई भन्यो "तात ! मैले काँचो-चिहानमा फालेको युगल वस्त्र श्रमण गौतमले 'हामी लिनेछौं' भन्दै रोक्दा रोक्दै पनि लिएर वेणुवनतिर जानुभयो।"

अनि ब्राह्मणले सोचे—"त्यो युगल वस्त्र अमाङ्गलिक छ, कुलक्षण छ। त्यसको सेवन गर्दा श्रमण गौतम विनाश हुने छन्। विहार पनि विनाश हुनेछ। अनि त्यसबाट हामीहरूको निन्दा हुनेछ। श्रमण गौतमलाई अरू धेरै वस्त्र दिई त्यसलाई छाड्न लगाउने छु" भनी धेरै वस्त्र लिनलगाई पुत्रको साथमा वेणुबन गए। त्यहाँ शास्ता-कहाँ गई एक छेउमा उभिई भने कि—"भो गौतम ! के तपाइले काँचो-चिहानबाट युगल वस्त्र लिनुभएको साँच्चै हो ?"

"ब्राह्मण ! साँच्चै हो।"

"भो गौतम ! त्यो युगल वस्त्र अमांगलिक छ। त्यसको सेवन

गर्दा तपाइको विनाश हुनेछ र सबै विहारहरू पनि विनाश हुनेछन् । यदि तपाइलाई लगाउने र ओढने वस्त्र पुग्दैन भने यी वस्त्रहरू लिई त्यसलाई फालिदिनुहोस् ।"

अनि शास्ताले "ब्राह्मण! हामी प्रव्रजितह्रौं । हामीलाई काँचो-चिहान, बाटाका बीच, फोहर फाल्ने ठाउँ र नुहाउने स्थानमा तथा महामार्ग आदि जस्ता स्थानमा फालेको वा खसेको वस्त्र उचित छ । तिमी चाहीं अहिलेमात्र होइन अघि अघि पनि यस्तैमा विश्वास गर्थ्यौं" भनी भन्नुहुँदा यस सम्बन्धमा सो कुरा बताउन प्रार्थना गरेपछि भगवान्ले पूर्वजन्मको कुरा बताउनुभयो ।

अतीत कथा

अतीत समयमा मगधराष्ट्रको राजगृहनगरमा धार्मिक मगध-राजाले राज्यगर्दथे । त्यस बखत बोधिसत्व एक उदिच्च ब्राह्मणकुलमा जन्मेका थिए । परिपक्व बँश भएपछि ऋषिप्रव्रज्यानुसार प्रव्रजित भए । अनि अभिज्ञा र समापत्तिहरू पनि प्राप्तगरी हिमालयमा गई बसे । एकदिन हिमालयबाट निस्केर राजगृह नगरको राजोदचानमा पुगी त्यहाँ बसी भोलिपल्ट भिक्षाटन्कोनिमित्त नगरमा गए । राजाले उनलाई बोलाउन लगाई प्रासादमा बस्नलगाई भोजन गराई राजोदचानमै बस्ने वचन लिए । बोधिसत्व राजनिवासमा भोजन गरी राजोदचानमै बस्न थाले ।

त्यस बखत राजगृहमा वस्त्र (मंगलामंगल) लक्षण हेर्ने एक ब्राह्मण थिए। उनको सन्दूकमा राखेको युगल वस्त्र मुसाले काटिदियो। (सबै कुरा माथि वर्तमान कथामा उल्लेख भए जस्तै हुन्।)

माणवक चिहानमा जानुभन्दा अगाडि नै बोधिसत्व चिहानको द्वारमा गई बसिरहे। अनि माणवकले फालेको युगल वस्त्र लिई उद्यानमै गए। माणवक गई आफ्नो बाबुलाई यो कुरा सुनायो।

"राजकुलमा जाने तपस्वीको विनाश नहोस्" भन्ने सोचेर माणवकको पिता बोधिसत्वकहाँ गई "तपस्वी! तपाइले लिनुभएको वस्त्र फालिदिनुहोस्, विनाश नहुनुहोस्" भनी भने।

तपस्वी भन्दछन्—"हामीलाई चिहानमा फालेको वस्त्र नै अनुकूल छ। हामी कौतुहलिक-मांगलिक होइनौं अर्थात् हामी शकुन मान्ने होइनौं। शकुनमा विश्वास गर्नेलाई बुद्ध, प्रत्येकबुद्ध र बोधिसत्वहरूले प्रशंसा गर्दैनन्। अतः पण्डित हुनेले शकुनमा विश्वास गर्नुहुन्न" भनी ब्राह्मणलाई धर्मोपदेश गरे।

धर्मोपदेश सुनेर आफ्नो गलत दृष्टि (=विश्वास) लाई त्यागी ब्राह्मण बोधिसत्वको शरणमा गए। बोधिसत्व पनि अविनष्ट ध्यानीभई ब्रह्मलोक परायण भए।

शास्ताले यो अतीतको कुरा देखाई अभिसम्बुद्ध भइसक्नु भएपछि ब्राह्मणलाई धर्मोपदेश गर्नुहुँदै यो गाथा भन्नुभएको हो—

"यस्स मङ्गला समूहता,
उप्पादा सुपिना च लक्खणा च ।
स मङ्गलदोसविसवीतिवन्तो,
युगयोगाधिगतो न जातु मेतीति ।।"

अर्थ —

"जसको दृष्ट, श्रुत, मुत (=छुने) आदि मंगलहरूमा विश्वास हुँदैन; उत्पात, स्वप्न आदि लक्षणहरूमा पनि विश्वास हुन्न — यसरी व्यावहारिक मंगलामंगलको कुरालाई पार गरिसकेको पुरुषले युगल-क्लेशहरूबाट[1] पारतरी पुनर्जन्म लिनुपर्ने छैन ।"

यसरी शास्ताले यो गाथाद्वारा ब्राह्मणलाई धर्मोपदेश गर्नुभई पुनः आर्य-सत्यको पनि प्रकाश पार्नुभयो । त्यस प्रकाशनको अन्त्यमा ब्राह्मण पुत्र सहित स्रोतापत्तिफलमा प्रतिष्ठित भए ।

यसरी जातक समाधान गर्नुभई "त्यस बखत यी दुवै पिता पुत्र थिए र तपस्वी चाहीं म नै थिएँ" भनी भन्नुभयो ।

---

१. क्रोध र उपनाह, मक्ष र पलास आदि जोडा जोडा भएका क्लेश-हरूलाई 'युगल-क्लेश' भनिन्छ ।

४. अम्ब जातक (१२४)

"वायमेथेव पुरिसो'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले एक कर्तव्यपरायण ब्राह्मणको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

यिनी श्रावस्तीवासी एक कुलपुत्र थिए । शासनमा भित्री हृदयदेखि नै विश्वास गरी प्रव्रजित भई कर्तव्यपरायण भएका थिए । आचार्य उपाध्याय प्रति गर्नुपर्ने काम—पिउने पानी र भोजन राख्ने काम तथा उपोसथागार[२] र जन्ताघर[३] आदिहरूमा गर्नुपर्ने काम राम्ररी

---

१. जा. पा. I. पृ. २८: अम्बजातकं, नं. १२४, अ. क. I–II. पृ. ३३३.

२. उपोसथागार भनेको त्यो घर हो जहाँ भिक्षुहरू हरेक दुइ हप्ताको एक पल्ट विनय कार्य गर्छन् ।

३. बाफद्वारा नुहाउने घर । Steem bath-room.

गर्थे। चौध प्रकारका महाकर्तव्यहरू[१] र असी प्रकारका स-साना कर्तव्यहरूमा पनि परिपूर्णकारी थिए। जस्तै—विहार बढार्नु, परिवेण बढार्नु, तितर बितर भएका फूलहरू बढार्नु र विहारजाने बाटोमा पनि बढार्नुको साथै मानिसहरूलाई पिउने पानी दिन्थे।

उनको यो कर्तव्यमाथि प्रसन्न भई मानिसहरूले पाँचशय जति नित्यभोजन प्रदान गरे। महालाभसत्कार उत्पन्न भयो। उनको कारणले गर्दा धेरैं भिक्षुहरूलाई सुख सुविधा भएको थियो। एकदिन धर्मसभामा भिक्षुहरूले कुरा निकाले—"आवुसो! अमुक भिक्षुको आफ्नो कर्तव्य-परायणताको कारणले गर्दा धेरैं लाभसत्कार प्राप्त भएको छ। यसरी एक जनाको कारणले गर्दा धेरैं जनालाई सुख सुविधा प्राप्त भएको छ।"

शास्ता आउनु भई—"भिक्षुहो! तिमीहरू यहाँ के कुरा गरी बसिरहेका थियौ?" भनी सोधनी भएपछि "यो यो कुरा" भनी बताए। त्यसपछि भगवान्ले "भिक्षुहो! अहिले मात्र होइन पहिले पनि यो भिक्षु

---

१. (१) आगन्तुक कर्तव्य, (२) आवासीय कर्तव्य, (३) गाउँको कर्तव्य, (४) अनुमोदनको कर्तव्य, (५) भोजनालयको कर्तव्य, (६) भिक्षाटन्को कर्तव्य, (७) जंगलमा बस्नेको कर्तव्य, (८) शयनासनको कर्तव्य, (९) जन्ताघरको कर्तव्य, (१०) शौचालयको कर्तव्य, (११) उपाध्यायप्रतिको कर्तव्य, (१२) सँगै बस्ने भिक्षुप्रतिको कर्तव्य, (१३) आचार्यप्रतिको कर्तव्य र (१४) शिष्यप्रतिको कर्तव्य। चुल्ल. व. पा. पृ. ३११: वत्तक्खन्धकं।

कर्तव्यपरायण थिए र अघि पनि एक जनाको कारणले यिनैले ल्याएको फलमूलद्वारा पाँचशय ऋषिहरूले जीवन यापन गरेका थिए" भनी भन्नुहुँदै पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व उदिच्च ब्राह्मण कुलमा जन्मी बैंश पुगेपछि ऋषिभेष अनुसार प्रव्रजित भई पाँचशय ऋषिपरिवारहरूका साथ कुनै एक फेंदीमा बसे ।

उसबखत हिमालयमा ठूलो सुक्खापऱ्यो । जताततै पानी सुक्यो । पशुहरू पानी नपाएर धेरै कष्टमा परे । अनि ती तापसहरूमध्ये एक तापसले पिपासाले पीडित भएका उनीहरूलाई देखेर एउटा रुख काटी द्रोणी बनाई एक एक पसर गर्दै पानी राखी द्रोणी भरेर उनीहरूलाई पियाउन थाले । धेरै पशुहरू एकत्रित भई पानी पिउन आउने गरेका हुनाले उनलाई फलमूल ल्याउन जान पनि समय भएन । निराहार बसी पानी दिइनैरहे । अनि मृगहरूले सोचन थाले—"हामीलाई पानी दिदांदिदै यिनलाई फलमूल ल्याउन जान पनि फुर्सत भएन । निराहारताको कारणले सारै कष्ट भोगिरहेछन् । यसकारण हामीहरूले एक निर्णय अथवा नियम किन नबनाऔं ?" उनीहरूले एक निर्णय वा एक नियम बनाए । "अब उप्रान्त पानी पिउन आउने प्रत्येकले आ-आपनो समर्थ अनुसार फलमूल लिएर आउनु पर्छ ।"

त्यहाँदेखि एक एक पशुपक्षिले आ-आफ्नो समर्थ अनुसार मीठा मीठा आँप, जमुना तथा कटहर लिएरै आउन थाले । एकजनाकोनिमित्त ल्याएका फलमूलहरू साँढे दुइ गाडा प्रमाणको हुन्थ्यो । पाँचशय तापसहरूले त्यही फलमूलहरू खाई बढताभएको फालिदिन्थे ।

यो देखेर बोधिसत्वले "एक जनाको कर्तव्य परायणताको कारणले गर्दा यतिका तापसहरूलाई फलमूलकोनिमित्त जंगलमा जानपरेन । यहीं नै आहार उत्पन्न भयो । वीर्य पराक्रम भनेको गर्नै पर्छ" भन्दै यो गाथा भने—

"वायमेथेव पुरिसो न निब्बिन्देय्य पण्डितो ।
वायमस्स फलं पस्स भत्ता अम्बा अनीतिह'न्ति ।।"

अर्थ—

"पुरुषले वीर्य प्रयत्न भनेको गरिनैरहनुपर्छ । पण्डित पुरुष विमुख हुनुहुन्न । प्रयत्नको फल हेर यहीं प्रसस्त आँप खान पाए ।"

यसरी महासत्वले ऋषिहरूलाई अववाद गरे ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यस बखत कर्तव्यपरायण हुने तापस यिनै भिक्षु थिए । गणाचार्य भने म नै थिएँ" भनी भन्नुभयो ।

५. असिलक्खण जातक(१२६)

"तथेवेकस्स कल्याणं'ति···[1]" भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले कोशल राजाको तरवारको लक्षण बताउने एक ब्राह्मणको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

नकर्मीहरूले राजाकहाँ तरबार ल्याउँदा तरबार सुँघी ब्राह्मणले तरबारको लक्षण बताउँदथे । जसको हातबाट केही लाभ हुन्थ्यो उसको तरवार "राम्रो, असल र मंगलयुक्त छ" भनी भन्दथे । जसको हातबाट केही पाउन्नथ्यो त्यस्ताको तरवार "अमंगल" भनी भन्दथे ।

एकदिन एक नकर्मीले तरबार बनाई मियानमा मरीचको मिहीन धूलो राखी राजाकहाँ तरबार ल्यायो । राजाले ब्राह्मणलाई बोलाउन लगाई "तरबार परीक्षा गर" भनी भने । उनले मियानबाट तरबार झिकी सुँघ्दाखेरि मरीचको धूलो नाकमापसी हाच्छ्यु हाच्छ्यु गर्नथाले ।

१. जा. पा. I. पृ. २८ः असिलक्खणजातकं, नं. १२६, अ. क. I–II. पृ. ३३७.

त्यसरी हाछ्यु गर्दा तरबारको धारले उनको नाक दुइ टुक्रा भयो। यसरी उनको नाक दुइ टुक्रा भएको कुरा भिक्षुसंघमा प्रकट भयो।

एकदिन धर्मसभामा भिक्षुहरूले कुरा निकाले—"आवुसो! राजाको तरबारको लक्षण बताउने ब्राह्मणको तलबारको लक्षण बताउँदा नाक काटियो।"

शास्ता आउनु भई—"भिक्षुहो! अहिले तिमीहरू यहाँ के कुरा गरी बसिरहेका थियौ?" भनी सोधनी भएपछि "यो यों कुरा" भनी बताए। त्यसपछि भगवान्ले "भिक्षुहो! अहिले मात्र यी ब्राह्मणले तरबार सुँघ्दा नाक कटाएका होइनन् अघि पनि त्यस्तै भएको थियो" भनी पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशी देशमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा तरबारको लक्षण बताउने एक ब्राह्मण थिए। (सबै कुरा वर्तमान कुरा जस्तै हुन्।)

अनि राजाले उनलाई वैद्यकहाँ पठाई नाकको टुप्पो निकोपार्न लगाई चप्राको नाक बनाई लगाउन लगाई फेरि उपस्याक बनाए।

बाराणशी राजाका पुत्र थिएनन्। एउटी पुत्री र एउटा भाञ्जा थिए। उनीहरू दुवैलाई आफूकहाँ नै हुर्काए। उनीहरू एकसाथ हुर्के र परस्पर आसक्त पनि भए।

राजाले अमात्यहरूलाई बोलाई—"मेरा भाञ्जालाई यस राज्यको मालिक बनाई उनलाई नै मेरी छोरी दिई राज्याभिषेक गर्नुपऱ्यो" भनी भने । तर पछि फेरि सोचे कि—"मेरा भाञ्जा केवल नातेदार मात्र हुन् । अतः यिनलाई अर्कै राजपुत्रीसँग विवाह गराई राज्याभिषेक गरी, मेरी छोरी अर्कै राजालाई दिनुपऱ्यो । यसो गर्दा मेरा धेरै बन्धुहरू हुने छन् र दुवै राज्यको मालिक हामी नै हुनेछौं ।"

यसरी अमात्यहरूसँग सल्लाह गरी "यी दुवैलाई अलग्याउनुपऱ्यो" भन्ने लागेपछि भाञ्जा र छोरीलाई भिन्नाभिन्नै घरमा राखे । सोह्रवर्षको उमेरमा पुगेपछि उनीहरू अत्यधिक आसक्त हुनथाले ।

राजकुमारले सोच्नथाले कि—"कसरी मामाकी छोरीलाई राजदरबारबाट बाहिर निकाल्न सकूँला ?" अनि "एक उपाय छ" भनी उनले एक भाग्य बताउनेलाई अर्थात् ज्योतिषनीलाई बोलाउन पठाई उसलाई एकहजार दिए ।

"मैले के गर्नुपऱ्यो ?" भनी उसले सोध्दा "अम्मे ! तिमीले गरेको खण्डमा गर्न नसक्ने केही छैन । जे गरेर हुन्छ त्यसै गरी मेरी मामाकी छोरी घरबाट बाहिर ल्याउन लगाइदेऊ ।"

"हवस, म राजाकहाँ गई यस्तो भन्नेछु—'देव ! राजकन्यामाथि कुलक्षिण पसेको छ अर्थात् भूत लागेको छ । यस विषयमा अहिलेसम्म कसैले फर्केर हेरेका छैनन् । त्यसैले राजकन्यालाई अमुक दिनमा रथमा राखी धेरै शस्त्रधारी मानिसहरू लिई ठूलो परिवारका साथ म चिहानमा जानेछु । त्यहाँ मण्डल-पीठ भनि खाटमा मृत शरीर राखी खाटमाथि

राजपुत्रीलाई राखी एकशय आठ सुगन्धित घडाका जलले नुहाई भूत निकालिदिने छु ।' यसो भनी राजपुत्रीलाई चिहानमा लैजानेछु । तपाइ त्यसदिन हामी जानुभन्दा अगाडि नै अलिकता मरीचको धूलो लिई शस्त्रधारी आफ्ना मानिसहरूका साथ रथमा बसी चिहानमा गई रथहरू चिहान-द्वारको एकातिर राखी शस्त्रधारी मानिसहरूलाई चिहानको जङ्गलतिर पठाई आफू स्वयं चिहानमा गई मण्डल-पीठमा मरे जस्तो गरी सुत्नुहोस् । म त्यहाँ आई तपाइमाथि खाट राखी राजपुत्रीलाई उचाली खाट्मा सुताउने छु । त्यसवेला तपाइले मरीचको धूलो आफ्नो नाकमा राखी दुइ तीन पटक हाच्छ्यु हाच्छ्यु गर्नेवित्तिकै हामीहरू राजकन्यालाई छाडेर भाग्नेछौं । अनि तपाइले राजकन्यालाई शीर नुहाउन लगाई आफू स्वयंले पनि शीर नुहाई उनलाई लिएर आफू बस्ने ठाउँमा लैजानु होला ।"

"हुन्छ, राम्रो उपाय हो" भनी उनले स्वीकार गरे ।

अनि ज्योतिषनी गएर सबै कुरा राजालाई भनी । राजाले पनि स्वीकारे । राजकन्यालाई पनि यस भेदको कुरा जम्मै बताइदिई । उनले पनि स्वीकारिन् ।

आफू जाने दिन कुमारलाई सूचनादिई विशाल परिवारका साथ चिहानमा गई रक्षकहरूलाई भय उत्पन्न गराउनकोनिमित्त यस्तो भनी— "राजकन्यालाई खाटमा राख्ने बेलामा खाटमनिको मृत शरीरले हाच्छ्यु गर्ने छ र हाच्छ्यु गरी खाटमनिबाट निस्केर पहिले जसलाई हेर्ने छ त्यसैलाई समात्ने छ । अतः तिमीहरू सतर्क रहनू ।"

राजकुमार पहिले नै गई बताएबमोजिम त्यहाँ सुतिरहे ।

भाग्य बताउनेले अर्थात् ज्योतिषनीले राजकन्यालाई उचाली मण्डल-पीठनिर जाँदा 'डराउन पर्दैन' भनी सम्झाई खाटमा राखी । त्यसबखत कुमारले मरीचको धूलो नाकमा राखी हाच्छ्यु गरे । उनले हाच्छ्यु गर्नेबित्तिकै भाग्य बताउने ज्योतिषनी राजकन्यालाई छाडेर चिच्याउँदै कराउँदै सबैभन्दा अगाडि भागेर गई । उ भागेर गएपछि त्यहाँ कुनै पनि मानिस बस्नसकेन । हातमा लिइराखेको शस्त्र समेत छाडेर सबै भागेर गए । पूर्व सल्लाह अनुसार सबै काम गरी राजकन्यालाई लिएर कुमार पनि आफू बस्ने ठाउँमा गए ।

भाग्य बताउनेले राजाकहाँ गई सबै कुरा सुनाई । राजाले स्वीकार गरी भने—"स्वभावतः उनैलाई छोरी दिने विचार गरेकै थिएँ । यो त पायसमा घ्यू राख्ने जस्तो भयो ।" पछि भान्जालाई राज्य दिई छोरीलाई महादेवी बनाइदिए । राजकन्यासँग मिलेर बसी उनका भान्जाले पनि धर्मपूर्वक राज्य गरे । त्यो तरबारको लक्षण बताउने ब्राह्मण पनि उनकै उपस्थाक भयो ।

एकदिन राजोपस्थानमा आई सूर्यतिर हेरी उपस्थान गरिरहेको बेलामा चप्राको नाक पगल्यो । कृत्रिम नाक भुइँमा खस्यो । अनि लाजले तलतिर हेरिरह्यो । राजा हाँस्दै—"भो आचार्य ! शोक नगर्नुहोस् । हाच्छ्यु भनेको कसैलाई असल हुन्छ भने कसैलाई खराब हुन्छ ॥ तपाइले हाच्छ्यु गर्दा आफ्नो नाक कटाउनु भयो । मैले हाच्छ्यु गर्दा मामाकी छोरी र राज्य समेत पाएँ । यति भनी यो गाथा भने—

"तथेवेकस्स कल्याणं तथेवेकस्स पापकं ।
तस्मा सब्बं न कल्याणं सब्बं वा पि न पापक'न्ति ।।"

अर्थ –

"उही नै कारण कसैलाई कल्याणकर छ भने उही नै कारण कसैलाई अकल्याणकर हुन्छ। त्यसैले सबै वस्तु कल्याणकारी पनि हुँदैनन् र सबै वस्तु अकल्याणकारी पनि हुँदैनन् ।"

यसरी गाथाद्वारा त्यो कुरा बताई दानादि पुण्य गरी कर्मानुसार परलोक गए ।

शास्ताले यो उपदेशद्वारा लोकसम्मत कल्याण र अकल्याणको अनेकांशिक अर्थ प्रकाश पार्नुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखत तरबारको लक्षण बताउने ब्राह्मण अहिलेका तरबारको लक्षण बताउने ब्राह्मण थिए । भान्जा हुने राजा चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

६. उपसाल्हक जातक (१६६)

"उपसाल्हकनाम'न्ति...[1]" भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले एक उपसाल्हक भन्ने श्मशान शुद्धिक एक ब्राह्मणको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

यिनी चाहिं आढ्य महाधनी थिए । मिथ्याविचारक भएको हुंदा नजिकमा बसिरहनु भएका बुद्धहरूलाई पनि संग्रह गरेनन् । उनको छोरा चाहिं पण्डित तथा ज्ञानी थिए ।

आफू बुढो भएपछि छोरालाई यसो भने—"तात ! मलाई कुनै चाण्डालहरू जलाएको चिहानमा न जलाऊ । मलाई अरू कसैलाई न जलाएको ठाउँमा जलाऊ ।"

"तात ! तपाइलाई जलाउने ठाउँ मलाई थाहाछैन । अतः

१. जा. पा. I. पृ. ३९: उपसालकजातकं, नं. १६६, अ. क. I–II. पृ. ४१५.

मलाई लगेर 'यो ठाउँमा जलाऊ' भनी तपाइले नै देखाइदिनु भए बेशहुने थियो ।"

"हुन्छ तात" भनी उसलाई लिएर नगरबाट निस्की गृद्धकूट माथि चढेर "तात ! यो ठाउँमा कुनै चाण्डाललाई जलाएको छैन । यसै ठाउँमा जलाउनू" भनी छोरासँग पर्वतबाट ओर्लिहन थाले ।

शास्ताले चाहिं त्यसदिन बिहान सबेरै बोधनीय पुरुषहरू ध्यान-दृष्टिले हेरिरहनु भएको बेलामा ती बाबु छोरा दुवैमा स्रोतापत्तिमार्गको उपनिश्रय भएको देखनुभयो । त्यसैले बाटोमा लागेका शिकारी जस्तै पर्वतको फेदीमा गई पर्वतबाट ओर्लिहरहेका उनीहरूको प्रतीक्षामा भगवान् बस्नुभयो ।

ओर्लिहरहेको बेलामा उनीहरूले शास्तालाई देखे । शास्ताले कुशलक्षेम कुरा गर्नुहुँदै "ब्राह्मण ! कहाँ गएका थियौ ?" भनी सोध्नुभयो ।

माणवले उक्त कुरा बताए । अनि शास्ताले "त्यसोभए आऊ तिम्रा पिताले भनेको ठाउँमा जाऔं" भनी दुवै बाबुछोरालाई लिई पर्वतको चुचुरोमा चढी "कुन ठाउँ हो ?" भनी सोध्नुभयो ।

माणव—"भन्ते ! यी तीनवटा पर्वतको बीचमा भनी मेरा पिता भन्नुहुन्छ" भनी भने ।

"माणव ! तिम्रा पिता अहिले मात्र श्मशानशुद्धिक होइनन् अघि पनि श्मशानशुद्धिक नै थिए । अहिले मात्र तिमीलाई यस ठाउँमा

जलाउनू भनी भनेका होइनन् अघि पनि यसै ठाउँमा जलाउनू भनी भनेका थिए" भनी भन्नुहुँदा उनले सो कुरा बताउन प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा पनि यसै राजगृहमा यही उपसाल्हक ब्राह्मण र यही उसको छोरा थिए ।

त्यसबखत बोधिसत्व मगध देशमा एक ब्राह्मण कुलमा जन्मी सबै विद्या सिकिसकेपछि ऋषिभेष अनुसार प्रव्रजित भई अभिज्ञा र समापत्तिहरू लाभ गरी ध्यानक्रडामा मग्नभई हिमाल प्रदेशमा धेरै दिन बसी नून र अमिलो सेवन गर्नकोनिमित्त गृद्धकूट पर्वतको पर्णशालामा आई बसे ।

त्यसबखत सो ब्राह्मणले उपरोक्ताकारले नै पुत्रलाई भन्दा पुत्रले—"तपाइले नै मलाई त्यो ठाउँ देखाइदिनुहोस्" भनी भनेपछि यसै ठाउँ देखाई पुत्रको साथ ओर्ल्हिरहेको बेलामा बोधिसत्वलाई देखेर उनकहाँ गए ।

बोधिसत्वले पनि उपरोक्ताकारले नै सोध्दा माणवको कुरा सुनी "आऊ, तिम्रा पिताले भनेको ठाउँमा अघि कसैलाई जलाएको थियो वा थिएन भन्ने कुरा म जान्नेछु" भनी उनीहरूसँगै पर्वतमाथि

चढी "यी तीनैवटा पर्वतको बीचमा कसैलाई जलाएको छैन" भनी माणवले भनेपछि "माणव ! यसै ठाउँमा जलाएका मानिसहरूको संख्या अनगिन्ती छन् । यसै राजगृहमा ब्राह्मण कुलमै जन्मी उपसाल्हक नामको भई यसै पर्वतको बीचमा तिम्रै पितालाई चौधहजार जन्मसम्म जलाइ सकिएको छ । "यो पृथ्वीमा न जलाएको ठाउँ वा चिहान नभएको ठाउँ वा शीर नकाटेको ठाउँ पाउन सकिन्न" भनी पूर्वेनिवास-ज्ञानद्वारा[1] परिच्छेद गरी यी दुइ गाथाहरू बताए—

१. "उपसाल्हक नामानं सहस्सानि चतुद्दस ।
अस्मि पदेसे दड्ढानि नत्थि लोके अनामतं ।।

२. "यम्हि सच्चं च धम्मो च अहिंसा संयमो दमो ।
एतदरिया सेवन्ति एतं लोके अनामतं ।।"

अर्थ—

१–"यो लोकमा नमरेको ठाउँ कहीं छैन । यसै ठाउँमा उपसाल्हक नामका चौधहजार मानिसहरूलाई जलाइ सकिएका छन् ।

२–"जसमा आर्यसत्य धर्म, अहिंसा, संयमशील र इन्द्रिय दमन हुन्छ, त्यस्ताको सत्संगत गर्नु नै यो लोकमा अमृत कहलाइन्छ ।"

---

१. पूर्वेनिवासज्ञान भनेको पूर्वजन्मका कुराहरू संस्मरण गर्न सक्ने ध्यानमय ज्ञान हो ।

यसरी बाबुछोरालाई धर्मोपदेश गरी चतुब्रह्मविहारलाई[1] भावना गरी बोधिसत्व ब्रह्मलोक परायण भएर गए ।

शास्ताले यो धर्मोपदेश ल्याई सत्यकुरा प्रकाशपार्नु भई जातक समाधान गर्नुभयो । धर्मोपदेश सिद्धिएपछि दुवै बाबुछोरा स्रोतापत्ति-फलमा प्रतिष्ठित भए ।

"त्यसबखतका बाबुछोरा नै अहिलेका बाबुछोरा थिए र तपस्वी चाहीं म नै थिएँ" भनी भन्नुभयो ।

---

१. चतुब्रह्मविहार भनी मैत्री, करुणा, मुदिता र उपेक्षालाई भनिएको हो ।

७. अनभिरति जातक (१८५)

"यथोदके आविले अप्पसन्ने'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक ब्राह्मण कुमारको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

श्रावस्तीमा एक ब्राह्मण कुमार थिए। यिनी तीनै वेदमा पारंगत थिए। यिनले क्षत्री र ब्राह्मण कुमारहरूलाई मन्त्र (=वेद) पढाउँदथे। पछिगएर आफ्नो घरगृहस्थी बसाले। वस्त्रालंकार, दास, दासी, खेत, गाई, भैंसी, पुत्र तथा स्त्री आदिको चिन्ता गर्दागर्दै रागद्वेष-मोहको वशीभूत हुँदा यिनको चित्त अस्थिर भयो। क्रमैसँग मन्त्र पढाउन पनि सकेनन्। यता उताको मन्त्र पनि सम्झन सकेनन्।

एकदिन धेरै सुवासित फूलमालाहरू लिएर जेतवनमा गई शास्तालाई पूजागरी वन्दना गरी एक छेउमा बसे।

१. जा. पा. I. पृ. ४४: अनभिरतिजातकं, नं. १८५, अ. क. I-II. पृ. ४४६.

उनीसँग कुशलक्षेम कुरा गर्नुहुँदै शास्ताले—"माणव ! मन्त्र पढाउँछौ त ? राम्ररी मन्त्र आउँछ त ?" भनी सोध्नुभयो ।

"भन्ते ! पहिले त मलाई मन्त्र राम्रोसँग आउँदथ्यो । तर घरगृहस्थी बसालेदेखि यता मेरो चित्त अस्थिर हुनथाल्यो । त्यसैले अब मलाई राम्रोसँग मन्त्र आउँदैन ।"

अनि शास्ताले उनलाई—"माणव ! अहिले मात्र होइन अघि पनि चित्त स्थिर भएको बेलामा तिमीलाई राम्ररी मन्त्र आउँदथ्यो । रागादिद्वारा घोलमोल भएपछि तिमीलाई मन्त्र आउँन छाडेको थियो" भनी भन्नु हुँदा सो कुरा सुनाउन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनुभयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व ब्राह्मण महाशाल कुलमा[१] जन्मी बँश पुगेपछि तक्षशिलामा मन्त्र पढी दिशाप्रमुख आचार्य भई बाराणशीमा धेरै क्षत्री र ब्राह्मण कुमारहरूलाई यिनले मन्त्र पढाउन थाले ।

---

१. कमसेकम असीकोटी धन निधानगरिराखन सक्नेलाई 'ब्राह्मण महाशालकुल' भन्दछन् । सं. अ. क. I. पृ. १०७: जरामरणसुत्तं, कोसलसंयुत्तं । हेर्नू लेखकको बु. प. पृ. ४७ को पादटिप्पणीमा ।

उनकहाँ एक ब्राह्मण माणवकले तीनै वेद पारंगत गऱ्यो। एक पदमा पनि शंका रहेन र उपाचार्य भई मन्त्र पढाउन पनि थाल्यो। पछिगएर उसले घरगृहस्थी बसाल्यो। घरगृहस्थीको चित्त भएको हुनाले चित्त अस्थिर हुँदा मन्त्रपाठ गर्न सकेन। अनि आचार्यकहाँ आएको उसँग आचार्यले—"माणवक! मन्त्र राम्रोसँग आउँछ होइन ?" भनी सोध्दा "घरगृहस्थी भएदेखि यता मेरो चित्त अस्थिर भयो र मन्त्रपाठ गर्न सकिन" भनी भनेपछि "तात! चित्त अस्थिर हुंदा अभ्यस्त भएको मन्त्र पनि सम्झना हुन्न। अस्थिर नभएको खण्डमा सम्झन नसक्ने कुनै कुरा छैन" भनी यी गाथाहरू भने—

१. "यथोदके आविले अप्पसन्ने,
न पस्सति सिप्पिसम्बुकं मच्छगुम्बं।
एवं आविले हि चित्ते,
न पस्सति अत्तदत्थं परत्थं॥

२. "यथोदके अच्छे विप्पसन्ने,
सो पस्सति सिप्पि च मच्छगुम्बं।
एवं अनाविले हि चित्ते,
सो पस्सति अत्तदत्थं परत्थं'ति॥"

अर्थ—

१—"जस्तै चलेको अपरिशुद्ध भएको पानीमा सीपी, शंख

र माछाको समूह आदि देखिन्न त्यस्तै गरी मलीन चित्त अथवा अस्थिर चित्त हुनेले आत्मार्थ र परार्थ दुवै देखन सक्दैन ।

२–"जस्तै स्वच्छ तथा निर्मल पानी भएकोमा सीपी, शंख र माछाको समूह आदि देखिन्छन् त्यस्तैगरी स्थीर चित्त हुनेले आत्मार्थ र परार्थ दुवै देखन सक्छ ।"

शास्ताले यो पूर्वजन्मको कुरा बताउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्य कुराको अन्त्यमा ब्राह्मण कुमार स्रोतापत्तिफलमा प्रतिष्ठित भए ।

"त्यसबखत यिनै माणव थिए र आचार्य चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

८. साधुसील जातक(२००)

"सरीरदव्य'न्ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनु-भएका शास्ताले एक ब्राह्मणको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

यिनका चारवटी छोरीहरू थिए । ती चारैजना चारप्रकारका पुरुषकहाँ जान चाहन्थे—त्यसमध्ये एउटी अभिरूप शरीर भएकोकहाँ, एउटी बैंश पुगेको जेठोकहाँ, एउटी जातिसम्पन्न अर्थात् उच्चजातिकहाँ र एउटी शीलवान्कहाँ ।

ब्राह्मणले सोचे -"छोरीहरू दिंदा कस्तालाई दिनुपर्ने रहेछ ? के रूपवान्लाई कि बैंश पुगेकोलाई कि जातिसम्पन्नलाई कि अथवा शीलवान्हरूमध्ये कुनैलाई ?" यति सोचेर पनि जान्न सकेनन् । "यो कारण सम्यक्सम्बुद्धले जान्ने छन् । वहाँसँग सोधेर तिनीहरूमध्ये

१. जा. पा. I. पृ. ४९: साधुसीलजातकं, मं. २००, अ. क. I-II. पृ. ४७१.

उचित पुरुषलाई दिनेछु" भनी विचार गरी सुगन्धित मालाहरू लिनलगाई विहारमा गई शास्तालाई वन्दना गरी एक छेउमा बसी शुरुदेखि सबै कुरा सुनाउँदै—"भन्ते ! यी चार पुरुषहरूमध्ये कसलाई दिनुपर्ला ?" भनी सोधे ।

शास्ताले "अघि पनि तिमीलाई यो प्रश्नको उत्तर पण्डितहरूले दिएका थिए । तर पूर्वजन्मकाकुरा भएको हुनाले तिमीले सम्झन सकेनौ" भनी भन्नु भएपछि उनले सो कुरा बताउनकोनिमित्त प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व ब्राह्मण कुलमा जन्मी बँश पुगेपछि तक्षशिलामा शास्त्र अध्ययन गरी आएर बाराणशीमा दिशाप्रमुख आचार्य भए ।

एक ब्राह्मणका चारवटी छोरीहरू थिए । तिनीहरू वर्तमान कुरामा जस्तै चारप्रकारका पुरुषकहाँ जान चाहन्थे । "कसलाई दिनुपर्ला ?" भन्ने कुरा जान्न नसकी "आचार्यकहाँ सोधेर दिनयोग्य पुरुषलाई दिनेछु" भनी आचार्यकहाँ गई यो कुरा सोध्दै प्रथम गाथा भने—

"सरीरदब्यं वद्धब्यं सोजच्चं साधुसीलियं ।
ब्राह्मणन्त्वेव पुच्छाम कन्नु तेसं वणिह्मसे'ति ।।"

अर्थ—

"हे ब्राह्मण ! म सोध्दछु कि शरीर सौन्दर्य भएकालाई, आयु बढी हुनेलाई, उच्चजाति हुनेलाई अथवा शीलवान् हुनेलाई—कसलाई दिनुपर्ला ?"

यो सुनेर आचार्य भन्दछन्—"रूपसम्पत्ति आदि भएता पनि शील नहुने निन्दनीय हुन्छ । अतः त्यो प्रमाण होइन । हामीलाई त शीलवान् नै ठीक लाग्दछ ।" यही कुरा प्रकाश पार्दै दोश्रो गाथा भने—

"अत्थो अत्थि सरीरस्मि वद्धव्यस्स नमोकरे ।
अत्थो अत्थि सुजातस्मि सीलं अस्माकरुच्चती'ति ।।"

अर्थ—

"शरीरको पनि आफ्नो विशेषता छ, वृद्धलाई नमस्कार गरिन्छ, सुजाततामा पनि विशेषता छ तर हामीलाई चाहिं शीलवान् नै असल लाग्दछ ।"

"राम्रो हो" भनी उनको कुरा सुनी ब्राह्मणले शीलवान्हरूलाई नै छोरीहरू दिए ।

शास्ताले यो धर्मोपदेश ल्याउनु भई सत्य कुरा प्रकाश पार्नुहुँदै

जातक समाधान गर्नुभयो। सत्य कुराको अन्त्यमा ब्राह्मण स्रोतापत्ति-फलमा प्रतिष्ठित भए।

"त्यसबखत ब्राह्मण यिनै थिए र दिशाप्रमुख आचार्य चाहिं म नै थिएँ" भनी भन्नुभयो।

---

९. सीलवीमंस जातक(२९०)

"सीलं किरेव कल्याण'न्ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक शील परीक्षक ब्राह्मणको कारणमा बताउनु भएको हो ।

वर्तमान र अतीतका कथा माथि (पृ. ६ मा) एककनिपातमा सीलवीमंस जातकमा विस्तार गरिएकै छ ।

अतीत कथा

यहाँ चाहिं बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा उनका पुरोहितले आफ्नो शीलको परीक्षा गर्नुपर्‍यो भनी सराफीको पसलबाट दुइ दिनसम्म एक एक कार्षापण लिए । तेश्रो दिनमा उनलाई 'चोर हो' भनी समाती राजाकहाँ लगे । यसरी लैजाँदा उनले बाटामा सपेराले सर्प नचाइरहेको देखे । राजाले यो देखेर उनीसँग किन यसो

---

१. जा. पा. I. पृ. ८१: सीलवीमंसकजातकं, नं. २९०, अ. क. I–II. पृ. ६:१.

गरेको हो भनी सोधे । ब्राह्मणले आफ्नो शील परीक्षा गर्नकोनिमित्त हो भनी निम्न गाथाहरू भने—

१. "सीलं किरेव कल्याणं सीलं लोके अनुत्तरं ।
पस्स घोरविसो नागो सीलवाति न हञ्ञति ।।

२. "सोहं सीलं समादिस्सं लोके अनुमतं सिवं ।
अरियवुत्ति समाचारो येन वुच्चति सीलवा ।।

३. "ञातीनञ्च पियो होति मित्तेसु च विरोचति ।
कायस्स भेदा सुगतिं उप्पज्जति सीलवा'ति ।।"

अर्थ—

१–"शील नै कल्याण छ र शील नै यो लोकमा सर्वोत्तम छ । हेर शीलवान् भनी घोर-विषधारी सर्पले पनि डस्दैन ।

२–"यो लोकमा जुन कल्याणकर शील सम्मत छ त्यो शील अब म पालन गर्नेछु । आर्यवृत्ति र सदाचार हुनेलाई शीलवान् भनी भन्दछन् ।

३–"त्यस्ता शीलवान्लाई ज्ञातिहरूले प्यार गर्छन् र मित्रहरूको बीचमा पनि तेजिलो हुन्छ । जो मृत्युपछि सुगतिमा पनि उत्पन्न हुन्छ ।"

यसरी बोधिसत्वले तीनवटा गाथाद्वारा शीलको प्रशंसा गर्दै राजालाई धर्मोपदेश गरे । अनि भने—"महाराज ! मेरो घरमा बाबुको

तर्फबाट, आमाको तर्फबाट, मैले स्वयं कमाएको तथा तपाइको तर्फबाट पाएको धेरै धनसम्पत्ति छ। त्यसको परिमाण देखिन्न। शीलको परीक्षा गर्नकोनिमित्त मैले सराफीको पसलबाट कार्षापण लिएको हुँ। अब मैले यो लोकमा जातिगोत्र कुलप्रदेशहरूको निकृष्टता र शीलको उत्कृष्टतालाई पनि बुझें। अब म प्रव्रजित हुन चाहन्छु। मलाई प्रव्रजित हुने अनुमति दिनुहोस्।" यति भनी राजाबाट अनुमति लिई राजाले बारम्बार प्रार्थना गर्दा पनि निष्क्रमण गरी हिमालयमा गई ऋषिभेष अनुसार प्रव्रजित भई समापत्तिहरू लाभ गरी ब्रह्मलोक परायण भएर गए।

शास्ताले यो धर्मोपदेश ल्याउनु भई जातक समाधान गर्नुभयो।

'त्यसबखत शील परीक्षा गर्ने पुरोहित ब्राह्मण म नै थिएँ" भनी भन्नुभयो।

१०. सीलवीमंस जातक (३३०)

"सीलं किरेव कल्याण'न्ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक शील परीक्षक ब्राह्मणको कारणमा बताउनु भएको हो ।

अतीत कथा

दुवै कथाहरू (वर्तमान र अतीत) माथि (पृ. ६ मा) बताइ सकिएका छन् । यहाँ चाहिं बोधिसत्व बाराणशी राज्यको पुरोहित भएका थिए । शील परीक्षा गर्नकोनिमित्त उनले तीन दिनसम्म सराफीको पसलबाट कार्षापण लिए । अनि "यो चोर हो" भनी उनलाई राजाकहाँ लगे । राजाको अगाडि उभिई उनले यसो भने—

"सीलं किरेव कल्याणं सीलं लोके अनुत्तरं ।
पस्स घोरविसो नागो सीलवाति न हञ्ञती'ति ।।"

---

१. जा. पा. I. पृ. १००: सीलवीमंसकजातकं, नं. ३३०, अ. क. III. पृ. ७०.

अर्थ—

"शील नै कल्याण छ र शील नै यो लोकमा सर्वोत्तम छ। हेर शीलवान् भनी घोर-विषधारी सर्पले पनि डस्दैन।"

यो पहिलो गाथाद्वारा शीलको वर्णन गरी राजाबाट प्रव्रज्या हुने अनुमति प्राप्तगरी प्रव्रजित हुनको लागि गए।

एउटा कसाहीको पसलबाट एउटा बाजले मासुको चौटा टिपेर आकाशमा उडेर गयो। त्यसलाई अरू चराहरूले घेरेर खुट्टा र चुच्चोले ठुग्नथाले। त्यो कष्ट सहन नसकी त्यसले मासुको चौटा छाडिदियो। अनि त्यसलाई अर्कोले टिप्यो। ज-जसले टिपेर लियो त्य-त्यसलाई चराहरूले लखेटे। ज-जसले छाड्यो उ-उ सुखी भयो। यो देखेर बोधिसत्वले "यो कामभोग भनेको मासुको चौटा जस्तै हो। यो समात्नेलाई मात्र दुःख हुन्छ र छाड्नेलाई सुख हुन्छ" भन्ने सोचेर दोश्रो गाथा भने—

"यावदेवस्सहू किञ्चि तावदेव अखादिसुं।
सङ्गम्म कुलला लोके नहिंसन्ति अकिञ्चनन्ति।।"

अर्थ—

"जबसम्म बाजको मुखमा मासुको चौटा थियो तबसम्म अरू चराहरू मिलेर उसलाई टोक्नथाले। जब मासुको चौटा छोड्यो तब उसलाई कसैले टोकेन। त्यस्तै यो संसारमा प्रपञ्च नहुनेलाई कसैले हिंसा गर्दैन।"

उनी नगरबाट निस्की एक गाउँमा पुग्दा संध्यासमय भएपछि कुनै एक घरमा सुते । त्यहाँ पिङ्गला भन्ने दासीले एक पुरुषलाई अमुक समयमा आउनू भनी संकेत गरी । अनि मालिकहरूको खुट्टा धोइदिई उनीहरू सुतेपछि उसको प्रतीक्षा गरी क्यालमा बसी अहिले आउला, भन्दा-भन्दै प्रथमयाम पनि बित्यो दोश्रो याम पनि बित्यो । प्रत्यूष समय भएपछि अब उ आउने छैन भन्ने ठानी निराश भएर उ निदाई । यो कारण देखेर—"यो दासी सो पुरुष आउनेछ भनी यतिञ्जेलसम्म बसिरही । अब उ आउने छैन भनी जानेर आशा दूर भएपछि उ सुती । क्लेशहरूमा आशा हुनु नै दुःख हो र आशा नहुनु नै सुख हो" भनी सोचेर बोधिसत्वले तेश्रो गाथा भने—

"सुखं निरासा सुपति आसा फलवती सुखा ।
आसं निरासं कत्वान सुखं सुपति पिङ्गलाति ।।"

अर्थ—

"आशारहित मानिस सुखपूर्वक सुत्छ । फलदायी आशा चाहि सुख हुन्छ । आशालाई निराशमा परिणत गरी पिङ्गला सुखपूर्वक सुती ।"

अर्को दिनमा उनी त्यहाँबाट जंगलतिर गए । त्यहाँ उनले ध्यान प्राप्तगरी बसिरहेका एक तपस्वीलाई देखेर—"यो लोकमा र परलोकमा ध्यानसुखभन्दा ठूलो सुख अर्को छैन" भन्ने विचार गरी चतुर्थ गाथा भने—

"न समाधिपरो अत्थि अस्मि लोके परम्हि च ।
न परं नापि अत्तानं विहिंसति समाहितो ।।"

अर्थ—

"यो लोकमा र परलोकमा समाधि सुख जस्तो सुख अर्को छैन । समाहित चित्त हुनेले आफूलाई र अर्कालाई हिंसा गर्दैन ।"

यति सोचेर उनी जंगलभित्र गई ऋषिभेष अनुसार प्रव्रजित भई ध्यानाभिज्ञ लाभ गरी ब्रह्मलोक परायण भए ।

शास्ताले यो धर्मोपदेश ल्याउनुभई जातक समाधान गर्नुभयो । "त्यसबखत तपस्वी म नै थिएँ" भनी भन्नुभयो ।

११. सीलवीमंसक जातक (३६२)

"सीलं सेय्यो'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनु-भएका शास्ताले शील परीक्षक एक ब्राह्मणको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

राजाले शीलवान् ठानी अरू ब्राह्मणहरूलाईभन्दा यिनलाई विशेषरूपले हेर्दथे । उनले सोचनथाले—"के मलाई राजाले शीलवान् ठानी गौरबराखी हेर्छन् कि श्रुतवान् ठानी हेर्छन् ? शीलको महत्व छ कि श्रुतिको महत्व छ ?—परीक्षा गरी हेर्नुपर्‍यो ।"

अनि एकदिन उनले सराफीको पसलबाट कार्षापण लिए । सराफीले गौरबको कारणले केही भनेन । दोश्रो पटक पनि केही भनेन । तेश्रो पटक चाहिं "लुट गर्ने चोर हो" भनी समातन लगाई राजाकहाँ लग्यो । राजाले "यसले के गर्‍यो ?" भनी सोध्दा "कुटुम्बहरूको लुट्छ" भनी भन्यो ।

१. जा. पा. I. पृ. ११९: सीलवीमंस जातकं, नं. ३६२, अ. क. III. पृ. १३४.

"ब्राह्मण ! साँच्चै हो के ?"

"महाराज ! कुटुम्बहरूको लुटेको होइन । शील ठूलो हो कि श्रुति ठूलो हो भन्ने कुरामा मलाई शंका लागेको थियो । यसमध्ये कुनचाहिं ठूलो रहेछ भन्ने विचारले परीक्षा गर्नकोनिमित्त मैले तीन पटकसम्म कार्षापण लिएँ । अनि मलाई बाँध्न लगाई यसले तपाइकहाँ ल्यायो । अब मैले श्रुतिकोभन्दा शीलको बढी महत्व बुझें । मलाई घरवासको आवश्यकता छैन । म प्रव्रजित हुनेछु भनी प्रव्रज्याको अनुमति लिई घरबार वास्ता नगरी उहींबाटै जेतवनमा गई शास्तासँग प्रव्रज्या मागे । शास्ताले उनलाई प्रव्रज्या र उपसम्पदा दिलाउन लगाइदिनु भयो । उपसम्पदा भएको केही दिनपछि विपश्यना भावनागरी अग्रफलमा प्रतिष्ठित भए ।

भिक्षुहरूले धर्मसभामा कुरा चलाए—"आवुसो ! अमुक ब्राह्मण आफ्नो शील परीक्षा गरी प्रव्रजित भई विपश्यना गरी अरहन्त भए ।"

शास्ता आउनु भई "भिक्षुहो ! अहिले यहाँ के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नु भएपछि "यो यो कुरा" भनी भनेपछि "भिक्षुहो ! यिनले अहिले मात्र शीलको परीक्षा गरेका होइनन् पहिलेका पण्डितहरूले पनि शील परीक्षण गरी प्रव्रजित भई आफ्नो प्रतिष्ठा बनाएकै थिए" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको

बेलामा बोधिसत्व ब्राह्मण कुलमा जन्मी वँश पुगेपछि तक्षशिलामा गई सबै शिल्पशास्त्रहरू अध्ययन गरी बाराणशीमा फर्की उनले राजासँग भेंट गरे । राजाले उनलाई पुरोहितको स्थानमा राखे । उनी पञ्चशील पालन गर्दथे । राजाले पनि उनलाई शीलवान् भनी गौरवराखी हेर्दथे । उनले सोच्नथाले कि—के राजाले मलाई शीलवान् भनी गौरवराखी हेरेका हुन् कि श्रुतवान् आचार सम्पन्न भनी हेरेका हुन् ? (अरू सबै कुरा वर्तमान कथामा जस्तै हुन् ।)

यहाँ चाहिं सो ब्राह्मणले अब मैले श्रुतिभन्दा शीलको महत्वलाई बुझें भन्दै यो पाँच गाथाहरू भने—

१. "सीलं सेय्यो सुतं सेय्यो इति मे संसयो अहु ।
सीलमेव सुतासेय्य इति मे नत्थि संसयो ।।

२. "मोघा जाति च वण्णो च सीलमेव किरुत्तमं ।
सीलेन अनुपेतस्स सुतेनत्थो न विज्जति ।।

३. "खत्तियो च अधम्मत्थो वेस्सो चाधम्मनिस्सितो ।
ते परिचज्जुभो लोके उपपज्जन्ति दुग्गतिं ।।

४. "खत्तिया ब्राह्मण वेस्सा सुद्दा चाण्डालपुक्कुसा ।
इध धम्मं चरित्वान भवन्ति तिदिवे समा ।।

५. "न वेदा सम्परायाय न जाति नापि बन्धवा ।
सकञ्च सीलं संसुद्धं सम्पराय सुखावहन्ति ।।"

अर्थ—

१–"शील श्रेष्ठहो कि श्रुति श्रेष्ठहो भन्ने मेरो मनमा शंका थियो। श्रुतिभन्दा शील नै श्रेष्ठ रहेछ भन्ने कुरामा अब मलाई कुनै शंका छैन।

२–"जाति र रूपवर्ण तुच्छ छ शील नै उत्तम छ; शील सदाचारले युक्त हुनेलाई श्रुतिको काम छैन।

३–"अधार्मिक क्षत्री र अधार्मिक वैश्य यी दुवै यो लोक छाडेर दुर्गतिमा उत्पन्न हुन्छन्।

४–"यहाँ धर्माचरण गर्ने क्षत्री, ब्राह्मण, वैश्य, शूद्र, चाण्डाल र पुक्कुसहरू[१] पनि देव समान हुन्छन् र देवलोकमा पनि पुग्छन्।

५–"परलोकको लागि वेद, जात र बन्धुहरूले केही गर्न सक्दैनन्; शील शुद्धि गरेमा मात्र परलोकमा समेत सुख प्राप्त हुन्छ।"

यसरी शील सम्बन्धी गुणको कुरा सुनाएर राजाबाट प्रव्रज्याको अनुमति लिई त्यसै दिन हिमालयमा गई ऋषिभेष अनुसार प्रव्रजित भई अभिज्ञा र समापत्तिहरू लाभ गरी बोधिसत्व ब्रह्मलोक परायण भए।

---

१. मरेको शरीर फ्याक्ने काम गर्नेलाई चाण्डाल र कुहिएको फूलहरू फ्याक्ने काम गर्नेलाई पुक्कुस भन्दछन्। जा. अ. क. III. पृ. १३५: सीलवीमंसजातकं, नं. ३६२.

यो धर्मदेशना ल्याउनु भई शास्ताले जातक समाधान गर्नुभयो ।

"त्यसबखत शील परीक्षा गरी ऋषिभेष अनुसार प्रव्रज्या हुने ब्राह्मण म नै थिएँ" भनी भन्नुभयो ।

१२. काम जातक(४६७)

"कामं कामयमानस्सा'ति... [१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक ब्राह्मणको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

श्रावस्तीवासी एक ब्राह्मणले अचिरवती नदीको किनारमा खेत बनाउनकोनिमित्त जंगल फांडे । उनको उपनिश्रय देखेर श्रावस्तीमा भिक्षाटन्को लागि जानुभएका शास्ता बाटोबाट छेउमा लागी उनीसँग कुशलक्षेम कुरागरी "ब्राह्मण ! के गर्दछौ ?" भनी सोध्नुभयो ।

"भो गौतम ! खेत बनाउनकोनिमित्त जंगल फांडदैछु" भनी भनेपछि "ब्राह्मण ! असल हो" भनी जानुभयो ।

यस्तै गरी काटिसकेका रुखहरू वसारी खेत तयार पारिरहेको बेलामा, खेत जोत्नें बेलामा, आली बनाउने बेलामा र बिउ रोपने

१. जा. पा. I. पृ. २३८: कामजातकं, नं. ४६७, अ. क. IV. पृ. १६७.

बेलामा बारम्बार गई शास्ताले उनीसँग कुशलक्षेम कुरा गर्नु भयो। रोपाइँ गर्ने बेलामा चाहिं ब्राह्मणले "भो गौतम! आज मेरो रोपाइँ गर्ने मंगल दिन हो। यो धान पाकिसकेपछि बुद्ध सहित भिक्षुसङ्घलाई महादान दिनेछु" भनी भने। यो कुरा स्वीकार गरी शास्ता पनि फर्केर जानुभयो।

फेरि एकदिन ब्राह्मण धान हेरिरहेको (कुरिरहेको) बेलामा शास्ता त्यहाँ जानुभई "ब्राह्मण! के गरिरहेछौ?" भनी सोध्नु हुँदा "भो गौतम धान हेर्दैछु" भनेपछि "राम्रो हो ब्राह्मण" भनी वहाँ फर्केर जानुभयो। त्यसबेला ब्राह्मणले सोचे "श्रमण गौतम सँधै जसो आउँछन्। अवश्य पनि भातको आशा गरेका होलान्। मैले उनलाई भात खुवाउनेछु।" यस्तो सोचेर उनी घर गएको दिनमै शास्ता पनि त्यहाँ जानुभयो। अनि ब्राह्मणलाई झन विश्वास भयो।

पछि गएर धान पाकिसकेपछि भोलि धान काट्नेछु भनी निश्चय गरी ब्राह्मण सुतेपछि अचिरवती नदीमा मुसलधारे पानीपर्‍यो। भयंकररूपले बाढी आई एक गेडा धान पनि नरहने गरी सबै समुद्रमा बघाई लग्यो। बाढी आई सबै धान लगेको हेरेर उनी आफ्नो स्वभावमा बस्न सकेनन्। सारै शोकाकुल भएर छाती पिट्दै रोई कराई घरमा गई विप्रलाप गर्दा गर्दै सुते। बिहान सवेरै शास्ताले शोकाकुलमा परेका ब्राह्मणलाई देखेर ब्राह्मणको सहायक बन्नुपर्‍यो भनी शास्ता अर्को दिनमा श्रावस्तीमा भिक्षाटन् गरी भिक्षाटन्बाट फर्किसकेपछि भिक्षु-हरूलाई बिहारमा पठाई अनुगामी श्रमणको साथ उनको घरद्वारमा

जानुभयो। भगवान् आउनु भयो भन्ने कुरा सुनेर "मसँग कुशलक्षेम कुरा गर्नकोलागि मेरा साथी आएका होलान्" भनी आश्वासन पाएर आसन बिच्छ्याइदिए। शास्ता घरभित्र पसी बिच्छ्याइराखेको आसनमा बस्नुभई "ब्राह्मण! किन तिमी कमजोर जस्ता देखिन्छौ, तिमीलाई के कष्ट भयो?" भनी सोध्नु भयो।

"भो गौतम! अचिरवती नदीको किनारमा मैले रुख काटे-देखिका जम्मै कुरा तपाइलाई थाहा नै छ। यो धान पाकेपछि तपाइलाई दान दिनेछु भन्ने पनि सोचेको थिएँ। अहिले ती सबै धानहरूलाई ठूलो बाढीले समुद्रमा पुऱ्याइसक्यो। केही पनि बाँकी छैन। शय गाडा जति धान नोक्सान भयो। त्यसँले गर्दा म सारै अपसोचमा परेको छु।"

"ब्राह्मण! के त शोक गरेर नष्ट भइसकेको वस्तु फेरि आउने छ त?"

"भो गौतम! आउने छैन।"

"त्यसोभए किन शोक गर्छौ त? यी प्राणीहरूको धनधान्य भनेको लाभ हुने वेलामा लाभ हुन्छ र विनाश हुने बेलामा विनाश हुन्छ। कुनै पनि संस्कारिक् वस्तु अविनाशी छैन, चिन्ता नगर" भनी शास्ताले आश्वासन दिनुभई उनलाई अनुरूप हुने गरी धर्मोपदेश गर्नुहुँदै कामसूत्रको[१] उपदेश सुनाउनु भयो। सूत्रको अन्त्यमा पुग्दापुग्दै ब्राह्मण स्रोतापत्तिफलमा प्रतिष्ठित भए। अनि उनलाई निश्शोकी तुल्याई शास्ता आसनबाट उठी विहारमा जानुभयो।

१. सुत्त. नि. पा. पृ. ३८८: कामसुत्तं, अट्ठकवग्गो।

"शास्ताले शोकाकुलित अमुक ब्राह्मणलाई निश्शोकी तुल्याई स्रोतापत्तिफलमा प्रतिष्ठित गराउनु भयो" भन्ने कुरा सारा शहरभर फैलियो ।

धर्मसभामा भिक्षुहरूले कुरा उठाए—"आवुसो ! दशबलले ब्राह्मणसँग मैत्री राखी विश्वासी भई शोकाकुलित भएका उनलाई उपायद्वारा धर्मदेशना गर्नुभई निश्शोकी पारी स्रोतापत्तिफलमा समेत प्रतिष्ठित गराउनु भयो ।"

शास्ता आउनु भई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नु हुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र मैले उनलाई निश्शोकी पारेको होइन पहिले पनि निश्शोकी तुल्याएको थिएँ" भन्नु हुँदै पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तका दुइ छोराहरू थिए । उनले जेठो छोरोलाई उपराजा र कान्छो छोरालाई सेनापतिको स्थान दिए । पछि ब्रह्मदत्तको मृत्यु भएपछि अमात्यहरूले जेठो छोरालाई अभिषेक दिने तरखर गरे । उनले "मलाई राज्य चाहिन्न, कान्छोलाई देऊ" भनी भने । बारम्बार प्रार्थना गर्दा पनि प्रतिक्षेप नै गरी कान्छोलाई

अभिषेक गरेपछि "मलाई ऐश्वर्य पनि चाहिन्न" भनी उपराजपद पनि इच्छा गरेनन् । त्यसोभए असल खानाहरू खाई यहीं बस्नुहोस् भनीभन्दा पनि "यो नगरमा बस्ने मेरो काम छैन" भनी बाराणशीबाट निस्केर प्रत्यन्तमा गई एक श्रेष्ठी कुलको आश्रय लिई आफ्नै हातले काम गरी जीविका गरेर बसे ।

पछि गएर श्रेष्ठीले उनी राजकुमार हुन् भन्ने थाहापाएपछि काम गर्न दिएन । राजकुमारलाई पोषण गर्ने तरिकाले पोषण गर्न थाल्यो । पछि राजकर्मचारीहरू नापी गर्न त्यस गाउँमा गए । राजकुमारकहाँ श्रेष्ठी गई "स्वामी ! हामी तपाइलाई पोषण गर्दैछौं । कान्छो भाइलाई पत्र पठाई हामीहरूलाई करबाट मुक्त गराउन लगाइदिनुहोस्" भनी भन्यो ।

उनले "हुन्छ" भनी "म अमुक श्रेष्ठीको आश्रय लिई बसेको छु । मेरो कारणमा उनीहरूलाई करबाट मुक्त गराइदेऊ" भनी पत्र पठाए । "हुन्छ" भनी राजाले त्यस्तै गर्न लगाइदिए । अनि उनकहाँ गाउँ र जनपदका सबै मानिसहरू आई "हामीले तपाइलाई नै कर तिर्नेछौं । हामीलाई पनि करबाट मुक्त गराइदिनुहोस्" भनी भने । उनले उनीहरूकोलागि पनि पत्र पठाई करबाट मुक्त गराउन लगाइदिए । त्यहाँदेखि उनीहरूले उनलाई नै कर तिर्नथाले ।

अनि उनलाई महालाभसत्कार प्राप्त भयो । यसैको साथ उनको तृष्णा पनि बढ्दै गयो । पछि गएर उनले ती सबै जनपदहरू मागे । आधाराज्य मागे । कान्छोले पनि दिए । आशा बढेर गएपछि उपराज्यले

पनि असन्तुष्ट भई राज्य लिनेछु भनी जनपदवासीहरूका साथ गई नगर बाहिर बसी "मलाई राज्य देऊ, नभए युद्ध गर्नेछु" भनी कान्छोलाई पत्र पठाए ।

कान्छोले "यी मूर्खले अघि उपराज्य आदि चाहिन्न भनी प्रतीक्षेप गरे । अहिले चाहिं युद्धद्वारा राज्य लिनेछु भन्दछन् । यदि मैले युद्ध गरेर यिनलाई मारें भने मेरो निन्दा हुनेछ । राज्यले मलाई के गर्नेछ र" भनी सोचेर "युद्ध गर्ने छैन बरु राज्य नै लेऊ" भनी जवाफ पठाए ।

उनले राज्यलिई कान्छोलाई उपराजा बनाए । त्यहाँदेखि राज्य गर्दा गर्दै तृष्णाको बशमा परी एक राज्यले असन्तुष्ट भई दुइ तीन राज्यको इच्छा गर्दा तृष्णाको अन्त देखन सकेनन् ।

त्यसबखत शक्र देवराजाले "यो लोकमा कसले आमाबाबु-हरूको सेवा गर्छ, कसले दानादि पुण्यकर्म गर्छ र को तृष्णाको वशीभूत भई बसेको रहेछ" भनी हेरिरहेको बेलामा उनी तृष्णाको वशीभूत भई बसेको देखे । "यो मूर्ख बाराणशी राज्यले पनि सन्तुष्ट छैन । यसलाई पाठ पढाउनुपर्‍यो" भनी माणवक भेष लिएर राजद्वारमा गए । "एक उपाय कुशल माणवक राजद्वारमा उभिइरहेछ" भन्ने खबर सुनाउन पठाए ।

"भित्र आऊ" भनी भनेपछि राजाको जय जयकार गरे ।

"के कारणले आएका हौ ?" भनी सोधेपछि "महाराज ! तपाइसँग केही कुरा गर्न चाहन्छु र एकान्त चाहन्छु" भनी भने । शक्रको प्रभावद्वारा उतनाघरिमै मानिसहरू हटेर गए ।

अनि माणवकले राजालाई भने—"महाराज ! समृद्धशाली, धेरै मानिसहरू भएका, सेना र रथहरू सुसम्पन्न भएका तीनवटा नगरहरू म देख्दछु । तपाइलाई मेरो प्रभावद्वारा ती राज्यहरू लिइदिने छु । विलम्ब नगरी चाँडै नै जानुपर्छ ।"

लोभ-वशीभूत राजाले "हुन्छ" भनी स्वीकार गरे । शक्रको प्रभावद्वारा उनले "तिमी को हौ ? कहाँबाट आएका हौ ? तिमीलाई के चाहिन्छ ?" भन्ने जस्ता कुरासम्म पनि सोध्न सकेनन् । यति भनी शक्र पनि त्रयस्त्रिंश भवनमा फर्के ।

राजाले अमात्यहरूलाई बोलाउन लगाई "एक माणवक आई हामीलाई तीनवटा राज्य लिइदिनेछु भन्दछन् । उनलाई बोलाऊ । नगरमा बिकुल बजाउन लगाई सेनालाई एकत्रित पार । विलम्ब नगरिकनै तीनै राज्यहरू लिनेछु" भने ।

"महाराज ! के तपाइले त्यो माणवकलाई सत्कार गर्नुभयो ? अथवा बस्ने ठाउँ सोध्नुभयो ?" भनी सोध्दा "न मैले सत्कार गरें न त बस्ने ठाउँ नै सोधें । जाऊ उनलाई खोज" भनी भने । खोजी गर्दा नपाएपछि "महाराज ! सारा नगरमा कहीं पनि पाइएन" भनी विन्तिगरे । यो सुनेर राजालाई सारै अपसोच लाग्यो । "तीन नगरको राज्य नष्ट भयो । महान यशको हानी भयो । 'न मलाई बाटो खर्च दियो, न मलाई घर दियो' भनी रिसाएर माणवक गयो होला" भन्दै बारम्बार चिन्ता गर्नथाले ।

अनि तृष्णाको वशीभूत भएका उनको शरीरमा डाह हुनथाल्यो । शरीरमा डाह भएपछि पेटमा गडबड भई रगत बग्न थाल्यो । यसरी रगतको एउटा भाँडो भित्र्याउँछ भने अर्को भाँडो बाहिर लैजान्छ । वैदचहरूले औषधी गर्न सकेनन् । राजाले कष्ट पाए । अनि राजालाई सञ्चो नभएको कुरा सारा नगरमा फैलियो ।

त्यसबखत बोधिसत्व तक्षशिलाबाट सबै शास्त्रहरू पढेर बाराणशी नगरमा आमाबाबुकहाँ जान लागिरहेका थिए । राजाको खबर सुनेर "म औषधी गर्नेछु" भनी राजद्वारमा गई "एक माणवक तपाइलाई औषधी गर्छु भनी आएको छ" भन्ने खबर पठाउन लगाए ।

राजाले भने—'ठूला ठूला दिशाप्रमुख आचार्यहरू जस्ता वैदचहरूले त औषधी गर्नसकेनन् भने यो तन्नेरी माणवकले के गर्न सक्ला र ? खर्च दिएर पठाइदेऊ ।"

यो सुनेर माणवकले भने—"मलाई वैदचखर्च (=फिस) को मतलब छैन । म औषधी गर्नेछु । केवल औषधीको मोल मात्र दिए पुग्छ ।"

यो सुनेर राजाले—"हुन्छ" भनी बोलाउन लगाए ।

राजालाई वन्दना गरी माणवकले "महाराज ! नडराउनुहोस् म तपाइलाई औषधी गर्नेछु । परन्तु मलाई रोगको उत्पत्तिको कारण बताउनुहोस् ।"

राजा हैरान भई "तिमीलाई उत्पत्तिको कारणको के वास्ता ? केवल औषधी गर" भनी भने ।

"महाराज ! यो रोग यो कारणले भएको हो भन्ने कुरा बुझेर त्यसको अनुरूप वैद्यहरूले औषधी गर्छन् ।"

"हुन्छ, तात" भनी राजाले उत्पत्तिको कारण बताउँदै—'एक माणवक आई तीन नगरको राज्य लिइदिनेछु भन्ने' आदि शुरुदेखिका सबै कुरा बताए । तात ! यसरी तृष्णाको कारणले यो मेरो रोग उत्पन्न भएको हो । यदि सक्छौ भने औषधी गर" भनी भने ।

"महाराज ! के त शोक गरेर ती नगरहरू पाउन सकिन्छ त ?"

"तात ! सकिन्न ।"

"महाराज ! त्यसोभए किन शोक गर्नु हुन्छ त ? आफ्नो शरीर आदि सहित सबै अचेतनिक वस्तुहरू छाडेर जानुपर्छ । चार नगरको राज्य लिए तापनि तपाइले एकै पटक चारवटा थालीको भात खान सक्नुहुन्न, न चारवटा शयनमा सुत्नु सक्नुहुन्छ र न चारजोर कपडाहरू लगाउन सक्नुहुन्छ । तृष्णाको वशमा चाहिं बस्नुहुन्न । यो तृष्णा बढ्दै गएको खण्डमा यसले चारवटा अपायबाट मुक्त हुन दिंदैन । यसरी महासत्वले अववाद गर्दै यसो भने—

१. "कामं कामयमानस्स तस्स चेतं समिज्झति ।
अद्धा पीतिमनो होति लद्धा मच्चो यदिच्छति ।।

२. "कामं कामयमानस्स तस्स चेतं समिज्झति ।
ततो नं अपरं कामे घम्मे तण्हंव विन्दति ।।

३. "गवंव सिङ्गिनो सिङ्गं वड्ढमानस्स बड्ढति ।
एवं मन्दस्स पोसस्स बालस्स अविजानतो ।
भिय्यो तण्हा पिपासा च बड्ढमानस्स बड्ढति ।।

४. "पथव्या सालियवकं गवास्सं दासपोरिसं ।
दत्वापि नालमेकस्स इति विद्वा समञ्चरे ।।

५. "राजा पसय्ह पठविं विजेत्वा
ससागरन्तं महिमावसन्तो ।
ओरं समुद्दस्स अतित्तरूपो,
पारं समुद्दस्सपि पत्थयेथ ।।

६. "याव अनुस्सरं कामे मनसा तित्ति नाज्झगा ।
ततो निवत्ता पटिक्कम्म दिस्वा ।
ते वे तित्ता ये पञ्ञाय तित्ता ।।

७. "पञ्ञाय तित्तिनं सेट्ठं न सो कामेहि तप्पति ।
पञ्ञाय तित्तं पुरिसं तण्हा न कुरुते वसं ।।

८. "अपचिनेथेव कामानि अप्पिच्छस्स अलोलुपो ।
समुद्दमत्तो पुरिसो न सो कामेहि तप्पति ।।

९. "रथकारोव चम्मस्स परिकन्तं उपाहनं ।
यं यं चजति कामानं तं तं सम्पज्जते सुखं ।।

१०. "यं यं चजति कामानं तं तं सम्पज्जते सुखं ।
सब्बञ्च सुखमिच्छेय्य सब्बे कामे परिच्चजे'ति ।।"

अर्थ—

१–"यदि काम-भोगको कामना गर्नेको कामना सफल भयो भने अवश्य पनि इच्छित वस्तु पाउँदाखेरि उसको मन प्रफुल्लित हुन्छ ।

२–"काम-भोगको कामना गर्नेको कामना सफल भयो भने गर्मीको याममा पानीको प्यास बढ्ने जस्तै उसको कामना झन् झन् अरू विषयमा पनि बढ्दै जान्छ ।

३–"गाईको वा अरू कुनै सिङ्हुने पशुको शरीरसँगै सिङ पनि बढ्दै जाने जस्तै मन्दबुद्धि हुने बालमूर्खको तृष्णा र प्यासहरू अज्ञानताको कारणले झन् झन् बढ्दै जान्छ ।

४–"पृथ्वीमा भएभरको धान, जौ, गाई, घोडा र दासपुरुषहरू दिए पनि कुनै मानिसलाई सन्तोष हुन्न । अतः यसलाई जानेर विद्वानहरू सदाचरण गरुन् ।

५–"बलपूर्वक पृथ्वीलाई जितेर सागरपर्यन्त पृथ्वीमा बसेर पनि राजा तृप्त हुन्नन् । समुद्रको वारीसम्मको भागले सन्तोष नभई अझ समुद्र पारिपट्टिको भाग पनि इच्छा गर्छन् ।

६–"काम-भोगको जति अनुस्मरण गरे पनि मनमा तृप्ति हुन्न । त्यसबाट फर्केर जाने मानिस तृप्त हुन्छ र त्यसको दुष्परिणामलाई बुझी प्रज्ञाले देख्न सक्नु नै वास्तविक तृप्ति हो ।

७–"तृप्तिमध्ये प्रज्ञाद्वारा हुने तृप्ति नै सर्वश्रेष्ठ तृप्ति हो। त्यसलाई कामले तप्त पार्न सक्दैन। प्रज्ञाद्वारा तृप्ति हुने पुरुषलाई तृष्णाले वशीभूत गर्न सक्दैन।

८–"अलोभी र अल्पेच्छी पुरुषका कामनाहरू नष्ट हुन्छन्। समुद्र जस्तै महान पुरुषलाई कामनाले तप्त पार्न सक्दैन।

९–"जस्तै सार्कीले छालालाई काटी काटी जुत्ता तयार पार्छ उस्तै गरी जति जति कामनालाई छाड्दै जान्छ उति उति सुख बढ्दै जान्छ।

१०–"जति कामनालाई छाड्छ उति नै सुख हुन्छ। अतः सबै सुख चाहनेले सबै कामनाहरूलाई छाड्न सक्नुपर्छ।"

बोधिसत्वले यी गाथाहरू भन्दा भन्दै राजालाई स्वेतच्छत्रको आरम्मण उत्पन्न भई स्वेतकसिण[१] लाभ भयो। राजा निरोगी पनि भए। अनि सन्तुष्ट भई आसनबाट उठी "यतिका वैदचहरूले मलाई औषधी गर्न सकेनन्। पण्डित-माणवकले आफ्नो ज्ञान-औषधीद्वारा मलाई निकोपारे" भनी उनीसँग कुरा गर्दै राजाले दशौं गाथा भने—

"अट्ठ ते भासिता गाथा सब्बा होन्ति सहस्सियो।
पटिगण्ह महाब्रम्हे साधेतं तव भासित'न्ति।।"

---

१. कसिण-ध्यान भनेको के हो भन्ने वारेमा लेखकका बु. म. भा–१, पृ. ३९२ को पादटिप्पणीमा हेर्नू; उहीं पृ. ३९९: दशकसिणभावना र बु. ब्रा. भा–२, पृ. ३६५ मा पनि।

अर्थ—

"महाब्रह्म ! तिमीले भनेका आठ[1] गाथाहरू सबै अर्थयुक्त छन् र ती सबै एक एक हजार मूल्यका छन् । अतः यो आठहजार रुपैयाँ लेऊ, तिम्रो भाषण कल्याणकर छ ।"

यो सुनेर महासत्वले एघारौं गाथा भने—

"न मे अत्थो सहस्सेहि सतेहि नहुतेहि वा ।
पच्छिमं भासतो गाथं कामे मे न रतो मनो ।।"

अर्थ—

"मलाई शय, हजार वा दशहजारको आवश्यकता छैन । अन्तिम गाथा भन्दा भन्दै काम-भोगमा मेरो मन लागेन ।"

महाराज ! यी गाथाहरू भनिरहेको बेलामा मैले आफ्नै धर्मोपदेशद्वारा ध्यान लाभ गरें । अनि अत्यन्त प्रफुल्लित भएर खुशी भई महासत्वको प्रशंसा गर्दै राजाले अन्तिम गाथा भने—

"भद्दो वतायं माणवक सब्ब लोकविदू मुनि ।
यो तण्हं दुक्खजननिं परिजानन्ति पण्डितो'ति ।।"

---

१. कामको गुन र वैगुन समावेश भएको पहिलो दुइ गाथालाई एउटै गरी यहाँ आठ गाथा भनिएको हो ।

अर्थ—

"सबै लोकका कुरा जान्ने माणवक मुनि प्रशंसनीय छन् । जो पण्डित दुःखदायी तृष्णालाई जान्दछ ।"

वोधिसत्व पनि "महाराज ! अप्रमादी भई धर्माचरण गर्नुहोस्" भनी राजालाई अर्तिबुद्धि दिई आकाशमार्गद्वारा हिमालयमा गई ऋषि-भेष अनुसार प्रव्रजित भई आयु छउन्जेलसम्म ब्रह्मविहार भावना गरी ब्रह्मलोक परायण भए ।

शास्ताले यो धर्मोपदेश ल्याउनुभई "भिक्षुहो ! यसरी मैले अघि पनि यी ब्राह्मणलाई निश्शोकी पारेको थिएँ" भनी जातक समाधान गर्नुभयो ।

"त्यसबखत यी ब्राह्मण राजा भएका थिए र पण्डित माणवक चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

१३. अकित्ति जातक (४८०)

"अक्कित्ति दिस्वान सम्मन्त'न्ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले श्रावस्तीवासी एक दानपतिको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उसले शास्तालाई निम्तोगरी एक सप्ताहसम्म बुद्ध सहित सङ्घलाई महादान दिई आखिरी दिनमा आर्यसङ्घलाई परिष्कारहरू पनि दियो । अनि शास्ताले परिषद्को बीचमा अनुमोदन गर्नु हुँदै— "उपासक ! तिमीले महान परित्याग गर्‍यौ । अति दुष्कर कार्य गर्‍यौ । यो दानदिने परम्परा पुराना पण्डितहरूको परम्परा हो । दान भनेको गृहस्थीहरूले पनि प्रव्रजितहरूले पनि दिनै पर्छ । पुराना पण्डितहरूले प्रव्रजित भई जङ्गलमा बसी अलिनो, तेलमा न फ्रानेको तथा पानीमा मात्र उसिनेको साग खाएर पनि माँग्न आएकालाई चाहिने जति दिई

१. जा. पा. I. पृ. २५८: अकित्तिजातकं, नं. ४८०, अ. क. IV. पृ. २१८.

स्वयं प्रीतिसुखले यापन गर्दथे" भनी भन्नुभएपछि "भन्ते ! यो परिष्कार सहित दिएको दान चाहिं महाजनहरूमा प्रकट छ । तर तपाइले भन्नुभएको कुरा चाहिं अप्रकट छ । अतः त्यो कुरा हामीलाई भन्नुहोस्" भनी प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व असीकोटी धन हुने ब्राह्मणमहाशाल कुलमा जन्मे । अकित्ति भन्ने उनको नामकरण भयो । उनी टुकुटुकु हिंड्नसक्ने भएपछि उनकी बहिनी जन्मी । सो बालिकाको नाम यशवती भन्ने राखे । सोह्लवर्षको उमेरमा तक्षशिलामा गई सबै शिल्पशास्त्रहरू अध्ययन गरी महासत्व फर्केर आए । त्यसपछि उनका आमाबाबुहरू खसे ।

पितृकार्य गरिसकेपछि रत्नहरू हेर्ने काम गर्दा "अमुकले यति धन छाडेर गयो, अमुकले यति धन छाडेर गयो" भन्ने कुरा सुनेपछि विरक्तभई यो धन मात्र देखिन्छ तर यो धन परिभोग गर्ने चाहिं छाडेर गए । म चाहिं यो धन लिएर जानेछु" भनी बहिनीलाई बोलाउन लगाई "तिमीले यो धन परिभोग गर" भनी भने ।

"तपाइको के विचार छ नि ?"

"प्रव्रजित हुन चाहन्छु ।"

"तात ! तपाइले थुकेको थुक म शीरमा थापी लिन सक्दिन । मलाई यसको काम छैन । म पनि प्रव्रजित हुनेछु ।"

अनि राजासँग सोधी "धन चाहने मानिसहरू पण्डितको घरमा जाऊन्" भनी भेरी बजाउन लगाए । एकहप्तासम्म उनले महादान दिए । धन नसिद्धिएपछि सोच्न थाले—"मेरो आयु संस्कार सिद्धिने छ । यो धनक्रीडाले मलाई के गर्छ ? चाहनेले लिनेछन्" भनी घरको ढोका खुला गरी "यो धन मैले दिइसकें चाहनेले लिऊन्" भनी हिरण्य सुवर्ण सहित घर छाडी ज्ञातिबन्धुहरू रुवाउँदै बहिनीलाई लिई वाराणशीको जुन द्वारबाट उनी निस्केर गए त्यस द्वारको नाम 'अकित्ति द्वार' भन्ने रहनगयो । जुन घाटबाट नदी तरेर गए त्यसको नाम 'अकित्ति घाट' भन्ने रहनगयो ।

दुइ तीन योजन टाढा गई एक रमणीय स्थानमा पर्णशाला बनाई बहिनीको साथ यी प्रव्रजित भए । यी प्रव्रजित भएदेखि गाउँ, निगम तथा राजधानीका धेरै मानिसहरू पनि प्रव्रजित हुन थाले । महान परिवार भयो । महान लाभसत्कार उत्पन्न भयो । बुद्धोत्पाद समय जस्तै भयो । अनि महासत्वले सोच्न थाले—"यो लाभसत्कार अति महान भयो । परिवार पनि ठूलो भयो । म चाहिं एक्लै बस्नुपर्छ ।" यति सोचेर बहिनीलाई समेत केही नभनी असमयमा निस्की क्रमशः दमिल (द्रविड) राष्ट्रमा पुगी कावीरपट्टन नजिकको एक उदयानमा बिहार गरी ध्यानाभिज्ञ लाभ गरे । त्यहाँ पनि उनलाई महान लाभसत्कार उत्पन्न भयो ।

उनले यसलाई पनि घृणा गरी छाडेर गई आकाशमार्गद्वारा नागद्वीप नजिकको कारद्वीपमा ओर्ले। त्यस समय कारद्वीपलाई अहिद्वीप भन्दथे। अनि विशाल कार-वृक्षको आश्रयमा पर्णशाला बनाई उनी त्यहाँ बस्नथाले। उनी त्यहाँ बसेको कुरा कसैलाई थाहा थिएन। अनि उनकी बहिनी दाजुलाई खोज्दै क्रमशः दमिल राष्ट्रमा पुग्दा दाजुलाई नदेखी उनी बसेकै ठाउँतिर बसी। ध्यान चाहि प्राप्त गर्न सकिन।

आफ्नो अल्पेच्छताको कारणले कहीं पनि नगई त्यस रुखमा फल फल्दा फलहरू, पात भएको बेलामा पातहरू पानीमा भिजाई अथवा उमाली महासत्वले खान्थे। उनको शील-तेजले शक्रको पण्डुकम्बल शिलासन तात्नथाल्यो। "कसले मलाई मेरो स्थानबाट खसाल्न चाहँदो रहेछ?" भनी विचार गरी हेर्दा शक्रले पण्डितलाई देखे। "यो तपस्वीले के कारणमा शील पालन गरिरहेको रहेछ? शक्रत्व प्रार्थना गरेर हो कि अथवा अरू कुनै कारणमा रहेछ? उसको परीक्षा गर्नुपर्‍यो। यसले दुःखपूर्वक जीविका गर्दैछ। पानीमा भिजाएर कार-वृक्षका पातहरू खान्छ। यदि शक्रत्व प्राप्तिकोनिमित्त गरेको हो भने आफूले उमाली-राखेको पातहरू मलाइदिने छ, होइन भने दिने छैन।" यति सोचेर शक्र ब्राह्मण भेष लिएर उसकहाँ गए।

बोधिसत्व पनि कार-वृक्षका पातहरू उमाली झिकेर "सेलाए-पछि खानेछु" भनी पर्णशालाको दैलोमा बसे। अनि उनको अगाडि शक्र भिक्षाको लागि उभिइरहे। उनलाई देखेर महासत्व प्रसन्न भई "मेरो

लाभ हो । याचक देखदछु । आज मैले मेरो मनोरथ पूरा गरी दानदिने छु ।" यति सोचेर पकाउने भांडो समेत लिएर आई "यो मेरो दान सर्वज्ञज्ञानकोनिमित्त होस्" भनी प्रार्थना गरी आफूलाई केही नबचाई उनको भिक्षा भाजनमा राखिदिए । ब्राह्मण दान ग्रहण गरी अन्तर्धान भए ।

महासत्वले उनलाई दान दिएर फेरि आफ्नोनिमित्त केही नपकाई प्रीति-सुखले नै समय विताए । भोलिपल्ट पनि पकाई उसै गरी पर्णशालाको दैलोमा बसे । शक्र पनि फेरि ब्राह्मण भेषले आए । फेरि पनि उनलाई दान दिई महासत्वले त्यस्तै गरी समय बिताए । तेश्रो दिनमा पनि त्यस्तै गरी दिएर "अहो मेरो भाग्य ! कार-वृक्षका पातहरूको कारणले धेरै पुण्य कमाउनसकें" भनी प्रसन्न भए । तीन दिनसम्म निराहार भएको हुनाले दुर्बल भएर पनि मध्यान्ह समयतिर पर्णशालाबाट निस्की दानको संस्मरण गर्दै पर्णशालाको दैलोमा बसिरहे ।

शक्रले सोचे—"यो ब्राह्मण तीन दिनसम्म निराहार भई दुर्बल हुंदा पनि दान दिंदा चाहिं प्रसन्न चित्तले नै दिन्छ । कत्ति पनि चित्तमा विकारता छैन । यसले यो प्रार्थना गरी दान दिएको हो भन्ने कुरा मैले भने जान्न सकिन । सोधी अभिप्राय बुझी दानको कारण जान्नेछु ।"

मध्यान्ह समय बिताइरहेको बेलामा महान श्रीशौभाग्य र तन्नेरी सूर्य जस्तै तेजिलो भएर आई महासत्वको अगाडि उभिइएर "हे

तपस्वी ! यस्तो गरम हावा बग्ने ठाउँमा, यसरी नुनीलो पानीले घेरि-राखेको जङ्गलमा के कारणले तपस्या गरिरहेका ह्वौ ?" भनी सोधे ।

सो कारण प्रकाशपार्नु हुँदै शास्ताले पहिलो गाथा भन्नुभएको हो—

"अकित्ति दिस्वान सम्मन्तं सक्को भूतपति ब्रवि ।
किमत्थियं महाब्रम्हे एको सम्मसि घम्मनी'ति ।।"

अर्थ—

"अकित्ति तपस्वीलाई देखेर कुरा गर्दै शक्रदेवेन्द्रले 'हे महाब्रह्म ! यस्तो घाममा एक्लै बसी के कारणले तपस्या गरिरहेका ह्वौ ? भनी सोधे ।"

यो सुनेर महासत्वले शक्र भन्ने कुरा बुझी 'मैले यो तपस्या शक्रत्वकोनिमित्त गरिरहेको होइन । परन्तु सर्वज्ञत्वको प्रार्थना गरी तपस्या गरिरहेको हुँ' भन्ने कुरा प्रकाशनार्थ दोश्रो गाथा भने—

"दुक्खो पुनब्भवो सक्को सरीरस्स च भेदनं ।
सम्मोहमरणं दुक्खं तस्मा सम्मामि वासवा'ति ।।"

अर्थ—

"हे शक्र ! पुनर्जन्म हुनु दुःख हो, शरीरको नाश हुनु पनि दुःख हो र सम्मोहित भएर मर्नु पनि दुःख हो । त्यसैले हे वासव ! जहाँ यस्तो हुन्न त्यस्तो निर्वाणको प्रार्थना गरी तपस्या गरिरहेको हुँ ।"

यो सुनेर शक्र सन्तुष्ट भए। "सबै लोकबाट विरक्त भई निर्वाणकोनिमित्त यो तपस्वी जङ्गलमा बसिरहेको रहेछ। यसलाई वरदान दिनुपर्‍यो" भनी सोचेर उनलाई वरदान माग भनी भन्दै तेश्रो गाथा भने—

"एतस्मिं ते सुलपिते पतिरूपे सुभासिते।
वरं कस्सप ते दम्मि यं किञ्चि मनसिच्छसी'ति ।।"

अर्थ—

'हे कश्यप! तिमीले भनेको यो राम्रो, उचित तथा सुभाषित कुरा सुनेर म प्रसन्न छु। अतः तिमीलाई वरदान दिनेछु जे चाहन्छौ माग।"

वरदान माग्दै महासत्वले चौथो गाथा भने—

"वरं चे अदो सक्क सब्बभूतानमिस्सर।
येन पुत्ते च दारे च धनधञ्ञं पियानि च।
लद्धा नरा न तप्पन्ति सो लोभो न मयि वसे'ति ।।"

अर्थ—

"हे सबै लोकका ईश्वर शक्र! यदि मलाई वरदान दिन्छौ भने —जुन स्त्री, पुत्र, धनधान्य प्रिय वस्तुहरू पाएर पनि मानिसहरू तृप्त हुन्नन् त्यस्तो लोभ मलाई नहोस्।"

अनि शक्र प्रसन्न भई अरू पनि वरदान दिएर महासत्वले पनि लिदैं यो गाथाहरू भने—

"एतस्मि ते सुलपिते पतिरूपे सुभासिते ।
वरं कस्सप ते दम्मि यं किञ्चि मनसिच्छसि ।।"

"वरं चे मे अदो सक्क सब्बभूतानमिस्सर ।
खेत्तं वत्थुं हिरञ्ञञ्च गवास्सं दासपोरिसं ।
येन जातेन जीयन्ति सो दोसो न मयि वसे'ति ।।"

अर्थ—

"हे कश्यप ! तिमीले भनेको यो राम्रो, उचित तथा सुभाषित कुरा सुनेर म प्रसन्न छु । अतः तिमीलाई वरदान दिनेछु । जे चाहन्छौ माग ।

"हे सर्व लोकका ईश्वर शक्र ! यदि मलाई वरदान दिन्छौ भने—खेत, वस्तु, हिरण्य, गाई, घोडा तथा दासपुरुषहरू पाएर त्यसको कारणमा क्रोध पैदा भई जुन विनाश हुने हो त्यस्तो दोष ममा नहोस् ।"

"एतस्मि ते सुलपिते ...।
वरं कस्सप ते दम्मि...।

"वरं चे मे अदो सक्क सब्बभूतानमिस्सर ।
बालं न पस्से न सुणे न च बालेन संवसे ।
बालेन अल्लापसल्लापं न करे न च रोचये ।।"

अर्थ—

"हे कश्यप ! तिमीले भनेको यो राम्रो, उचित तथा सुभाषित कुरा सुनेर म प्रसन्न छु । अतः तिमीलाई वरदान दिनेछु । जे चाहन्छौ माग ।

"हे सर्व लोकका ईश्वर शक्र ! यदि मलाई वरदान दिन्छौ भने— मूर्खलाई हेर्न नपरोस्, उसको कुरा सुन्न नपरोस्, उसँग बस्न नपरोस्, उसँग कुराकानी गर्न नपरोस् तथा उसलाई रुचाउन पनि नपरोस् ।"

"किन्नु ते अकरं वालो वद कस्सप कारणं ।
केन कस्सप वालस्स दस्सनं नाभिकङ्खसि ।।

"अनयं नयति दुम्मेधो अधुरायं नियुञ्जति ।
दुन्नयो सेय्यसो होति सम्मा वुत्तो पकुप्पति ।
विनयं सो न जानाति साधु तस्स अदस्सनं ।।"

अर्थ—

"हे कश्यप ! मूर्खले तिमीलाई के गर्छ ? त्यसको कारण बताऊ । हे कश्यप ! किन तिमी मूर्खलाई हेर्न चाहन्नौ ?

'मूर्ख अनैतिकतातिर लैजान्छ, अनुचित कार्यमा लगाउँछ उसलाई कुकर्म राम्रो लाग्छ र असल कुरा गर्दा उ रिसाउँछ । उ सदाचार जान्दैन तथा उसले असल काम देख्न सक्दैन ।"

"एतस्मि ते सुलपिते ...।
वरं कस्सप ते देमि ...।

"वरं चे मे अदो सक्क सब्बभूतानमिस्सर।
धीरं पस्से सुणे धीरं धीरेन सह संवसे।
धीरेन अल्लापसल्लापं तं करे तञ्च रोचये।।"

अर्थ—

"हे कश्यप! तिमीले भनेको यो राम्रो, उचित तथा सुभाषित कुरा सुनेर म प्रसन्न छु। अतः तिमीलाई वरदान दिने छु। जे चाहन्छौ माग।

"हे सबै लोकका ईश्वर शक्र! यदि मलाई वरदान दिन्छौ भने—बुद्धिमानीलाई हेर्न पाऊँ, बुद्धिमानीको कुरा सुन्नपाऊँ, बुद्धिमानीसँग बस्न पाऊँ, बुद्धिमानीसँग कुराकानी गर्न पाऊँ, बुद्धिमानीसँग काम गर्न पाऊँ र उसलाई रुचाउन सकूँ।"

"किन्नु ते अकरं धीरो वद कस्सप कारणं।
केन कस्सप धीरस्स दस्सनं अभिकङ्खसि।।

"नयं नयति मेधावी अधुरायं न युञ्जति।
सुनयो सेय्यसो होति सम्मा वुत्तो न कुप्पति।
विनयं सो पजानाति साधु तेन समागमो।।"

अर्थ—

"हे कश्यप ! बुद्धिमानीले तिमीलाई के गर्छ ? त्यसको कारण बताऊ । हे कश्यप ! किन तिमी बुद्धिमानीलाई हेर्न चाहन्छौ ?

"बुद्धिमानीले सुमार्गमा लैजान्छ, कुमार्गमा लगाउँदैन, असलकाम रुचाउँछ, असल कुरा गर्दा रिसाउँदैन र सदाचार पनि जान्दछ त्यसैले त्यस्तासँग बसोबास गर्नु असल हुन्छ ।"

"एतस्मिं ते सुलपिते ...।
वरं कस्सप ते देमि...।।

"वरं चे मे अदो सक्क सब्बभूतानमिस्सर ।
ततो रत्या विवसने सुरियस्सुग्गमणम्पति ।।

"दिब्ब भक्खा पातुभवेय्यं सीलवन्तो च याचका ।
ददतो च मे न खीयेथ दत्वा नानुतपेय्यहं ।
ददं चित्तं पसादेय्यं एतं सक्क वरं वरे ।।"

अर्थ—

"हे कश्यप ! तिमीले भनेको यो राम्रो, उचित तथा सुभाषित कुरा सुनेर म प्रसन्न छु । अतः तिमीलाई वरदान दिने छु । जे चाहन्छौ माग ।

"हे सर्व लोकका ईश्वर शक्र ! यदि मलाई वरदान दिन्छौ भने—रात बिती सूर्योदय भएपछि दिव्यमय भोजन उत्पन्न होस्, शीलवान् याचक उपस्थित होस्, दानदिँदा मेरो सम्पत्ति न घटोस्, दिएर पश्चात्ताप गर्न नपरोस् र दिंदाखेरि चित्त प्रसन्न गर्न सकूँ—यही वरदान म चाहन्छु ।"

"एतस्मिं ते सुलपिते ...।
वरं कस्सप ते देमि...॥

"वरं चे मे अदो सक्क सब्बभूतानमिस्सर ।
न मं पुन उपेय्यासि एतं सक्क वरं वरे ॥"

अर्थ—

"हे कश्यप ! तिमीले भनेको यो राम्रो, उचित तथा सुभाषित कुरा सुनेर म प्रसन्न छु । अतः तिमीलाई वरदान दिनेछु । जे चाहन्छौ माग ।

"हे सर्व लोकका ईश्वर शक्र ! यदि मलाई वरदान दिन्छौ भने—फेरि तिमी मकहाँ नआउनू—हे शक्र ! यही वरदान म चाहन्छु ।"

"बहूहि वत्तचरियाहि नरो च अथ नारियो ।
दस्सनं अभिकङ्खन्ति किन्नु मे दस्सने भयं ?

"तं तादिसं देववण्णं सब्बकामसमिद्धिनं ।
दिस्वा तपो पमज्जेय्यं एतं ते दस्सने भयन्ति ।।"

अर्थ—

"धेरै नरनारीहरू व्रतचर्या गरी मेरो दर्शन गर्न चाहन्छन् । मलाई देख्दा तिमीलाई मात्र किन भय लाग्छ ?

'सबै अलंकारले विभूषित सबै कुरा पुऱ्याइदिने तिमी जस्ता दिव्यवर्णीलाई देखेर तपस्यामा प्रमाद हुनसक्छ । तिमीलाई देख्दा यही नै भय लाग्छ ।"

"हुन्छ, अबदेखि म तिमीकहाँ आउने छैन" भनी उनलाई अभिवादन गरी क्षमा गर्नलगाई शक्र फर्केर गए । महासत्व पनि जीवनभर उहीं नै बसी ब्रह्मविहार भावना गरी ब्रह्मलोकमा उत्पन्न भए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखत अनुरुद्ध शक्र थिए र अकित्ति पण्डित चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

---

१४. अत्थस्सद्वार जातक (८४)

"आरोग्यमिच्छे परमं च लाभन्ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक अर्थकुशल पुत्रको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

श्रावस्तीमा एक अत्यन्त वैभवशाली सेठको सातवर्षीय प्रज्ञावान् तथा अर्थकुशल पुत्र थियो ।

सो एकदिन आफ्नो बाबुकहाँ गई 'अर्थकोद्वार' भन्ने प्रश्न सोध्यो । यो प्रश्नको उत्तर उ जान्दैनथ्यो । अनि उसलाई यस्तो लाग्यो—"यो प्रश्न अति सूक्ष्म छ । सर्वज्ञबुद्ध बाहेक माथि भवाग्रसम्म र तल अवीचिसम्ममा बस्ने अरू कसैले पनि यो प्रश्नको उत्तर दिन सक्ने छैन" भनी छोरालाई साथमा लिई धेरै मालागन्धविलेपन

---

१. जा. पा. I. पृ. २०: अत्थस्सद्वारजातकं, नं. ८४, अ. क. I–II. पृ. २७०.

लिन लगाई जेतवनमा गई शास्तालाई पूजा र वन्दना गरी एक छेउमा बसी भगवान्सँग यस्तो भन्यो—

"भन्ते ! यो केटो प्रज्ञावान् र अर्थकुशल छ । यसले मसँग 'अर्थको द्वार' भन्ने प्रश्न सोध्यो । त्यो प्रश्नको उत्तर नजानेर म तपाइं-कहाँ आएको हुँ । भन्ते ! यो प्रश्नको उत्तर दिनुभए बेश हुने थियो ।"

शास्ताले भन्नुभयो—"उपासक ! अघि पनि यो केटोले यो प्रश्न सोध्दा मैले उत्तर दिएको थिएँ । त्यसबखत यसले यो प्रश्न जानेको थियो । पूर्वजन्मको कुरा भएको हुनाले अहिले चाहिं यसले सम्झन सकेन ।"

सो कुरा बताउनहुन उसले प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व महावैभवशाली सेठ भएका थिए । उनको सातवर्षीय प्रज्ञावान् तथा अर्थकुशल एक पुत्र थियो । एकदिन उ आफ्नो बाबुकहाँ गई "तात ! 'अर्थको द्वार' भनेको के हो ?" भनी अर्थको द्वार भन्ने प्रश्न सोध्यो । अनि उसका पिताले त्यस प्रश्नको उत्तर दिंदै यो गाथा भने --

"आरोग्यमिच्छे परमं च लाभं,
सीलं च वुद्धानुमतं सुतं च ।
धम्मानुवत्ती च अलीनता च,
अत्थस्स द्वारा पमुखा छले ते'ति ।।"

अर्थ—

"सर्वप्रथम परम लाभ सम्झिने आरोग्यता हुनुपर्छ, त्यसपछि सदाचारी हुनुपर्छ, ज्ञान-वृद्धको अति सुन्नुपर्छ, बहुश्रुत हुनुपर्छ, धर्मानुसार आचरण गर्नुपर्छ र निरालसी हुनुपर्छ। यही छ कारणहरू नै अर्थ (=समृद्धि) का प्रमुख द्वार हुन् ।"

यसरी बोधिसत्वले पुत्रलाई अर्थको द्वार भन्ने प्रश्नको उत्तर दिए। त्यहाँदेखि उ यी छ धर्महरूमा बस्न थाल्यो। बोधिसत्व पनि दानादि पुण्य गरी कर्मानुसार परलोक गए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखतको पुत्र नै अहिलेको पुत्र हो र महासेठ चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

१५. पदमाणवक जातक (४३२)

"बहुस्सुतन्ति...[1]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक केटाको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ श्रावस्तीको एक कुटुम्बीको पुत्र हो । सातवर्षको उमेरमा नै उ पदकुशल (=पैतालाको चिन्ह पहिचान गर्नमा कुशल) थियो । अनि उसको पिता "यसको परीक्षा गर्नुपऱ्यो" भनी उसलाई थाहा नदिइकनै साथीको घरमा गयो । पिताकहाँ गए भनी नसोधिकनै उ उसको पदचिन्ह अनुसार बाबुकहाँ पुगी उभिइरह्यो । अनि एकदिन उसको पिताले उसँग सोध्यो—

"तात ! तिमीलाई थाहा नदिइकनै म गएर पनि तिमीले कसरी म गएको ठाउँ जान्यौ ?"

---

१. जा. पा. I. पृ. १८४: पदकुसलमाणवजातकं, नं. ४३२, अ. क. IV. पृ. १५.

"तात ! म तपाइको पदचिन्ह जान्दछु । म पदचिन्हको ज्ञानमा कुशल छु ।"

अनि उसलाई परीक्षा गर्नकोनिमित्त फेरि पिता प्रातकालको भोजन गरी घरबाट निस्की नजिकको एक विश्वासीको घरमा गई त्यहाँबाट दोश्रो घरमा पसी तेश्रो घरबाट निस्की फेरि आफ्नो घरमा गई त्यहाँबाट पनि उत्तरतिरको द्वारबाट निस्की नगरलाई देब्रेतिर पारी जेतवनमा गई शास्तालाई वन्दना गरी धर्मश्रवण गरी बस्यो । केटोले "मेरा पिता कहाँ छन् ?" भनी सोध्दा "जान्दैनौं" भनेको सुनेर उसको पदचिन्ह अनुसार पिता गएको नजिकका घर आदि सबै ठाउँमा गई पिता गएको बाटो लागी जेतवनमा गई शास्तालाई वन्दना गरी पितासँगै उभिइरह्यो । उसको पिताले "तात ! तिमीले म यहाँ आएको कुरा कसरी थाहापायौ ?" भनी सोधेपछि "पदचिन्ह जानेर पदचिन्ह अनुसार आएँ" भनी भन्यो ।

शास्ताले "उपासक ! के कुरा गरिरहेछौ ?" भनी सोध्नुभए-पछि "भन्ते ! यो केटो पदकुशल छ । मैले यसको परीक्षा गर्नकोनिमित्त यसप्रकार म यहाँ आएको हुँ । यो पनि मलाई घरमा नदेखेर मेरो पदचिन्ह अनुसार यहाँ आयो" भनी भनेपछि "उपासक जमिनको पदचिन्ह जान्नु कुनै आश्चर्य कुरो होइन । पुराना पण्डितहरूले आकाशका पदचिन्ह पनि जान्दथे" भनी भन्नुभयो । उसले सो कुरा बताउन हुन प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा उनको अग्रमहिषीले अनाचार गरेपछि राजाले सोध्दा "यदि तपाइमाथि अनाचार गरेकी छु भने अश्वमुखी यक्षिणी भई जन्मनु परोस्" भनी किरिया खाई । अनि मरेपछि उ पर्वतको फेदीमा अश्वमुखी यक्षिणी भई जन्मेर गुफामा बसी । महाजंगलको पूर्वदेखि पश्चिमतिर जाने बाटोमा गमनागमन गर्ने मानिसहरू समाती उ खान्थी । उसले तीनवर्ष-सम्म वेस्सवण (=वैश्रवण=कुवेर) को उपस्थान गरेपछि तीस योजन लम्बाई र पाँच योजन चौडाई भित्रका मानिसहरू खान पाई ।

अनि एकदिन एक आढ्य महाधनी रूपसम्पन्न ब्राह्मण धेरै मानिसहरू साथमा लिई त्यो बाटो लागेर गयो । उसलाई देखेर यक्षिणी हाँस्दै गई ढ्पार्न थाली । परिवार मानिसहरू भागेर गए । उ बायुबेगले गई ब्राह्मणलाई समाती पिठ्युमा बोकी गुफामा गइरहेको बेलामा पुरुष संस्पर्श अनुभव भएपछि क्लेशको कारणले गर्दा उमाथि स्नेह उत्पन्न भयो र उसलाई स्वामी बनाई । उनीहरू परस्पर मिलेर बसे । त्यहाँदेखि यक्षिणीले मानिस समात्दा वस्त्र, चामल, तेल आदि पनि लिई उसलाई अनेक रसयुक्त भोजन तयार पारिदिन्थी । आफू चाहिं मनुष्यको मासु खान्छी । बाहिर जांदाखेरि उ भागेर जाला भनी गुफाको दैलोमा ठूलो ढुंगाले ढाकेर जाने गर्थी ।

यसरी उनीहरू प्रसन्नपूर्वक बस्नथाले । यसै बेलामा आफू उत्पन्न

भएको ठाउँबाट च्युतभई ब्राह्मणको कारणले उसको कोखमा बोधिसत्वले प्रतिसन्धि ग्रहण गरे। दश महीना वितेपछि उसले छोरा जन्माई। अनि छोरा र ब्राह्मणप्रति ठूलो स्नेह राखी दुवैलाई पोषण गर्न थाली। पछि गएर छोरो ठूलो भएपछि उसले छोरालाई पनि बाबुको साथमा भित्र राखी दैलो थुन्ने गर्दथी।

अनि एकदिन उ बाहिर गइसकेको थाहापाई बोधिसत्वले ढुंगा पन्छाई पितालाई बाहिर निकाले। उ आएर "कसले ढुंगा पन्छायो ?" भनी सोध्दा "आमा ! मैले पन्छाएको हुँ। अन्धकारमा वस्न सक्दिन" भनी भनेपछि पुत्र स्नेहको कारणले गर्दा केही भनिन। अर्को एकदिन बोधिसत्वले पितासँग सोधे "तात ! मेरी आमाको मुखको छाँट अर्कै छ र तपाइको अर्कै छाँट छ, यसको कारण के हो ?"

"तात ! तिम्री आमा मनुष्यको मासु खाने यक्षिणी हो। हामी दुवैजना मनुष्य हौं।"

"यदि यस्तो हो भने किन यहाँ बस्ने ? आउनुहोस् मनुष्यहरू बस्ने ठाउँमा जाऔं।"

"तात ! यदि भागेर गयौं भने हामी दुवैलाई तिम्री आमाले मारिदिने छे।"

"तात ! नडराउनुहोस् तपाइलाई मानिसहरू बस्ने ठाउँमा पुऱ्याउने काम मेरो जिम्मा भयो" भनी बोधिसत्वले पितालाई आश्वासन दिई अर्को दिनमा आमा बाहिर गएपछि पितालाई लिई भागेर गए।

यक्षिणी आएर उनीहरूलाई नदेखेपछि वायुवेगले दौडेर गई उनीहरूलाई समाती "किन भाग्दछौ, यहाँ तिमीहरूलाई के पुग्दैन ?" भनी ।

"भद्रे ! ममाथि रिस नगर । तिम्रो छोराले मलाई लिएर आएको हो" भनी भनेपछि पुत्रस्नेहले गर्दा केही नभनी उनीहरूलाई धैर्यदिई आफू बस्ने ठाउँमै लिएर गई । यसरी अरू कतिपय दिन भागेर गएकालाई फर्काएर ल्याई ।

बोधिसत्वले सोचे—"मेरी आमाको कुनै निश्चित सीमा हुनुपर्छ । मैले उनीसँग यो कुरा सोधूँ कि उनको आज्ञा कहाँसम्म चल्दछ । अनि त्यो सीमा पारगरी भागेर जानेछु ।"

एकदिन आमासँग एक छेउमा बसिरहेको बेलामा "आमा ! आमाको सम्पत्ति छोराले पाउँछ । आफ्नो भूमिको सिमाना कहाँसम्म छ भन्ने कुरा मलाई भन्नुहोस्" भनी भने । उसले सबै दिशाको पर्वत आदिको सिमाना बताउँदै लम्बाइमा तीस योजन र चौडाइमा पाँच योजन भूमि भएको कुरा छोरालाई बताई "छोरा ! यो यति ठाउँको ख्याल राख" भनी भनी ।

अनि दुइ तीन दिन बितेपछि आमा जंगलमा गएको बेलामा बाबुलाई काँधमा राखी आमाले दिएको चिन्हलाई ध्यानमा राखी वायुवेगले दौडेर सिमानाको नदीको किनारमा पुगे । उ पनि आई उनीहरूलाई नदेखी पछि लागेर गई । बोधिसत्व बाबुलाई लिएर

नदीको बीचमा पुगे। उ आएर नदीको किनारमा उभिई आफ्नो सीमाबाट पार भएको कुरो बुझेर उहीं उभिई—"तात ! बाबुलाई लिएर आऊ। मेरो के दोष छ र ? मेरो तरफबाट तिमीहरूलाई के नपुगेको छ र ? स्वामी ! फर्कनुहोस् ।" भनी छोरालाई पनि पतिलाई पनि भनी। अनि ब्राह्मण नदीबाट पारी गयो। उसले छोरालाई सम्बोधन गरी "तात ! यस्तो नगर, फर्क" भनेर भनी।

"आमा ! हामी मनुष्य ह्वौं। तिमी चाहिं यक्षिणी ह्वौ। सँधंभरी तिमीसँग बस्न सक्दिन, फर्कने छैन।"

"तात ! फर्कदै छैनौ त ?"

"हो, आमा।"

"यदि फर्कनौ भने मनुष्यलोकमा जीविका गर्नु दुःख हुनेछ। शिल्प नजान्नेलाई जीविका गर्न दुःख हुनेछ। म एउटा चिन्तामणी भन्ने विद्या जान्दछु। त्यसको प्रभावले बाह्रवर्ष अघि गएकाको पैतालाको चिन्ह पनि जान्न सकिन्छ। यसले तिम्रो जीविका हुनेछ। यो अनर्घ मन्त्र लेऊ। त्यसप्रकार दुःखले अभिभूत भए पनि पुत्रस्नेहको कारणले गर्दा त्यो मन्त्र दिई। अनि नदीमा उभिएर नै आमालाई वन्दना गरी काखीमा च्यापे जस्तो गरी मन्त्र लिई वन्दना गरी "आमा ! जाऊ" भनी बोधिसत्वले भने।

"तात ! तिमीहरू फर्कदैनौ भने मेरो जीवन रहने छैन" भन्दै यक्षिणीले छाती पिट्नथाली। उसैबखत पुत्रशोकको कारणले उसको छाती फुट्यो। उ मरेर त्यहीं भुइमा लडी। उ मरेको जानी

बोधिसत्वले पितालाई बोलाई आमाकहाँ गई चिता बनाई जलाई चिता निभाई अनेक वर्णका फूलहरूले पूजा गरी रोई बिलाप गरी बाबुलाई लिएर बाराणशीमा गए ।

"पद कुशल माणव द्वारमा खडाछ" भनी बिन्ति गर्न लगाएपछि "आऊ" भनी भन्दा भित्रगई राजालाई वन्दना गरे । "के शिल्प जान्दछौ ?" भनी सोध्दा "देव ! बाह्रवर्ष अघि हराएको वस्तु पदानुसार गएर भेट्टाउन सक्छु" भनी भने ।

"त्यसोभए मेरो उपस्थान गर ।"

"दिनको एकहजार पाएमा उपस्थान गर्नेछु ।"

"हुन्छ, तात ! उपस्थान गर ।"

राजाले दिनको एकहजार दिन लगाए ।

एकदिन पुरोहितले राजालाई भन्यो—

"महाराज ! हामीले त्यो माणवले त्यस विद्याद्वारा कसैको केही काम गरेको नदेखेको हुँदा उसँग शिल्प छ वा छैन भन्ने कुरा थाहापाउन सकेका छैनौं । अतः उसको परीक्षा गर्नुपर्छ ।"

राजाले "हुन्छ" भनी स्वीकार गरे । त्यसपछि दुवैजना नाना-रत्नहरू रक्षा गर्ने मानिसलाई संज्ञादिई रत्नसारहरू लिएर प्रासादबाट ओर्ल्हीं राजनिवासघरलाई तीनपटक घुमी भऱ्याङ राखी परखालको माथिबाट बाहिर ओर्ल्हीं न्यायालयभित्र पसी त्यहाँ केहीछिन बसी फेरि आएर भऱ्याङ राखी परखालबाट ओर्ल्हीं नगरबीचको पोखरीको तीरमा

गई तीनचोटि पोखरी घुमी पोखरीमा ओर्ल्हीं पोखरीको बीचमा सो वस्तु राखेर प्रासादमाथि गए ।

अर्को दिन राजमहलबाट रत्नहरू चोरले लग्यो भन्ने ठूलो होहल्ला मच्चियो । राजाले नजाने जस्तो गरी बोधिसत्वलाई बोलाउन पठाई "तात ! राजमहलबाट धेरै रत्नहरू चोरिए । त्यसलाई पत्तो लगाउन पर्‍यो" भनी भने ।

"महाराज ! बाह्रवर्ष अघि चोरले चोरेको वस्तुहरूलाई उनी-हरूको पदानुपद गई समात्न सक्नेलाई आज राती हराएको वस्तु ल्याउनु कुनै आश्चर्य कुरो होइन । महाराज ! म त्यो वस्तु ल्याइदिनेछु । धन्दा नमान्नुहोस्" भनी भने ।

'तात ! त्यसोभए खोजेर ल्याऊ ।"

"हुन्छ महाराज" भनी उनी गएर आमालाई वन्दना गरी मन्त्र पाठ गरी महातलामा उभिएर नै "महाराज ! दुइजना चोरको पाइतालाको चिन्ह देखिन्छ" भनी राजा र पुरोहितको पदचिन्ह अनुसार श्री-कोठाभित्र पसी त्यहाँबाट निस्केर प्रासादबाट ओर्ल्हीं राजमहललाई तीनपटक घुमेर पदानुसार नै परखालनिर गई परखालमाथि उभिई "महाराज ! यो स्थानमा परखाल नाघेको पदचिन्ह आकाशमा देखिन्छ, भ-याङ दिनुहोस्" भनी भ-याङ राख्न लगाई परखालको माथिबाट ओर्ल्हीं पदानुसार नै न्यायालयमा गई फेरि राजमहलमै फर्केर आई भ-याङ राख्न लगाई परखालमाथिबाट ओर्ल्हीं पोखरीमा गई तीनचोटि

घुमी "महाराज ! चोरहरू यो पोखरीमा ओर्लेका रहेछन्" भनी आफूले राखेको वस्तु जस्तै गरी ल्याई राजालाई दिई "महाराज ! यी दुइ चोरहरू अति प्रसिद्ध छन् र यो बाटोबाट उनीहरू फेरि राजमहलमा उक्लेका रहेछन्" भनी भने । महाजनहरू अत्यन्त हर्षित भई चुट्की बजाई र कपडाहरू फ्याँके ।

राजाले सोचे—"यो माणवले पदानुसार गई चोरले वस्तु राखेको ठाउँमात्र जान्नसक्छ होला । चोरलाई समात्न चाहिं सक्दैन होला ।"

अनि उनलाई भने—"चोरले लगेको वस्तु त तिमीले ल्यायौ, तर चोर समाती ल्याउन सक्छौ के ?"

"महाराज ! चोरहरू यहीं नै छन्, टाढा छैनन् ।"

"को को हुन् त ?"

"महाराज ! जो चाहन्छ उही नै चोर हुन सक्छ । तपाइका वस्तुहरू पाइसकेपछि चोरहरू किन चाहिए र ? यो कुरा नसोध्नुहोस् ।"

"तात ! म तिमीलाई प्रत्येक दिनको एक एक हजार दिन्छु । मलाई चाहिं चोर नै समातेर ल्याइदेऊ ।"

"महाराज ! धन नै पाइसकेपछि चोर किन चाहियो र ?"

"तात ! धनभन्दा पनि हामीले चोर नै फेलापार्न सक्नुपर्छ ।"

"महाराज ! त्यसोभए यी चोरहरू हुन् भनी म तपाइलाई

भन्नेछैन । तर अतीत समयमा घटेका केही कारणहरू भने तपाइलाई बताउनेछु । यदि तपाइ प्रज्ञावान् हुनुहुन्छ भने त्यो कारण बुझ्नुहोस् ।" यति भनेर उनले अतीतको घटना बताए ।

पानीको भय—अतीत समयमा बाराणशी नजिक नदीतीरको एक गाउँमा पाटल भन्ने एक नट बस्दथ्यो । अनि एक उत्सवको दिनमा भार्यालाई लिएर बाराणशी गई नाचगान गरी धन लाभ गरी उत्सव सिद्धिएपछि धेरै रक्सी र भात समात्न लगाई आफ्नो गाउँमा जानको लागि नदीको तीरमा आइपुग्दा नयाँ पानी आइरहेको देख्यो । अनि उ रक्सी पिएर बसिरह्यो । आफ्नो प्रमाण नबुझी महावीणा गर्धनमा बाँधी नदी तरेर जानेछु भनी भार्यालाई हातमा समाती नदीमा ओर्ल्यो । वीणाको प्वालबाट पानी पस्यो । अनि त्यो वीणाले उसलाई पानीमा डुबाउन थाल्यो । भार्या चाहिं उ डुब्न लागिरहेको बुझी उसलाई छाडी तरेर तीरमा गई उभिइरही । नट पाटल घरि डुब्छ घरि माथि उत्रन्छ । यसो गर्दागर्दै पानी पिउंदा उसको पेट फुलेर आयो । अनि उसकी भार्याले सोची—"मेरा स्वामी अहिले मर्ने छन् । एउटा गीत माँगेर परिषद्को बीचमा गाएर जीविका गर्नेछु ।" यति सोचेर "स्वामी ! तपाइ पानीमा डुब्दै हुनुहुन्छ । मलाई एउटा गीत सिकाइदिनुहोस् । त्यस गीतले म जीविका गर्नेछु" भनी यो गाथा भनी—

"बहुस्सुतं चित्तकथिं गङ्गा वहति पाटलं ।
वुय्हमानक भद्दन्ते एकं मे देहि गाथकन्ति ।।"

अर्थ—

"बहुश्रुत चित्रकथिक पाटललाई गंगाले बघाउँदै छ । हे भद्दन्त ! बघाई लगिरहेको तपाइले मलाई एउटा गाथा दिनुहोस् ।"

अनि उसलाई नट पाटलले भन्यो—"भद्रे ! कसरी तिमीलाई मैले गीत सिकाऊँ । महाजनहरूलाई रक्षागर्ने पानीले मलाई मार्दैछ" भनी यो गाथा भन्यो—

"येन सिञ्चन्ति दुक्खितं येन सिञ्चन्ति आतुरं ।
तस्स मज्झे मरिस्सामि जातं सरणतो भयं ।।"

अथ—

"जुन पानीले दुःखी हुनेलाई सिचन गर्छ, जुन पानीले आतुर पर्नेलाई सिचन गर्छ—त्यसँको बीचमा म मर्दैछु । जुन वस्तुको शरण लिने हो त्यही वस्तुबाट भय उत्पन्न भयो ।"

बोधिसत्वले यो गाथा दर्शाई "महाराज ! जस्तै पानीले महाजनहरूको रक्षा गर्छ त्यस्तै राजाहरू जनताका रक्षक हुन् । यदि त्यसँबाट भय उत्पन्न हुन्छ भने कसले रक्षा गर्न सक्ला र ! अतः महाराज ! यो करण रहस्यमय छ । मैले चाँहि पण्डितहरूले बुझ्ने गरी बताएँ । महाराज ! यो कुरा बुझ्नुहोस्" भनी भने ।

"तात ! म यस्तो रहस्यमय कुरा बुझ्न सक्दिन । मलाई चाँहि चोर नै समातेर ल्याइदेऊ ।"

माटोको भय—अनि महासत्वले "महाराज ! त्यसोभए यो सुनेर बुझ्नुहोस्" भनी अर्को कारण ल्याए—

"देव ! अघि यसै बाराणशीको द्वार गाउँमा एक कुमालेले भाँडा बनाउनकोलागि माटो ल्याउँदा सँधै एकै ठाउँबाटै ल्याउँथ्यो । पहाडको बीचमा ठूलो खाल्टो खन्यो । अनि एकदिन माटो झिकिरहेको बेलामा अकाल मेघ उठी मुसलधारे पानीपर्‍यो । पानी भरिएर खाल्टो भासियो । त्यसैद्वारा उसको टाउको फुट्यो । अनि रुँदै उसले गाथा भन्यो-- .

"यत्थ बीजानि रूहन्ति सत्ता यत्थ पतिट्ठिता ।
सामे सीसं निपीलेति जातं सरणतो भयं ।।"

अर्थ—

"जहाँ बिरुवाहरू बढ्छन्, जहाँ प्राणीहरू बस्छन्, उसैले मेरो शीरलाई पीडा दिइरहेको छ । जुन वस्तुको शरण लिने हो सोही वस्तुबाट भय उत्पन्न भयो ।"

"देव ! जस्तै महाजनको आधार भएको महापृथ्वीले कुमालेको शीर फोरिदियो त्यस्तै गरी महापृथ्वीसमान सबै लोकको प्रतिशरण हुने राजा नै उठेर चोरी गर्छन् भने कसले रोक्न सक्ला र ? महाराज ! यसरी गुप्ती तरीकाले बताइएको चोर थाहापाउन सकिन्छ के ?"

"तात ! मलाई गुप्त कारणको आवश्यकता छैन । 'यो चोर हो' भनी चोरलाई नै समातेर ल्याइदेऊ ।"

आगोको भय—राजालाई बचाउँदै उनले "तिमीनै चोर हौ" नभनी अर्को पनि उदाहरण ल्याए—

"महाराज ! अघि यसै नगरमा एकजनाको घरमा आगो लाग्यो । आफू घरभित्र पसी वस्तुहरू लैजाऊ भनी अर्कालाई अह्रायो । उ गएर वस्तुहरू बाहिर ल्याइरहेको बेलामा घरको दैलो बन्दभयो र धुँवामा रंगमंगिई बाहिर निस्कने बाटो नदेखी जलनले दुःखीभई भित्र-बसेर नै गाथा भन्यो—

"येन भत्तानि पच्चन्ति सीतं येन विहञ्ञति ।
सोमं डहति गत्तानि जातं सरणतो भयं ।।"

अर्थ—

"जुन आगोले भात पकाउने हो, जुन आगोले जाडो हटाउने हो सोही आगोले आज मलाई जलाउँदै छ । जुन वस्तुको शरण लिने हो सोही वस्तुबाट भय उत्पन्न भयो ।"

"महाराज ! महाजनहरूको प्रतिशरण भएको आगो जस्तो एक पुरुषले रत्नवस्तुहरू लग्यो । 'चोर को हो ?' भनी मसँग नसोध्नु होस् ।"

"तात ! मलाई चोर नै चाहिन्छ ।"

आहार भय—राजालाई 'तिमी चोर हौ' नभनी उनले फेरि अर्को उदाहरण प्रस्तुत गरे—

"देव ! अघि यसै नगरमा धेरै खाएर पचाउन नसको पीडित भएको एक पुरुषले रुँदै गाथा भन्यो—

"येन भुत्तेन यापेन्ति पुथु ब्राह्मणखत्तिया ।
सोमं भुत्तो वियापादि जातं सरणतोभयं ।।"

अर्थ—

"जुन खाएर ब्राह्मण क्षत्रीहरू जीविका गर्छन् सोही खाँदा मलाई कष्ट दियो । जुन वस्तुको शरण लिने हो सोही वस्तुबाट भय उत्पन्न भयो ।"

"महाराज ! भात जस्तै महाजनहरूको प्रतिशरण हुने एक पुरुषले वस्तु लियो । त्यो पाएपछि किन चोरलाई सोध्नु हुन्छ ?"

"तात ! सक्छौ भने चोर नै मलाई देऊ ।"

वायुको भय—उनले राजालाई सम्झाउनको लागि फेरि अर्को उदाहरण ल्याए—

"महाराज ! अघि यसै नगरमा एकजनालाई वायुले शरीरलाई पीडादियो । अनि उसले रुँदै गाथा भन्यो—

"गिह्मानं पच्छिमे यामे वातमिच्छन्ति पण्डिता ।
सो मे भञ्जति गत्तानि जातं सरणतो भयं ।।"

अर्थ—

"गृष्मको आखिरी महीनातिर पण्डितहरू वायु (=हावा) चाहन्छन् । तर सोही वायुले मेरो शरीरलाई पीडा दिंदैछ । जुन वस्तुको शरण लिने हो सोही वस्तुबाट भय उत्पन्न भयो ।"

"महाराज ! यसरी शरणबाटै भय उत्पन्न भयो । यो कारणलाई जान्नुहोस् ।"

"तात ! चोरलाई नै ल्याइदेऊ ।"

रुखको भय—राजालाई सम्झाउनको लागि उनले अर्को उदाहरण पनि ल्याए—

"देव ! अतीत समयमा हिमालयतिर शाखा सम्पन्न महान रुख थियो । जसमा अनेकौं हजार चराहरू बस्दथे । त्यसका दुइवटा शाखाहरू जुद्धा त्यसबाट धुँवा र आगो निस्क्यो । यो देखेर चराहरूको नाइकेले गाथा भन्यो—

"यं निस्सितं जातिरुहं विहङ्गमा सोयं अग्गिपमुञ्चति ।
दिसा भजथ वक्कङ्गा जातं सरणतो भयं ।।"

अर्थ—

"जसको आधार लिएर रुखमा चराहरू बस्छन् सोही रुखले आगो निकाल्दैछ । अतः हे चराहरू ! अर्को दिशातिर जाओ । जुन वस्तुको शरण लिने हो सोही वस्तुबाट भय उत्पन्न भयो ।"

"देव ! जस्तै रुख चराहरूको प्रतिशरण हो त्यस्तै गरी महाजन-हरूको प्रतिशरण राजा हुन् । यदि उनले नै चोर कार्य गर्छन् भने कसले रोक्न सक्छ र ! विचार गर्नुहोस् महाराज !"

"तात ! मलाई चोर नै ल्याइदेऊ ।"

अनि उनले अर्को पनि उदाहरण ल्याए—

नदीको भय—"महाराज ! काशी गाउँमा एक गृहस्थीको पछाडितिर कठोर गोही-नदी थियो । सो गृहस्थीको एक मात्र पुत्र थियो । पिता मरेपछि आमाको सेवा गऱ्यो । पछि उसको इच्छाविना नै उसकी आमाले एक कुलपुत्री ल्याइदिई । पहिले त उसले सासूलाई प्यार गरी । पछि आफ्ना छोराछोरीहरू बढेपछि उसलाई निकाल्न चाही । उसकी आमा पनि सोही घरमै बस्थी । उसले पतिकहाँ गई नानाप्रकारले सासूको दोष देखाई भेद गरादिई । म तपाइकी आमालाई पोषण गर्न सक्दिन । उसलाई मारिदेऊ भनी ।

"मानिस मार्नु भनेको अति कठोर काम हो । कसरी मार्न सकूँला र ?" भनी भनेपछि "निदाएको बेलामा खाट समेत उचाली गोही-नदीमा फ्याँकिदिनेछु । अनि उसलाई गोहीले खानेछ" भनी भनी ।

"तिम्री आमा कहाँ छे त ?"

"उसैको नजिक सुत्छे ।"

"त्यसोभए जाऊ, उ सुत्ने खाटमा डोरी बाँधी चिन्नु लगाऊ ।"

उसले त्यस्तै गरीसकेपछि "चिन्नु राखें" भनी भनी ।

अनि उसको लोग्नेले "एकछिन पर्ख। मानिसहरू सुत्नदेऊ" भनी निदाए जस्तो गरी सुत्यो। पछि गएर त्यो डोरी भार्याकी आमा सुत्ने खाटमा बाँधी भार्यालाई उठाई दुवैजना गई खाट समेत उचाली लगेर उसलाई नदीमा फ्याँकिदिए। त्यहाँ उसलाई गोहीले नाश गरी खाइदियो।

भोलिपल्ट आमा हेरफेर भएको बुझी "स्वामी ! मेरी आमा पो मारिइन्। अब तपाइको आमालाई पनि मार्नुपर्छ" भनी भनी।

त्यसोभए "हुन्छ" भनेपछि "चिहानमा चिता बनाई आगोमा राखी मार्नेछु" भनी भन्यो। अनि उसकी आमा निदाएपछि दुवैले उसलाई चिहानमा लगी राखे। अनि त्यहाँ स्वामी चाहिले भार्यासँग सोध्यो "आगो ल्यायौ ?"

"स्वामी ! बिर्सें, ल्याइन।"

"त्यसोभए गएर ल्याऊ।"

"स्वामी ! जान सक्दिन। तपाइ जानुभए पनि म एक्लै यहाँ बस्न सक्दिन। दुवैजना जाऔं।"

उनीहरू गइसकेपछि चीसो हावाले बुढी बिउँझी। अनि चिहान भन्ने कुरा थाहापाई "यिनीहरू मलाई मार्नकोनिमित्त आगो लिन गए होलान्" भनी विचार गरी "यिनीहरूले मेरो शक्ति जानेका छैनन्" भनी एक लाशलाई खाटमा सुताई त्यसमाथि कपडाले ढाकी स्वयं भागेर गई त्यहीं नजिकको गुफाभित्र पसी। उनीहरू पनि आगो ल्याई 'बुढी हो'

भन्ने ठानी लाशलाई जलाई फर्केर गए । त्यस गुफामा एक चोरले अघि वस्तुहरू राखेको थियो । उ त्यो वस्तु लिनेछु भनी आउँदा एक बुढीलाई देखेर "एउटी यक्षिणी हुनुपर्छ" भन्ने सोचेर "मेरो वस्तु अमनुष्यको हातमा गयो" भनी एक भूत-वैंदचलाई बोलाएर ल्यायो । मन्त्र गर्दै वैंवच गुफाभित्र पस्यो । अनि उसले उसलाई "म यक्षिणी होइन । बरु हामी दुवैले यो धन लेऔं" भनी भनी ।

"कसरी विश्वास गर्नें ?"

"तिम्रो जिब्रो मेरो जिब्रोमा राख ।"

उसले त्यसै गऱ्यो । अनि उसले त्यो जिब्रोलाई टोकी टुक्र्याइ दिई । भूत-वैंदच "अवश्य पनि यो यक्षिणी नै हो" भन्दै जिब्रोबाट रगत बघाउँदै चिच्याउँदै कराई भाग्यो । भोलिपल्ट बुढी राम्रो कपडा लगाई नानारत्नहरू लिएर घरमा गई । बुहारीले देखेर "आमा ! यो कहाँ पाउनु भएको हो ?" भनी सोधी ।

"अम्मे ! यो चिहानको चितामा जलाइँदा यस्तो पाइन्छ ।"

"आमा ! के मैले पनि पाउन सकूँला ?"

"म जस्तै भएमा पाउन सक्नेछ्यौ ।"

आभरणको लोभले उसले स्वामीलाई भनी र आफूलाई त्यहाँ जलाउन लगाई । अनि भोलिपल्ट उ नआएकी देखेर "आमा ! तिमी चाहिं यसबेलासम्म आइसकेकी थियौ । बुहारी चाहिं आएकी छैन" भनी भन्यो । यो सुनेर "अरे पापी पुरुष ! एकचोटि मरिसकेकी कहाँबाट आउने छे त ?" भनी उसलाई तर्जन गरी गाथा भनी—

"यमनयिं सोमनस्सं मालिनिं चन्दनुस्सदं ।
सा मं घरा नीहरति जातं सरणतो भयन्ति ।।"

अर्थ—

"जुन माला धारिणी र चन्दन धारणीलाई प्रसन्न मनले ल्याएँ उसैले मलाई घरबाट निकालि दिई । जुन वस्तुको शरण लिने हो सोही वस्तुबाट भय उत्पन्न भयो ।"

"महाराज ! जस्तै सासूकोनिमित्त बुहारी हो त्यस्तै महाजनहरूकोनिमित्त राजा प्रतिशरण हुन् । देव ! उसैबाट भय उत्पन्न भएपछि कसले के गर्न सक्ला त । यो कुरा पनि विचार गर्नुहोस् ।"

"तात ! तिमीले दिएका उदाहरणका कारणहरू म बुझ्दिन । मलाई चोर नै ल्याइदेऊ ।"

छोराको भय—उनले राजालाई रक्षा गर्छु भन्दै अर्को पनि उदाहरण ल्याए—

"देव ! अघि यसै नगरमा एक पुरुषले प्रार्थना गरी छोरा जन्मायो । अनि उसले 'पुत्र पाएँ' भनी अति हर्षित भई उसलाई पोषण गर्‍यो । वंश पुगेपछि उसकोनिमित्त भार्या पनि ल्याइदियो । पछि उ बुढो भएपछि कामगर्न सकेन । अनि सो पुत्रले "तिमीले कामगर्न सकेनौ । यहाँबाट निस्केर जाऊ" भनी घरबाट निकालिदियो । उसले कष्टपूर्वक जीविका गरी रुँदै विलाप गर्दै यो गाथा भन्यो—

"येन जातेन नन्दिस्सं यस्स च भवमिच्छिसं ।
सो मं घरा निच्छुभति जातं सरणतो भयन्ति ।।"

अर्थ—

"जसको जन्म हुँदा म सारै खुशी भएको थिएँ र जसको अभिवृद्धिको कामना पनि गरिरहेको थिएँ । आज उही छोराले मलाई घरबाट निकालिदियो । जुन वस्तुको शरण लिने हो सोही वस्तुबाट भय उत्पन्न भयो ।"

"महाराज ! जस्तै बुढो भएको पितालाई बलसम्पन्न पुत्रले रक्षा गर्नुपर्छ, त्यस्तै गरी सबै जनपदको रक्षा राजाले गर्नुपर्छ । जुन यो भय उत्पन्न भएको छ त्यो सबैको रक्षा गर्ने राजाकै तरफबाट उत्पन्न भएको छ । देव ! त्यसैले यो कारणद्वारा पनि फलानो चोर हो भन्ने कुरा बुझ्नु होस् ।"

यो सुनेर राजाले भने—"तात ! म चाहिं कारण वा अकारण जान्दिन । चोर नै ल्याइदेऊ अथवा तिमी नै चोर बन । यसरी बारम्बार माणवलाई अनुरोध गरे ।"

अनि उनले यसो भने—

"महाराज ! के त निश्चय नै चोरलाई समात्न चाहनु हुन्छ त ?"

"हो तात !"

"त्यसोभए अमुक अमुक चोर हुन् भन्ने कुरा परिषद्को बीचमा प्रकाश गर्नेछु ।"

"हुन्छ तात ! त्यस्तै गर ।"

राजाको वचन सुनी उनले "यी राजा आफूलाई रक्षा गर्न चाहन्नन् । अब म चोर समात्नेछु" भनी एकत्रित भएका महाजनहरूलाई सम्बोधन गरी यी गाथाहरू भने—

"सुणन्तु मे जानपदा नेगमा च समागता ।
यतोदकं तदादित्तं यतो खेमं ततो भयं ।।"

"राजा विलुम्पते रट्ठं ब्राह्मणे च पुरोहितो ।
अत्तोगुत्तो विहरथ जातं सरणतो भयन्ति ।।"

अर्थ—

"यहाँ भेला भएका जनपदवासी र निगमवासीहरू हो ! मेरो कुरा सुन्नुहोस् । जहाँ पानी छ उहींबाटै आगो निस्कँदैछ । जसबाट सुरक्षा थियो उहींबाटै भय उत्पन्न भएको छ ।

"राजा र पुरोहित ब्राह्मण मिली दुवैले राष्ट्र लुट्दै छन् । आ-आफ्नो सुरक्षा गरी बस । जुन वस्तुको शरण लिने हो सोही वस्तुबाट भय उत्पन्न भएको छ ।"

उनको कुरा सुनेर उनीहरूले यस्तो सोचे—"यी राजा स्वयं रक्षक भएर पनि अहिले अर्कामाथि दोष लगाई आफ्नो वस्तु आफैंले

पोखरीमा राखी चोर खोज्न लगाउँछन् । अब उप्रान्त फेरि यस्तो चौरकार्य गर्न नदिनकोनिमित्त यी पापी राजालाई मार्नुपर्छ भनी सोची मुग्रा र लट्ठीहरू हातमा लिई उठेर त्यहीं नै राजालाई र पुरोहितलाई पीटेर ज्यान लिई महासत्वलाई अभिषेक गराई राज्य सुम्पिदिए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई "उपासक ! पृथ्वीको पदचिन्ह जान्नु कुनै आश्चर्य होइन । पुराना पण्डितहरूले आकाशका पदचिन्ह पनि जान्दथे" भनी जातक समाधान गर्नुभयो । सत्य कुराको अन्त्यमा उपासक र पुत्र दुवै स्रोतापत्तिफलमा प्रतिष्ठित भए ।

"त्यसबखत पिता हुने चाहिं काश्यप थिए र पदकुशल माणव चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

---

१६. अवारिय जातक (३७६)

"मास्सु कुज्झि भूमिपती'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक घाटमा बस्ने माझीको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

उ मूर्ख र अज्ञानी थियो। उ बुद्धादि रत्नहरूमध्ये र अरू कुनै पुरुषहरूको गुण जान्दैनथ्यो। चण्ड, क्रूर र साहसी थियो।

एकदिन एक जनपदवासी भिक्षु बुद्धको उपस्थान गर्नेछु भनी आइरहेको बेलामा संध्यासमयमा अचिरवती नदीको घाटमा पुग्दा माझीलाई यस्तो भने—"उपासक! पारी तीरमा जानेछु, मलाई डुंगा देऊ।"

"भन्ते! अहिले असमय भइसक्यो। आज यहाँ कुनै ठाउँमा बस्नुहोस्।"

१. जा. पा. I. पृ. १२८: अवारियजातक, नं. ३७६, अ. क. III. पृ. १५९.

"उपासक ! यहाँ कहाँ बसूँ र । मलाई लिएर पारी जाऊ ।"

अनि सो रिसाई "अरे श्रमण ! आऊ, तार्नेछु" भनी स्थविरलाई डुँगामा राखी सोझै नगई डुँगा तलतिर लगी बेस्करी डुँगा हल्लाई उनको पात्र चीवर भिजाई हैरान गरी तीरमा पुऱ्याई अँध्यारो भएपछि छाडिदियो । अनि उनी विहारमा गई त्यसदिन बुद्धकहाँ जाने समय नभएपछि अर्को दिन शास्ताकहाँ गई वन्दना गरी एक छेउमा बसेका उनीसँग शास्ताले कुशलवार्ता गरिसकेपछि "कहिले आएका ह्वौ ?" भनी सोध्नुभयो । त्यसपछि "भन्ते ! हिजो आएको हुँ" भने । "त्यसोभए किन आज बुद्धकहाँ आएको नि ?" भनी सोध्नु भएपछि उक्त घटनाको कुरा सुनाए ।

यति सुनेर शास्ताले "भिक्षु ! अहिले मात्र होइन अघि पनि यो पुरुष चण्ड र क्रूर थियो । अहिले चाहिँ उसले तिमीलाई हैरान गऱ्यो । अघि पनि पण्डितहरूलाई हैरान गरेको थियो" भनी भन्नुभयो । अनि उनले सो कुरा बताउनहुन प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा ब्राह्मण कुलमा जन्मेका बोधिसत्वले वँश पुगेपछि तक्षशिलामा गई सबै शास्त्रहरू अध्ययन गरे । त्यसपछि ऋषिभेष अनुसार प्रव्रजित

भई दीर्घकालसम्म हिमालतिर फलमूलद्वारा यापन गरी नून र अमिलो सेवन गर्नकोनिमित्त बाराणशीमा गई राजोदयानमा बसी झोलिपल्ट भिक्षाटन्को लागि नगरमा गए। अनि उनलाई राजआंगनमा आइरहेको देखेर उनको स्वभावदेखी प्रसन्न भई राजाले अन्तःपुरमा ल्याई भोजन गराई वचन लिई राजोदयानमै राखे। राजा दिनदिनै उनको उपस्थानमा जान्थे। अनि बोधिसत्वले उनलाई "राजा हुनेले चारवटा अगतिमा[१] नगई अप्रमादी भई क्षान्ति, मैत्री, अनुदयादि गुणले युक्त भई राज्य गर्नुपर्छ" भनी दिनदिनै अतिबुद्धि दिंदै यी गाथाहरू सुनाउँदथे—

१. "मास्सु कुज्झि भूमिपति मास्सु कुज्झि रथेसभ।
कुद्धं अप्पटिकुज्झन्तो राजा रट्ठस्स पूजितो॥

२. "गामे वा यदि वा रञ्ञे निन्ने वा यदि वा थले।
सब्बत्थ मनुसासामि मास्सु कुज्झि रथेसभा'न्ति॥

अर्थ—

१—"हे भूमिपति! क्रोध नगर्नुहोस्, हे रथेसभ! क्रोध नगर्नुहोस्। क्रोधीप्रति अक्रोधी हुनाले नै राजा राष्ट्रमा पूजित हुन्छन्।

२—"गाउँ, जंगल, समतल तथा उच्च स्थल सबै ठाउँमा म यही उपदेश गर्दछु। हे रथेसभ! क्रोध नगर्नुहोस्।"

---

१. छन्दागति, द्वेषागति, मोहागति र भयागति। यी चारलाई 'चार अगति' भनिएको हो।

यसरी राजा आउने आउने बेलामा बोधिसत्वले यी गाथाहरू सुनाउँदथे। प्रसन्न चित्तले राजाले महासत्वलाई एकलाख आम्दानी हुने एक गाउँ दिए। बोधिसत्वले प्रतिक्षेप गरे। यसरी उनी उहीं बाह्रवर्षसम्म बसी "यहाँ बसेको धेरै दिन भयो, जनपद चारिका गरी आउनेछु" भनी राजालाई नभनी उद्यानपाललाई बोलाई "तात! म जनपदचारिका गर्न उत्सुकछु। चारिका गरेर आउनेछु। तिमीले राजालाई भनिदेऊ" भनी गएपछि डुँगा भएको एक गाउँको घाटमा पुगे। त्यहाँ अवारियपिता भन्ने माझी थियो। उ मूर्खले न गुणवान्-हरूको गुण जान्दथ्यो न आफ्नो आम्दानीको उपाय नै जान्दथ्यो। उसले गंगा तर्न चाहनेलाई पहिले तारिदिन्थ्यो र पछि ज्याला माग्दथ्यो। जब ज्याला नदिनेसँग उ झगडा गर्थ्यो तब आक्रोश र प्रहार नै धेरै पाउँथ्यो र थोरै मात्र लाभ हुन्थ्यो।

अन्धमूर्ख उसको कारणमा बुद्ध हुनु भइसकेपछि शास्ताले यो तेश्रो गाथा भन्नुभएको हो—

"अवारियपिता नाम अहू गङ्गाय नाविको।
पुब्बे जनं तारयित्वा पच्छा याचति वेतनं।
तेनस्स भण्डनं होति न च भोगेहि वड्ढती'ति ॥"

अर्थ—

"अवारियपिता भन्ने गंगामा एक माझी थियो। उ पहिले तारेर

पछि ज्याला माग्ने गर्थ्यो । त्यसैले धेरैजसो झगडा मात्र हुन्थ्यो र थोरै मात्र लाभ हुन्थ्यो भोगद्वारा उसको अभिवृद्धि हुन सक्दैनथ्यो ।"

बोधिसत्व त्यहाँ पुगेर माझीकहाँ गई "आवुसो ! मलाई पारी पुर्‍याइदेऊ" भनी भने । यो सुनेर उसले भन्यो—"श्रमण ! तिमीले मलाई ज्याला दिन्छौ के ?"

"आवुसो ! मैले तिमीलाई भोगवृद्धि, अर्थवृद्धि र धर्मवृद्धि हुने कुरा बताउनेछु ।"

यो सुनेर उसले सोच्यो—"अवश्य पनि यिनले मलाई केही दिनेछन् ।" अनि उनलाई पारी तीरमा पुर्‍याई "डुँगाको ज्याला देऊ" भनी भन्यो । उनले "हुन्छ" भनी सर्वप्रथम भोगवृद्धिको कुरा बताउँदै यो गाथा भने—

"अतिण्णञ्ञेव याचस्सु अपारं तात नाविक ।
अञ्ञोहि तिण्णस्स मनो अञ्ञो होति तरेसिनो'ति ।।"

अर्थ—

"तात माझी ! डुँगामा तार्नुभन्दा अगाडि नै ज्याला माग्ने गर । तर्न चाहनेको मन अर्कै हुन्छ र तरिसकेकाको मन अर्कै हुन्छ ।"

यो सुनेर उसले सोच्यो कि यिनले शायद मलाई पहिले अतिबुद्धि दिएका होलान् । त्यसपछि मलाई केही दिनेछन् होला । अनि

बोधिसत्वले "आवुसो ! सर्वप्रथम यो तिम्रो अभिवृद्धिको कुरा हो । अर्थ र धर्म अभिवृद्धि हुने कुरा सुन भनी उसलाई अर्ति दिँदै भने—

"गामे वा यदि वा रञ्ञे निन्ने वा यदि वा थले ।
सब्बत्थ मनुसासामि मास्सु कुज्झित्थ नाविका'ति ।।"

अर्थ—

"गाउँमा, जंगलमा, समतलमा अथवा उच्चस्थानमा जहाँ बसेता पनि 'क्रोध नगर' भनी म तिमीलाई अर्ति दिन्छु ।"

यसरी उसलाई यो गाथाद्वारा अर्थ र धर्मवृद्धिको कुरा बताई "यही तिमीलाई अर्थवृद्धि र धर्मवृद्धि हो" भनी भने । त्यो दुष्ट पुरुषले त्यो अर्तिबुद्धिलाई केही नठानी "श्रमण ! तिमीले मलाई डुँगाको ज्याला यही दिएका ह्वौ ?" भनी सोध्यो ।

"हो आवुसो !"

"मलाई यसको काम छैन, अर्को देऊ ।"

"आवुसो ! यो बाहेक मसँग अरू केही छैन ।"

त्यसोभए "किन तिमी मेरो डुँगामा बसेका ह्वौ त ?" भनी तपस्वीलाई गंगाको तीरमा पछारी छातीमाथि बसी मुखमा थप्पड दियो ।

शास्ताले "भिक्षुहो ! यसरी तपस्वीले जुन अर्तिबुद्धि दिएर राजाबाट गाउँ वर पाए सोही अर्तिबुद्धि अन्धमूर्ख माझीलाई दिंदा

मुखमा थप्पड पाए" भनी भन्नुभयो । त्यसो हुनाले "अतिबुद्धि दिनेले उचित पुरुषलाई नै दिनुपर्छ र अनुचित पुरुषलाई होइन" भनी भन्नुभई अभिसम्बुद्ध भइसक्नुभएपछि यो गाथा भन्नुभएको हो—

"यायेव अनुसासनिया राजा गामवरं अदा ।
तायेव अनुसासनिया नाविको पहरी मुखन्ति ।।"

अर्थ—

"जुन उपदेश दिंदा राजाले गाउँ वर दिए सोही उपदेश दिंदा माझीले मुखमा थप्पड खायो ।"

उनलाई उसले कुटिरहेको बेलामा उसकी भार्याले भात ल्याई । तपस्वीलाई देखेर "स्वामी ! यी तपस्वी राजकुलमा जाने तपस्वी हुन्, नपिट्नुहोस्" भनेर भनी । उ रिसाएर "तिमी नै यो कुटिल तपस्वीलाई पिट्नदिन्नौ" भन्दै उठेर उसैलाई पिटी पछार्‍यो । अनि भातको भाँडो खसी फुट्यो । स्वास्नी चाहिं गर्भवती थिई र उसको गर्भ पनि भुइमा पतन भयो । अनि उसलाई मानिसहरूले घेरा लगाई "यो पुरुष मार्ने चोर हो" भनी समाती बाँधेर राजाकहाँ लगे । राजाले न्याय गरी उसलाई राजदण्ड दिए ।

अनि अभिसम्बुद्ध भइसक्नुभएका शास्ताले यो अन्तिम गाथा भन्नुभएको हो—

"भत्तं भिन्नं हता भरिया गब्भो च पतितो छमा ।
मिगोव जातरूपेन न तेनत्थं अवड्ढितुन्ति ।।"

अर्थ—

"भातको भाँडो फुट्यो, भार्यालाई कुट्यो र गर्भ पनि भुइमा पतन भयो। जस्तै सुन चाँदीद्वारा मृगको अभिवृद्धि हुन सक्दैन उस्तै गरी अन्धमूर्खको अभिवृद्धि पण्डितले दिएको अति उपदेशद्वारा हुन सक्दैन।"

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो। सत्यको अवशानमा सो भिक्षु स्रोतापत्तिफलमा प्रतिष्ठित भए।

"उसबखतको माझी अहिलेको माझी नै थियो, राजा चाहिं आनन्द थिए र तपस्वी चाहिं म नै थिएँ" भनी भन्नुभयो।

१७. वीणाथून जातक(२३२)

"एकचिन्तितोव अयमत्थो'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले एउटी कुमारीको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ श्रावस्तीवासी एक सेठकी छोरी थिई । आफ्नो घरमा एक वृषभराजलाई सत्कार गरिरहेको देखेर दासीसँग सोधी "अम्मे ! यो के हो ? जसलाई यसरी सत्कार गरिंदै छ"

"अम्मे ! यो वृषभराज हो ।"

अर्को दिन प्रासादमा बसिरहेकी उसले सडकमा एक लंगडालाई देखेर विचार गरी—"गाईहरूको बीचमा जेठो हुनेको जुरो हुन्छ भने मनुष्यहरूको बीचमा पनि यस्तै हुंदो होला । यी मनुष्यहरूमध्ये यो एक

---

१. जा. पा. I. पृ. ९५: वीणागुणजातकं, नं. २३२, अ. क. I–II. पृ. ५२९.

जेठा पुरुष हुनुपर्छ । म यिनको पादपरिचारिका बन्नुपर्‍यो ।" उसले दासीलाई "श्रेष्ठीकी छोरी तपाइसँग जान चाहन्छे । अमुक स्थानमा गई पर्खिरहनु होस्" भनी भन्न लगाई । मूल्यवान्‌वस्तु लिई नचिन्ने भेष लिएर प्रासादबाट ओर्ल्हीं उसँग गई । पछि यो कुरा नगरमा र भिक्षु-सङ्घको बीचमा प्रकट भयो । धर्मसभामा भिक्षुहरूले कुरा निकाले— "आवुसो ! अमुक सेठकी छोरी एक लंगडासँग भागेर गई ।"

शास्ता आउनुभई—"भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोधनी भएपछि "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र यसले लंगडालाई रुचाएकी होइन अघि पनि रुचाएकै थिई" भनी पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व एक निगम गाउँमा श्रेष्ठी कुलमा जन्मी बैँश पुगेपछि गृहस्थाश्रममा बसे र उनले पुत्र-पुत्रीहरूको अभिवृद्धि गरे । अनि बाराणशी सेठकी एक छोरीसंग आफ्नो छोरालाई विवाह गरिदिने बन्दोवस्त गरे ।

एकदिन आफ्नो घरमा एक वृषभलाई सम्मान सत्कार गरिरहेको देखेर "यो के हो ?" भनी धाईसँग सोधी । "वृषभ" भन्ने जवाफपाई

सडकमा हिँडिरहेको एक लंगडालाई देखेर "यो पुरुष वृषभ हुनुपर्छ" भन्ने ठानी मूल्यवान् वस्तु लिई उसँग भागेर गई ।

बोधिसत्व पनि "श्रेष्ठीकी छोरी आफ्नो घरमा ल्याउँछु" भनी परिवारका साथ बाराणशी गइरहेको बेलामा त्यही बाटोबाट गएका थिए । उनीहरू पनि रातभरी बाटो हिंडे । अनि रातभरीको हावाले गर्दा अरुणोदयको समयमा लंगडोको शरीरमा वायु प्रकोप भयो । ठूलो वेदना उत्पन्न भयो । उ बाटोको एकातिर लागेर वेदनाले पीडित भई वीणा जस्तै भई भुइमा पल्ट्यो । श्रेष्ठीकी छोरी पनि उसको खुट्टामनि बसी । बोधिसत्वले खोरण्डोको खुट्टामनि बसिरहेकी श्रेष्ठीकी छोरीलाई चिनेर उसकहाँ गई कुरा गर्दै पहिलो गाथा भने—

"एक चिन्तितोव अयमत्थो वालो अपरिनायको ।
न हि खुज्जेन वामेन भोति संगन्तुमरहसी'ति ।।"

अर्थ—

"अम्मे ! जो तिमी 'योसँग जानेछु' भनी चिन्तन गरी यो लंगडासँग आयौ त्यो तिमी एक्लैको सोचाइ हो । यो मूर्ख तिमीसँग जान सक्दैन र यो पुड्के खोरण्डो सँगसँगै बस्नु पनि तिम्रोनिमित्त उचित छैन ।"

यो सुनेर श्रेष्ठीकी छोरीले दोश्रो गाथा भनी —

"पुरिसूसभं मञ्ञमाना अहं खुज्जमकामयिं ।
सोयं संकुटिलो सेति छिन्नतन्ति यथा थुणा'ति ।।"

अर्थ —

"वृषभ पुरुष ठानी मैले यो लंगडालाई चाहेको थिएँ । अब यो तार चुँडिएको वीणा जस्तै भुइमा परिरहेको छ ।"

अज्ञानताको कारणले उसँग निक्लेको हो भन्ने कुरा बुझेर बोधिसत्वले उसलाई नुहाउन लगाई अलंकृत पारी रथमा राखी घरमा लगे ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखत श्रेष्ठीको छोरी यही थिई र बाराणशीको सेठ चाहि म नै थिएँ" भनी भन्नुभयो ।

१८. असिताभू जातक(२३४)

"त्वमेवदानिमकरा'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक कुमारीको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

श्रावस्तीमा दुवै[२] श्रावकहरूलाई उपस्थान गर्ने एक घरमा एक अभिरूपा तथा सोभायमान एक कुमारी थिई । बँश पुगेपछि उ समानजातिको एक कुलमा गई । स्वामी चाँहि उसलाई किञ्चित नठानी अर्कोसँग आसक्त भई बस्दथ्यो । आफूलाई गरेको अनादरलाई गिन्ति नगरी दुइ अग्रश्रावकहरूलाई निम्तो गरी महादानदिई धर्मश्रवण गर्दै स्रोतापत्तिफलमा प्रतिष्ठिता भई । त्यहाँदेखि उ मार्गसुख र फलसुख अनुभव गर्दै दिन बिताउन थाली । अनि एकदिन "स्वामीले पनि मलाई

---

१. जा. पा. I. पृ. ६०: असिताभूजातकं, नं. २३४, अ. क. I–II. पृ. ५३२.

२. सारिपुत्र र महामौद्गल्यायनहरूलाई दुइ अग्रश्रावक भन्दछन् ।

रुचाउन्नन्, घरमा वस्ने पनि मेरो इच्छा छैन" भन्ने सोचेर आमाबाबुहरूलाई सूचित गरी प्रव्रजित भई अरहत् भई। उसको यो कुरा भिक्षुहरूकहाँ प्रकट भयो। एकदिन धर्मसभामा भिक्षुहरूले कुरा निकाले —"आवुसो! अमुक कुलकी छोरी कल्याण मार्ग खोजि गर्ने हो। स्वामीले नरुचाउने भाव उसले बुझी अग्रश्रावकहरूको धर्म सुनी स्रोतापत्तिफलमा प्रतिष्ठिता भई। पछि आमाबाबुहरूलाई सूचित गरी प्रव्रजित भई अरहत्व प्राप्त गरी। यसरी त्यो कुमारीले कल्याण मार्ग खोजि गरी।"

शास्ता आउनुभई "भिक्षुहो! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ?" भनी सोधनी भएपछि "यो यो" भनी भनेपछि "भिक्षुहो! अहिले मात्र त्यो कुलपुत्रीले कल्याण मार्ग खोजिगरेकी होइन अघि पनि कल्याण मार्ग खोजिगर्ने नै थिई" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा ऋषिभेष अनुसार प्रव्रजित भई अभिज्ञा र समापत्तिहरू लाभ गरी बोधिसत्वले हिमाल प्रदेशमा बास गरेका थिए।

त्यसबखत बाराणशी राजाले आफ्नो पुत्र ब्रह्मदत्तको परिवार सम्पत्ति देखेर शंका उत्पन्न भएपछि पुत्रलाई राष्ट्रबाट बाहिर निकालि

दिए । असिताभू नामक आपनी देवीलाई साथमा लिएर हिमालतिर गई माछामासु र फलमूलहरू खाई पर्णशालामा उनी बस्नथाले ।

एकदिन उनले एक किन्नरीलाई देखेर आसक्त भई "यसलाई प्रजापति बनाउनेछु" भनी असिताभूको वास्ता नगरी उसको पछि पछि लागेर गए । त्यो किन्नरीको पछि लागेको देखेर उसले "मेरो बेवास्ता गरी यिनी किन्नरीको पछि लागिरहेछन् । यिनले मलाई के गर्लान् र ?" भनी विरक्त भई बोधिसत्वकहाँ गएर वन्दना गरी कसिण परिकर्मको[१] कुरा बताउन लगाई कसिणा हेर्दा हेर्दै अभिज्ञा र समापत्तिहरू लाभ गरी बोधिसत्वलाई वन्दना गरी फर्केर आपनो पर्णशालाको दैलोमा उभिई । ब्रह्मदत्त पनि किन्नरीको पछि पछि लाग्दा लाग्दै उ गएको बाटो नदेखे पछि निराश भई पर्णशालातिर नै गए । उ आइरहेको देखेर असिताभू आकाशमाथि गई मणिवर्ण आकाशमा उभिई—"आर्य पुत्र ! तिम्रो कारणले मैले यो ध्यानसुख प्राप्त गरें" भनी भन्दै यो पहिलो गाथा भनी—

"त्वमेव दानिमकर यं कामो व्यपगमा तयि ।
सोयं अप्पटि सन्धिको खराछिन्नं व रेरुकन्ति ।।"

अर्थ—

"यो त तिमीले नै गरेका हौ जो कि तिमी किन्नरीको पछि पछि

---

१ ध्यान गर्नकोनिमित्त बनाइने एक आकारलाई 'कसिण परिकर्म' भनी भनिन्छ ।

लाग्यो। अब मेरा तिमीप्रति आशा छैन। करौंतीले काटेको हात्तीको दाँत फेरि नजोडिने कैं भैसक्यो।"

यति भनी उनले हेर्दा हेर्दै आकाशबाट अन्यत्र गईं।

उ अन्त गएको देखेर रुँदै दोश्रो गाथा भने—

"अत्रिच्छा अतिलोभेन अतिलोभमदेन च।
एवं हायामि अत्थम्हा अहंव असिताभूया'ति।।"

अर्थ—

"जथाभावी इच्छा र अतिलोभ गरेर तथा अतिलोभ र मदको कारणले त्यसरी नै अर्थबाट वञ्चित हुन्छ जस्तै म असिताभूबाट वञ्चित भएँ।"

यसरी उनी यो गाथाद्वारा रोएर एक्लै जंगलमा बसे। पछि पिता परलोक भएपछि गएर राज्य लिए।

शास्ताले यो धर्मदेशना ल्याउनुभई पूर्वजन्मको कुरा बताउनु भयो।

"त्यसबखत राजपुत्र र राजपुत्री यिनै दुइजना थिए। तपस्वी चाहिं म नै थिएँ" भनी भन्नुभयो।

१६. सुवण्णमिग जातक (३५९)

"विक्कमरे महामिगा'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक कुल कुमारीको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ चाहिं श्रावस्तीवासी दुवै अग्रश्रावकहरूको उपस्थाक कुलकी छोरी हो । उ श्रद्धासम्पन्ना, बुद्ध, धर्म र सङ्घप्रति ममता राख्ने थिई र आचार सम्पन्ना, पण्डिता तथा दानादि पुण्यकर्ममा पनि मन लगाउँदथी ।

श्रावस्तीमै बस्ने अर्को एक समान जातिक तर मिथ्यादृष्टिक सेठले उसलाई माग्न आयो । अनि उसका आमाबाबुहरूले—"हाम्री छोरी श्रद्धासम्पन्ना, त्रिरत्नमा ममता राख्ने र दानादि पुण्यकर्म गर्नमा व्यस्त रहन्छे । तिमीहरू चाहिं मिथ्यादृष्टिक ह्वौ । उसलाई इच्छा

१. जा. पा. I. पृ. ११७: सुवण्णमिगजातकं, नं. ३५९, अ. क. III. पृ. १२६.

अनुसार दानदिन, धर्मश्रवण गर्न, विहारमा जान तथा शील रक्षा गरी उपोसथ व्रत पालन गर्न दिने छैनौं । त्यसैले हामी तिमीलाई दिने छैनौं । आफूसमान मिथ्यादृष्टिक कुनै अर्को कुलको कन्या ल्याऊ" भनी भने ।

उनीहरूले प्रतिक्षेप गरेपछि "हाम्रो घरमा गएर इच्छानुसार तिमीहरूकी छोरीले सबै कुरा गर्न पाउने छे । हामीले यसमा कुनै बाधा दिने छैनौं । अतः उसलाई देऊ" भनी उनीहरूले भने ।

"त्यसोभए हुन्छ लेऊ" भनी भनेपछि असल नक्षत्रमा राम्ररी मंगल गरी उसलाई आफ्नो घरमा ल्याए ।

उ कर्तव्य परायणा, पतिदेव भई बसी सासू ससुरा पतिहरूप्रति गर्नुपर्ने जम्मै कर्तव्य पनि पालन गर्दथी । एकदिन उसले पतिलाई भनी—"आर्यपुत्र ! हाम्रो कुलमा आउने स्थविरहरूलाई म दान दिन चाहन्छु ।"

"भद्रे ! हुन्छ, इच्छानुसार देऊ ।"

उसले स्थविरहरूलाई निम्त्याउन लगाई, महान सत्कार गरी, प्रणीत भोजन गर्न लगाई एक छेउमा बसी—"भन्ते ! यो कुल अश्रद्धालु मिथ्यादृष्टिक छ र यसले त्रिरत्नको गुणलाई जान्दैन । अतः यो कुलले त्रिरत्नको गुणलाई नजानेसम्म यहीं भिक्षा ग्रहण गर्नुहोस्" भनी प्रार्थना गरी । स्थविरहरूले पनि स्वीकार गरी उहीं नित्य भोजन गर्नथाले ।

उ फेरि स्वामीलाई भन्छे—"आर्यपुत्र ! स्थविरहरू दिनदिनै यहाँ आउँछन् । किन तपाइ आउनु हुन्न ?"

"हुन्छ आउनेछु ।"

अर्को दिन भोजन कृत्य सिद्धिएपछि उसलाई सूचित गरी । उ आएर स्थविरहरूसँग कुशलक्षेम कुरा गरी एक छेउमा बस्यो । अनि धर्मसेनापतिले उसलाई धर्मकथा सुनाउनु भयो । स्थविरको धर्मकथामा र वहाँको स्वभावमा प्रसन्न भई त्यहाँदेखि उसले स्थविरहरूकोनिमित्त आसनहरू बिच्छाउन थाल्यो, पानी छान्न थाल्यो र भोजनको अन्त्यमा धर्मकथा पनि सुन्नथाल्यो । पछि गएर उसको मिथ्यादृष्टिपन हटेर गयो । एकदिन स्थविरले उनीहरू दुवैजनालाई धर्मकथा सुनाउनु हुँदै चतुरार्य-सत्यको कुरा प्रकाश पार्नुभयो । सत्य कुराको अवशानमा दुवैजना स्रोतापत्तिफलमा प्रतिष्ठित भए । त्यहाँदेखि आमाबाबु आदि दास कामदारहरू लगायत सबैले मिथ्यादृष्टिलाई छाडी बुद्ध, धर्म तथा सङ्घलाई रुचाउने भए। अनि एकदिन त्यो कुमारीले स्वामीलाई भनी— "आर्यपुत्र ! गृहस्थी भएर के गरुँ ? म प्रव्रजित हुन चाहन्छु ।"

"हुन्छ भद्रे ! म पनि प्रव्रजित हुनेछु" भनी महान परिवारका साथ उसलाई भिक्षुणीहरू बस्ने ठाउँमा लगी प्रव्रजित गराई आफू स्वयंले पनि शास्ताकहाँ गई प्रव्रज्या माग्यो । शास्ताले उसलाई प्रव्रज्या र उपसम्पदा गर्न लगाउनु भयो । ती दुवैजनाले विपश्यना-ध्यान भाविता गरी केही दिनमै अरहत्व प्राप्त गरे ।

अनि एकदिन धर्मसभामा कुरा चल्यो —"आवुसो ! अमुक तरुणी भिक्षुणीले आफ्नो पनि हेतु बनेर आफू पनि प्रव्रजित भई स्वामी-

लाई पनि प्रव्रजित गराई आफू पनि अरहन्त भई स्वामीलाई पनि अरहत्वमा पुऱ्याई ।"

शास्ता आउनु भई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोधनी हुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र उसले आफ्नो स्वामीलाई रागबन्धनबाट मुक्त गराएकी होइन अघि पनि पुराना पण्डितहरूद्वारा मरणबन्धनबाट मुक्त नै गराएकी थिई" भनी पूर्वजन्मको कुरा बताउनु भयो —

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व मृगयोनिमा उत्पन्न भए । सो वैंश पुगेपछि अभिरूप दर्शनीय तथा प्रासादिक थिए । यी सुवर्णवर्णी र चप्राको रंगले चित्रित गरे जस्तै हात खुट्टाहरू, चाँदीको सिक्री जस्तै सिङहरू, मणि जस्तै आँखाहरू र रातो कम्बल जस्तै मुख थियो । उनकी भार्या पनि तरुणी मृगी अभिरूपिणी प्रासादिका थिई । उनीहरू खुब मेलमिलापसँग बसेका थिए । असीहजार विचित्र मृगहरूले बोधिसत्व (मृग) लाई उपस्थान गर्थे । त्यसबखत व्याधाहरूले मृगहरूलाई मार्दथे र पासोमा पनि पार्दथे ।

अनि एकदिन मृगहरूको अगाडि अगाडि गइरहेको बेलामा बोधिसत्वको खुट्टामा पासो अल्झ्यो । उसलाई चुँडाल्छु भनी तान्दा-

खेरि खुट्टाको छाला काटियो । फेरि पनि तान्दा मासु काटियो, नसाहरू काटिए र पासो हाडसम्म पुग्यो । पासो चुँडाल्न न सकेपछि बन्धनको आवाज निकाल्दै कराए । यो सुनेर मृगहरू डराएर भागेर गए । भार्या पनि भागेर गई । पछि मृगहरूको बीचमा आफ्नो पतिलाई नदेखेपछि "यो भय मेरो प्रिय पतिलाई नै आइपरेको हो" भनी जानो बेगले उनकहाँ गई गहभरी आँसुपारी रुँदै—"स्वामी ! तपाइ महाबलवान् हुनुहुन्छ । के यो पासोलाई सहन सक्नु हुन्न ? बल गरेर पासो चुँडाल्नु होस्" भनी उनलाई प्रोत्साहित पार्दै पहिलो गाथा भनी—

"विक्कम रे महामिग विक्कम रे हरीपद ।
छिन्द वारितिकं पासं नाहं एका वने रमेति ।।"

अर्थ—

"हे सुवर्ण पाद भएका महामृग ! बल गर्नुहोस् ! बल गर्नुहोस् ! ! छालाको पासोलाई चुँडाल्नु होस् । म एक्लै वनमा बस्न सक्दिन ।"

यो सुनेर मृगले दोश्रो गाथा भने—

"विक्कमामि न पारेमि भूमिं सुम्भामि वेगसा ।
दल्हो वारत्तिको पासो पादं मे परिकन्तती'ति ।।"

अर्थ—

"म बल गर्दैछु तर चुँडाल्न सक्दिन । चुँडाल्छु भनी खुट्टाले

भुइमा पनि ठोक्छु । तर यो छालाको पासो बलियो छ । मेरो खुट्टा काटिंदै गइरहेको छ ।"

"स्वामी ! नडराउनुहोस् । आफ्नो शक्तिद्वारा व्याधासँग प्रार्थना गरी तपाइको ज्यान बचाइदिनेछु । यदि प्रार्थनाद्वारा सकिन भने मेरो ज्यान दिएर भए पनि तपाइको ज्यान बचाउनेछु" भनी मृगीले आफ्नो स्वामीलाई आश्वासन दिई । अनि रगताम्मे बोधिसत्वलाई अँगाली उ उभिइरही । व्याधा पनि कल्पान्तको आगो झैं भएर तरवार र बाँण लिएर आयो । उ आइरहेको देखेर "स्वामी ! व्याधा आइरहेको छ । म मेरो शक्ति देखाउनेछु । तपाइ नडराउनु होस् !" भनी स्वामीलाई आश्वासन दिई व्याधा आइरहेको बाटोमा गई फर्केर आई एक छेउमा उभिई उसलाई वन्दना गरी "हे स्वामी ! मेरा पति शील सदाचार सम्पन्न छन् र असीहजार मृगहरुका राजा हुन्" भनी बोधिसत्वको गुण सुनाई र मृगराजालाई नमारी पहिले आफूलाई मार्ने कुराको प्रार्थना गर्दै तेश्रो गाथा भनी—

"अत्थरस्सु पलासानि असिं निब्बाह लुद्दक ।
पठमं मं वधित्वान हन पच्छा महामिग'न्ति ।।"

अर्थ—

"हे व्याधा ! घाँसपातहरु बछ्याउनु होस्, मियानबाट तरबार झिक्नुहोस् । पहिले मलाई मारी पछि महामृगलाई मार्नुहोस् ।"

यो सुनेर व्याधाले सोच्यो—"मनुष्य हुनेले त पतिकोनिमित्त आफ्नो जीवन परित्याग गर्दैन भने यो पशु भएर पनि आफ्नो जीवन परित्याग गर्छे। मनुष्य भाषामा मधुर स्वरले पनि बोल्छे। आज यो र यसको पतिको जीवन दान दिनेछु।" यति सोचेर प्रसन्नचित्तले चतुर्थ गाथा भन्यो—

"न मे सुतं वा दिट्ठं वा भासन्ति मानुसिं मिगिं।
त्वञ्च भद्दे सुखीहोहि एसो चापि महामिगो'ति ।।"

अर्थ—

"मनुष्य भाषाले बोल्ने मृगिलाई न मैले देखेको छु न त सुनेको नै। अतः हे भद्रे! तिमी पनि सुखी ह्वौ र यो महामृग पनि।"

यति भनेर बोधिसत्वकहाँ गई चक्कुले छालाको पासो काटी खुट्टामा बाँधिएको पासोलाई विस्तारंसँग झिकी नसाले नसा, मासुले मासु र छालाले छाला छोपी हातले खुट्टा सुम्सुम्यायो। त्यस क्षणमै महासत्वले पूरा गरेको पारमीको प्रभावद्वारा, व्याधाको मैत्रीचित्तको प्रभावद्वारा तथा मृगीको मित्रधर्मको प्रभावद्वारा नसा, मासु र छाला; नसा, मासु र छालासँगै मिलेर बस्यो। बोधिसत्व पनि सुखी तथा निर्दुखी भई उभिइरहे। बोधिसत्वलाई सुखी देखेर सौमनस्य उत्पन्न गरी मृगीले व्याधालाई अनुमोदन गर्दै पाँचौ गाथा भनी—

"एवं लुद्दक नन्दस्सु सह सब्बेहि ञातिभि।
यथाहमज्ज नन्दामि मुत्तं दिस्वा महामिगन्ति ।।"

अर्थ—

"जसरी आज म मुक्त भएका महामृगलाई देखेर आनन्दित भएको छु त्यसरी नै हे ब्याधा ! तिमी पनि तिम्रा सबै ज्ञातिहरूका साथ आनन्दित होऊ ।"

"यो ब्याधा उपकारी भयो, म पनि यसको उपकारी हुनुपर्छ" भन्ने सोचेर चरने ठाउँमा देखेको एक थुप्रो मणि उसलाई दिई "सौम्य ! अबदेखि प्राणिहिंसादि नगर" भनी बोधिसत्वले भने । फेरि "यो मणिको थुप्रोद्वारा कुटुम्बहरूको हेरचाह गरी केटाकेटीहरूको पालनपोषण गरी पुण्यादि गर" भनी उसलाई अति उपदेश दिई बोधिसत्व जंगलभित्र पसे ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखत ब्याधा छन्न थिए, मृगी तरुणी भिक्षुणी र मृगराजा चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

---

२०. कुण्डपूव जातक(१०९)

"यथन्नो पुरिसो होती'ति···[१]" भन्ने यो गाथा श्रावस्तीमा बसिरहनुभएका शास्ताले एक महादरीद्रको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

श्रावस्तीमा कहिले काँहि एक कुलले बुद्धसहित संघलाई दान दिन्थ्यो । कहिले काँहि तीन चार परिवारहरू मिलेर, कहिले काँहि गण मिलेर, कहिले काँहि एक एक टोलका मानिसहरू र कहिले काँहि नगरवासी सबै मिलेर दान दिन्थे । त्यसदिन चाँहि टोलका मानिसहरू मिलेर दान दिंदै थिए । अनि मानिसहरूले बुद्धसहित संघलाई यागु (—खोले) दिएर "अरू रोटी आदि खाने पदार्थ ल्याऊ" भनी भने ।

त्यसबखत अर्काको घरमा ज्यालामा काम गर्ने एक दरीद्र मानिस त्यो टोलमा बसेर सोच्न थाल्यो—"यागु दिन सबिदन, खाने

१. जा. पा. I. पृ. २५: कुण्डपूवजातकं, नं. १०९, अ. क. I–II. पृ. ३१२.

पदार्थ रोटी भने दिनसक्छु" भनी चालेको मसीनो पीठोलाई पानीमा भिजाई आँकको पातमा पोकोपारी भुङरोमा पोली "यो बुद्धलाई दिनेछु" भनी लिएर शास्ताको अगाडि उभिइरह्यो । "रोटी आदि खाद्य पदार्थ ल्याऊ" भनी भन्दा हत्तरपत्त सबैभन्दा पहिले गएर त्यो रोटी शास्ताको भिक्षापात्रमा राखिदियो । शास्ताले अरूले दिएको खाद्य पदार्थ नलिई त्यही पोलेको रोटी खानुभयो । त्यसै क्षणमा "सम्यक्सम्बुद्धले एक महादरीद्रको पोलेको रोटी घृणा नगरी खानुभयो" भन्ने हल्ला नगरभर फैलियो ।

अनि राजा, राजमहामात्यादिहरू तथा अन्तमा द्वारपाल समेत गरी सबै आई शास्तालाई वन्दना गरी महादरीद्रकहाँ गएर "भो ! शय लिएर, दुइशय लिएर, पाँचशय लिएर हामीलाई पनि पुण्य देऊ" भनी भने ।

"शास्तासँग सोधेर भन्नेछु" भनी शास्ताकहाँ गई त्यो कुरा सुनायो ।

शास्ताले "धन लिई अथवा नलिई भएपनि सबै सत्वहरूलाई पुण्य देऊ" भनी भन्नुभयो ।

अनि उसले धन लिनथाल्यो । मानिसहरूले दोब्बर, चौदोब्बर र आठ दोब्बर आदि गरेर दिंदा नौ कोटी हिरण्य पुग्यो । दानको अनुमोदन गरी शास्ता विहारमा जानुभयो । त्यहाँ भिक्षुहरूले आ-आफ्नो कर्तव्य गरेपछि सुगत-उपदेश दिई शास्ता गन्धकुटी भित्र पस्नुभयो ।

संध्या समयमा राजाले महादरीद्रलाई बोलाउन पठाई उसलाई श्रेष्ठीस्थानको पद प्रदान गरे ।

धर्मसभामा भिक्षुहरूले कुरा निकाले—"आवुसो ! शास्ताले महादरीद्रले दिएको पोलेको रोटीलाई घृणा नगरिकनै अमृत जस्तै गरी खानुभयो । महादरीद्रले पनि धेरै धन र श्रेष्ठीपदको स्थान पाएर महासम्पत्ति पनि पायो ।"

शास्ता आउनुभई—"भिक्षुहो ! अहिले तिमिहरू यहां के कुरा गरी बसिरहेका थियौ ?" भनी सोधनी भएपछि "यो यो" भनी भन्दा "भिक्षुहो ! अहिले मात्र मैले पोलेको रोटी घृणा नगरी खाएको होइन्न अघि वृक्षदेवता भएको बेलामा पनि खाएकै थिएँ । त्यसबखत पनि यसले मेरो कारणद्वारा श्रेष्ठीस्थान पाएको थियो" भनी भन्नुहुंदै पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व एउटा एरण्ड (=अणिल) वृक्षमा वृक्षदेवता भई उत्पन्न भए ।

त्यसबखत त्यस गाउंका मानिसहरू देवमांगलिक थिए । अनि एक उत्सब आएपछि मानिसहरूले आ-आफ्ना वृक्षदेवतालाई पूजा चढाए । एक दरीद्र मानिसले ती मानिसहरूले वृक्षदेवताको सेवा गरिरहेको देखेर

उसले पनि एक एरण्ड-वृक्षको सेवा गर्नथाल्यो। ती मानिसहरूले आ-आफना देवताहरूकोनिमित्त अनेक प्रकारका मालागन्धविलेपनहरू र खादय भोज्य वस्तुहरू लिएर गए। त्यसले चाहिं पोलेको पीठोको रोटी र एक डाडु पानी लिई गएर एरण्ड-वृक्ष नजिकमा बसेर सोच्नथाल्यो—"देवहरू दिव्य खादय भोज्यहरू खान्छन्। मेरो देवताले यो पोलेको पीठोको रोटी खाने छैनन् होला। विनाकारणमा किन खेर फालूँ? म नै त्यो खानेछु" भनी त्यहाँबाट फर्क्यो।

बोधिसत्व वृक्षको दुइशाखाको बीचमा उभिई—"भो पुरुष! यदि तिमी धनी भएकोभए तिमीले मलाई मीठो खाना दिने थियौ। तर तिमी चाहिं दरीद्र छौ। तिम्रो रोटी नखाइकन मैले अरू के खाने? मेरो खाना नष्ट नपार" भनी यो गाथा भने—

"यथन्नो पुरिसो होति तथन्ना तस्स देवता।
आहरेतं कणं पूवं मा मे भागं विनासयाति।।"

अर्थ—

"जस्तो भोजन जुन मानिसले खान्छ उसको देवताको पनि त्यस्तै भोजन हुन्छ। अतः पोलेको पीठोको रोटी मलाई देऊ, मेरो भाग नष्ट नपार।"

उ फर्केर आई बोधिसत्वलाई हेरेर पूजा गर्‍यो। बोधिसत्वले त्यसबाट सारतत्व (=ओज) निकालेर खाई—"हे पुरुष! किन तिमीले मलाई सेवा गरेका हौ?" भनी सोधे।

"स्वामी ! म दरीद्र छु, तपाइको कारणद्वारा दरीद्रताबाट मुक्त हुनको लागि सेवा गरेको हुं ।"

"भो पुरुष ! चिन्ता नगर । तिमीले कृतज्ञ र कृतवेदी हुनेलाई नै पूजा गर्‍यौ ।"

"यो एरण्ड-वृक्षको वरिपरि घांटीसम्म आउने धेरै निधि कुम्भहरू छन् । तिमीले राजालाई सूचित गरी गाडाबाट धन लगी राज-आंगनमा थुपारिदेऊ । तिमीमाथि राजा प्रसन्न भई तिमीलाई श्रेष्ठीपदको स्थान दिने छन् ।" यति भनी बोधिसत्व अन्तरधान भए । उसले त्यस्तै गर्‍यो । राजाले उसलाई श्रेष्ठीपदको स्थान दिए । यसरी उ बोधिसत्वको कारणद्वारा महासम्पत्ति लाभ गरी कर्मानुसार परलोक गयो ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखतको दरीद्र नै अहिलेको दरीद्र थियो । एरण्ड-वृक्षदेवता चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

---

२१. उच्छङ्ग जातक(६७)

"उच्छङ्गे देव मे पुत्ते'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक जानपदी (गाउँले) स्त्रीको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

एक समय कोशल राज्यमा तीनजना मानिसहरू जंगलको छेउछाउमा खेती गर्दै थिए। त्यसबखत जंगलभित्र आएका मानिसहरू-लाई चोरहरूले लुटेर भागे। चोर खोज्दै उनीहरू त्यहाँ आई "तिमीहरूले जंगलमा लूटेर अहिले यहां आई किसान जस्तै भई खेत जोतिरहेछौ" भनी "यिनीहरू चोर हुन्" भनी उनीहरूलाई बाँधेर कोशल राजाकहाँ लगे।

त्यसबखत एउटी स्त्री "मलाई ओढ्ने देऊ, मलाई ओढ्ने देऊ" भनी रुँदै कराउँदै आई बारम्बार राजदरबार घुमीरही।" उसको

---

१. जा. पा. I. पृ. १७: उच्छङ्गजातकं, नं. ६७, अ. क. I–II. पृ. २२६.

आवाज सुनेर राजाले—"उसलाई ओढ्ने देऊ" भनी भने। कपडा लिएर मानिसहरू गए। यो देखेर उ भन्छे "मैले यो मागेकी होइन। स्वामी-ओढ्ने मागेकी हुँ।" मानिसहरूले राजालाई यो कुरा सुनाए। "महाराज! यो स्त्रीले यो मागेकी होइन। स्वामी-ओढ्ने मागेकी रहिछे।" अनि राजाले उसलाई बोलाउन लगाई "तिमीले स्वामी-ओढ्ने मागेकी ह्वौ?" भनी सोध।

"महाराज! हो, स्त्रीहरूको ओढ्ने नै स्वामीहरू हुन्। स्वामी नहुनेले हजार रू जाने कपडा लगाए पनि उ नाङ्गी नै ठानिन्छे" भनी। यसै कुराको पुष्टिकोनिमित्त यो सूत्र भनिएको हो—

"नग्गा नदी अनोदिका नग्गं रट्ठं अराजिकं।
इत्थीपि विधवा नग्गा यस्सापि दसभातरो'ति।।"

अर्थ—

"पानी नभएको नदी नाङ्गो भए जस्तै राजा नभएको देश पनि नाङ्गो हो। विधवी स्त्री पनि नाङ्गी हो चाहे उसका दशै दाजुभाइहरू किन नहुन्।"

उसमाथि प्रसन्न भई "यी तीनजना मानिसहरू तिम्रो के पर्छन?" भनी राजाले सोधे।

"देव! एकजना मेरा पति हुन्, एकजना मेरा भाइ हुन् र एकजना मेरो छोरो हो।"

राजाले—"तिमीमाथि म खुशी छु । यी तीनजनामध्ये एकजनालाई दिनेछु । कसलाई चाहन्छ्यौ ?" भनी सोधे ।

उ भन्छे—"देव ! बाँचिरहेको खण्डमा पति र पुत्र भनेका फेरि पनि पाउन सक्नेछु । आमाबाबुहरू खसिसकेका हुनाले भाइ नै मेरो निमित्त दुर्लभ छ । देव ! अतः मलाई मेरो भाइ दिनुहोस् ।"

राजा खुशीभई तीनै जनालाई छाडिदिए । यसप्रकार त्यो एकजना स्त्रीको कारणद्वारा ती तीनै जना दुःखबाट मुक्त भए । यो कुरा भिक्षुहरूमा प्रकट भयो । अनि एकदिन धर्मसभामा बसिरहेका भिक्षुहरूको बीचमा कुरा उठ्यो—"आवुसो ! एकजना स्त्रीको कारणद्वारा तीनै जनाले दुःखबाट मुक्ति पाए" भन्दै सो स्त्रीको बयान गरी भिक्षुहरू बसिरहेका थिए ।

शास्ता आउनुभई—"भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोधनी हुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र यो स्त्रीले यी तीनजनालाई दुःखबाट मुक्त गरेकी होइन पहिले पनि मुक्त नै गराएकी थिई" भनी भन्नुहुँदै पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको

वेलामा तीनजना मानिसहरू जंगलको छेउछाउमा खेती गर्दै थे। (सबै कुरा माथि लेखिएको वर्तमानको कुरा जस्तै बुझ्नू।)

त्यसबखत चाहिं राजाले "तीनजनामध्ये को चाहन्छयौ?" भनी सोधनी हुंदा उ भन्छे—"देव! तीनै जना दिनसक्नु हुन्न र?"

"सक्दिन।"

"यदि तीनैजना दिनसक्नु हुन्न भने भाइलाई दिनुहोस्" भनी।

"तिमीलाई भाइको के मतलब? पति वा पुत्र लैजाऊ" भनी भनेपछि "देव! यिनीहरू चाहिं सुलभछन्। भाइ भनेको दुर्लभ छ" भन्दै यो गाथा भनी—

"उच्छङ्गे देव मे पुत्तो पथे धावन्तिया पति।
तञ्च देसं न पस्सामि यतो सोदरियमानये'ति॥"

अर्थ—

"हे देव! पुत्र भनेको काखमा हुन्छ, बाटामा हिंडिरहेका जसलाई पनि पति बनाउन सकिन्छ। तर त्यो ठाउं चाहिं म देखिदन जुन एकै कोखबाट जन्मेको सहोदर होस्। आमाबाबुहरू नभएकोले मेरो भाइ नै दिनुहोस्।"

"यसले भनेको कुरा सांच्चै हो भनी प्रसन्न भई राजाले तीनै जनालाई क्यालखानाबाट ल्याइदिए। उ तीनै जना लिएर गई।

"भिक्षुहो ! अहिले मात्र यसले यी तीनजनालाई दुःखबाट मुक्त गरेकी होइन अघि पनि गरेकी थिई" भनी यो धर्मदेशना ल्याउनुभई प्रसंग मिलाएर शास्ताले जातक समाधान गर्नुभयो ।

"त्यसबखतका चारजना अहिलेका चारजना थिए र राजा चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

---

२२. कोसिय जातक(१३०)

"यथा वाचाय भुञ्जस्सू'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले श्रावस्तीवासी एक स्त्रीको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ एक श्रद्धासम्पन्न उपासक ब्राह्मणको स्त्री थिई । उ दुश्शीली पापधर्मी थिई । रातमा दुराचार गरी दिनमा केही काम नगरी रोगी जस्तो भई हुँ हुँ गरी सुत्थी । अनि उसँग ब्राह्मणले "भद्रे ! तिमीलाई के भएको छ ?" भनी सोध्दा "मलाई वायुले सताइरहेछ" भनी भनी ।

"त्यसोभए के गर्नु पर्‍यो त ?"

"चिल्लो, मीठो र असल असल यागु र भातहरू चाहिन्छ ।"

जे जे उ इच्छा गर्छे त्यो त्यो ब्राह्मणले ल्याइदिन्थ्यो । दास समान सबै काम गर्थ्यो । उ चाहिं ब्राह्मण घरभित्र आएको बेलामा सुत्थी

---

१. जा. पा. I. पृ. २९: कोसियजातकं, नं. १३०, अ. क. I–II. पृ. ३४३.

र बाहिर जाने वेलामा जारसँग समय बिताउँथी। अनि "यसको शरीरमा वायुले पीडा दिने कुराको चाहिं अन्त्य देखिन्न" भनी सोचेर एकदिन ब्राह्मण गन्धमालादिहरू हातमा लिई जेतवनमा गई शास्तालाई पूजा र वन्दना गरी एक छेउमा बसे। अनि भगवान्‌ले "ब्राह्मण ! आजकल देखिन्नौ नि ?" भनी सोध्नु भएपछि "भन्ते ! मेरी ब्राह्मणीको शरीरमा वायु प्रकोप भएको हुंदा उसकोनिमित्त घिउ, तेलादि र उत्तम उत्तम भोजनको खोजिगर्ने काममा लागिरहेको छु। उसको शरीर भने मोटो छ र रूपवर्ण पनि सुन्दर छ। तर वायु रोगको अन्त्य भने देखिन्न। उसको सेवा गर्दागर्दै यहाँ आउने फुर्सत पनि पाउन सकिन" भनी भन्यो।

ब्राह्मणीको दुराचार जान्नुभई शास्ताले "ब्राह्मण ! 'यसरी सुतिरहने र रोग नहुने स्त्रीलाई यो यो औषधो गर्नुपर्छ" भनी तिमीलाई पहिले पनि पण्डितहरूले बताएका थिए। तर पूर्वजन्मको कुरा भएकोले तिमीले त्यो सम्झन सकेनौ" भनी भन्नुभई उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको-बेलामा बोधिसत्व ब्राह्मण महाशाल कुलमा जन्मी बैंश पुगेपछि तक्षशिलामा सर्व शील्पहरू पढी बाराणशीमा आई त्यहाँ विशाप्रमुख

आचार्य भएर बसे । शय राजधानीका क्षत्री कुमारहरू र ब्राह्मण कुमार-हरू उनकहाँ नै आएर पढन थाले ।

अनि एउटा गाउँको ब्राह्मण बोधिसत्वकहाँ तीन वेदहरू र १८ विद्याहरू पढेर बाराणशीमै बसी गृहस्थ भई दिनको दुइ तीन चोटि बोधिसत्वकहाँ आउने गर्थ्यो । उसकी ब्राह्मणी दुश्शीली र पापधर्मी थिई । (सबै कुरामाथि वर्तमान कथामा जस्तै हो ।)

अनि बोधिसत्वले उसलाई "यो कारणले गर्दा म अववाद सुन्नकोनिमित्त आउन सकिन" भनी भनेको कुरा सुनेपछि "सो माणविका यसलाई छलेर सुत्छे" भन्ने कुरा बुझेर "त्यसको रोग अनुसारको औषधी बताइदिनेछु" भन्ने सोचेर भने—

"तात ! अब उप्रान्त तिमीले उसलाई घिउ, खीर र रस आदि नदेऊ । गाईको मूतमा पञ्चपत्र[१] र फलादिहरू राखी नयाँ तामा र फलामको भाँडामा तामाको र फलामको स्वाद (खिया) नआउञ्जेलसम्म पकाएर फलाम र तामाको स्वाद आएपछि डोरी वा छडी वा रुखको लहरा लिई 'यो तिम्रो लागि रोग अनुसारको औषधी हो । यो पिऊ अथवा उठेर खाएको भात अनुसारको काम गर' भनी निम्न गाथा भन्यो । यदि उसले औषधी पिउँदिन भने उसलाई डोरीले वा छडीले वा लहराले केही पटक चुटी केस समाती तानेर कुइनाले कुट । त्यसपछि उ उठेर काम गर्नें छे ।"

---

१. नीमको पात, कुटजको पात, पटोलको पात, तुलसीको पात र कपासको पात । महा. व. पा. पृ. २२०: भेसज्जक्खन्धकं ।

"हुन्छ" भनी उसले स्वीकार गरी भने बमोजिम औषधी तयार पारी "भद्रे ! यो औषधी पिऊ" भनी भन्यो ।

"यो औषधी कसले बताएको हो ?"

"भद्रे ! आचार्यले ।"

"लैजाऊ त्यो औषधी म पिउने छैन ।"

"यदि तिमीले आफु खुसी पिउँदिनौ भने" भन्दै डोरी लिई "आफ्नो रोग अनुसारको यो औषधी पिऊ अथवा यागु भात खाए बमोजिम काम गर" भनी यो गाथा भन्यो—

"यथा वाचाव भुञ्जस्सु यथा भुत्तञ्च व्याहर ।
उभयं ते न समेति वाचा भुत्तञ्च कोसिये'ति ।।"

अर्थ—

"जस्तो वायुले पीडित छु भनी भन्छयौ त्यस्तै अनुसार यो औषधी पिऊ । अनि निकोभई कामकाज गर। कोसिये ! एकातिर वायुले पीडित भएको छु भन्ने अर्कोतिर सुस्वादिलो भोजन गर्ने जस्ता—यी दुवै कुरा मेल खाँदैनन् ।"

यसोभन्दा कोसिय गोत्रकी ब्राह्मणी डराएर "अब भने आचार्य ममाथि उत्सुक हुनथाले। त्यसो हुनाले अब उप्रान्त यीनलाई छकाउन सक्ने छैन भनी सोची उठेर काम गर्नेछु" भनी उठेर गई काम गर्न थाली र "मेरो दुश्शील स्वभावलाई आचार्यले थाहापाउनु भयो। अब उप्रान्त

भने यसो गर्न सकिन्न" भनी आचार्यप्रति गौरवको कारणले पापकर्मबाट पनि दूर रही शीलवती भएर बसी ।

त्यो ब्राह्मणीले पनि "अब भने सम्यक्सम्बुद्धले यो कुरा जान्नुभयो" भनी शास्तामाथिको गौरवको कारणले पुनः त्यस्तो अनाचार गरिन ।

शास्ताले यो धर्मोपदेश ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखतको जार अहिलेको जार नै थियो । आचार्य चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

२३. कक्कटक जातक (२६७)

"सिङ्गिमिगो'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक स्त्रीको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

श्रावस्तीमा एक कुटुम्बिक थियो । उ आसामीसँग ऋण उठाउनकोनिमित्त भार्या सहित जनपदमा गयो । आसामीसँग ऋण उठाई फर्केर आइरहेको बेलामा बीच बाटोमा चोरहरूले समाते । उसकी भार्या चाहिं अभिरूपा दर्शनीया थिई । चोरनाइकेले उसप्रतिको प्रेमको कारणले उसको स्वामीलाई मार्न लाग्यो । सो स्त्री चाहिं शीलवती, पतिदेव र आचार सम्पन्ना थिई । उ चोर नाइकेको खुट्टामा परी "ममाथिको प्रेमले गर्दा मेरा स्वामीलाई मार्नुहुन्छ भने म पनि विष खाएर नाकमा सास थुनेर मर्नेछु । तपाइको साथमा चाहिं जाने छैन । अकारणमा मेरा स्वामीलाई नमार्नुहोस् ।" भनी प्रार्थना गरी छाडन लगाई । उनीहरू

१. जा. पा. I. पृ. ७२: कक्कटकजातकं, नं. २६७, अ. क. I–II. पृ. ६०६.

दुवै सकुशल श्रावस्तीमा पुगी जेतवनको पछाडि पट्टिको विहारतिरबाट गइरहेको बेलामा—"विहारमा गई शास्तालाई वन्दना गरी जानेछु" भन्ने विचार गरी गन्धकुटीको प्रांगणमा गई शास्तालाई वन्दना गरी एक छेउमा बसे । अनि उनीहरूसँग शास्ताले "कहाँ गएका थियौ ?" भनी सोध्नु भएपछि "आसामीसँग ऋण उठाउन गएका थियौँ" भनी भने ।

"बीच बाटामा कुशलपूर्वक आयौ त ?" भनी सोध्नु भएपछि कुटुम्बिकले भन्यो—

"भन्ते ! बीच बाटामा हामीहरूलाई चोरहरूले समातेका थिए । जब चोर नाइकेले मलाई मार्न लाग्यो तब यसले प्रार्थना गरी मुक्त गर्न लगाइदिई । यसले गर्दा ज्यान जोगियो ।"

शास्ताले "उपासक ! अहिले त यसले तिम्रो ज्यान जोगाइदिई । अघिका पण्डितहरूलाई पनि ज्यान जोगाइदिएकै थिई" भन्नुभई उनीहरूले सो कुरा बताउन हुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा हिमाल प्रदेशतिर एक ठूलो तलाउ थियो । त्यहाँ सुवर्ण वर्णको ठूलो गँगटा बसदथ्यो । उ त्यहाँ बसेकोले त्यस दहलाई 'कुलीर दह'

भन्दथे । गँगटा महाविशाल ठूलो चक्का जस्तै थियो । हात्तीलाई पनि समाती मारी खान्थ्यो । हात्तीहरू उसको भयले गर्दा तलाउमा ओर्ल्हीं खाना खान पनि सक्दैनथे ।

त्यसबखत कुळीर दहको आश्रय लिई बसिरहेको एक हात्ती-नाइकेको कारणबाट एक हस्तीनीको गर्भमा बोधिसत्वले प्रतिसन्धि ग्रहण गरे । 'गर्भरक्षा गर्नुपर्छ' भनी अर्कै एक पर्वतस्थानमा गई गर्भ रक्षा गरी उनकी आमाले छोरो जन्माई । उनी क्रमैसँग बढ्दै गई महान शरीर, बलवान्, सोभायमान र अञ्जनपर्वत समान ठूला भएका थिए । एक हस्तीनीसँग संसर्ग भएपछि "गँगटालाई समात्नेछु" भनी आफ्नो पत्नी र आमालाई लिएर हात्तीको समूहमा गई बाबुलाई देखी "तात ! त्यो गँगटालाई म समात्नेछु" भनी बोधिसत्वले भने ।

उनका बाबुले "सक्ने छैनौ" भनी रोक्दा पनि बारम्बार भनेपछि "त्यसोभए तिमीले नै थाहा पाउनेछौ" भनी भन्यो । अनि उनी कुळीर-दहको आश्रय लिई बसिरहेको बेलामा सबै हस्तीनीहरूलाई भेला गराई सबैसँग दहभित्र पस्दा "त्यो गँगटाले ओर्लिने बेलामा समात्छ कि उत्रिने बेलामा समात्छ ?" भनी सोध्दा "उत्रिने बेलामा समात्छ" भनी भनेको सुनी "त्यसोभए तिमीहरू कुळीरदहमा ओर्ल्हीं इच्छानुसार खाई पहिले उत्रेर आऊ । म पछि आउनेछु" भनी भने । हस्तीनीहरूले त्यस्तै गरे । गँगटाले पछि उत्रेका बोधिसत्वलाई ठूलो सनासोले नकर्मीले फलामको टुक्रा समाते जस्तै गरी आफ्नो दुइ हातले बेसकरी अँठ्याई खुट्टामा समात्यो । हस्तीनीहरू बोधिसत्वलाई नछाडी

नजिकैमा उभिइरहे। बोधिसत्वले तान्दा पनि गँगटालाई हल्लाउन पनि सकेनन्। गँगटाले चाहिं तानेर आफूतिर ल्याउँथ्यो। उनी मरण भयको कारणले बन्धनको आवाज निकाली कराए। सबै हस्तीनीहरू मरण भयले डराई कुञ्चनाद गर्दै झाडा पिसाब निकाल्दै भागेर गए। बोधिसत्वकी भार्या पनि त्यहाँ बस्न नसकी भाग्नथाली। अनि आफू बन्धनमा परेको कुरा उसँग जनाउँदै न भाग्नको लागि सूचित गर्दै पहिलो गाथा भने—

"सिङ्गीमिगो आयत चक्खु नेत्तो,
अट्ठित्तचो वारिसयो अलोमो।
तेनाभिभूतो कपणं रुदामि,
माहेवमं पाणसमं जहेय्या'ति ।।"

अर्थ—

"सिङ्ग जस्तो दुइहात भएको, हेर्ने आँखा लामो भएको, छाला नै हाड भएको, पानीमा सुत्ने र रौं नभएको पशुले मलाई कष्ट दिंदै छ। त्यसैले म कृपण झैं रुँदै छु। प्राण समान प्यारो दुःखमा परेको मलाई तिमीले छाडेर नजाऊ।"

अनि फर्की उनलाई आश्वासन दिंदै हस्तीनीले दोश्रो गाथा भनी—

"अय्य न तं जहिस्सामि कुञ्जर सट्ठीहायन।
पथव्या चातुरन्ताय सुप्पियो होसि मे तुवन्ती'ति ।।"

अर्थ –

"साठी वर्षीय दुर्बल भएका हे आर्य ! म तपाइलाई छाडने छैन । चारदिसा भएको यो पृथ्वीमा तपाइ मेरो अतिप्रिय हुनुहुन्छ ।"

यसरी उनलाई धैर्यदिई "आर्य ! अब मैले उसँग केही कुरा गरी तपाइलाई छाड्न लगाउने छु" भनी गँगटासँग प्रार्थना गर्दै तेश्रो गाथा भनी—

"ये कुलीरा समुद्दस्मि गङ्गाय नम्मदाय च ।
तेसं त्वं वारिजो सेट्ठो मुञ्च रोदन्तियापती'ति ।।"

अर्थ—

"जुन गँगटाहरू समुद्रमा, गङ्गामा अथवा नर्मदा नदीमा बस्छन् ती सबै जलचर प्राणीहरूमध्ये तपाइ सर्वश्रेष्ठ हुनुहुन्छ । अतः रोइरहेका मेरा पतिलाई छाडिदिनु होस् ।"

उसले बोलिरहेको कुरा सुनी स्त्री-शब्दमाथि आकर्षित भई कम्पित हृदय लिई च्यापेको हात्तीको खुट्टाबाट हात झिकिदियो । "यसलाई छाडिदिवा यसले यस्तो गर्नेछ" भन्ने कुरा उसले केही बुझ्न सकेन । अनि हात्तीले खुट्टा उचाली उसको शरीर कुल्चिदियो । उतनाघरिमै उसका हाडहरू भाँचिए । हात्तीले खुशीको आवाज निकाले । सबै हात्तीहरू भेलाभई गँगटालाई पानीबाट बाहिर निकाली भुइमा

राखी मर्दन गर्दै चकनाचूर पारे। उसका दुइ हातहरू शरीरबाट टुक्रेर एकातिर खसे।

त्यो कुलीर दह चाहिं गंगासंग जोडिएको थियो। गँगामा पानी भरिँदा दह पनि पानीले भरिन्थ्यो। गँगामा पानी घट्दा दहको पानी गँगामा बगेर जान्थ्यो। ती दुवै हातहरू उफ्रेर गँगामा पुगी बगेर गए। त्यसमध्ये एउटा समुद्रमा पुग्यो। अर्को चाहिं पानीमा खेलिरहेका दश दाजुभाइ राजाहरूले पाई "आणक" भन्ने मृदंग बनाए। समुद्रमा पुगेकोलाई असुरहरूले लिई "आलम्बर" भन्ने भेरी (=बाजा) बनाए। पछि उनीहरू शक्रद्वारा युद्धमा पराजित भएपछि त्यसलाई छाडेर भागे। शक्रले त्यो भेरी आफ्नोनिमित्त लिन लगाए। आलम्बर जस्तै मेघ गर्जिन्छ भनी यसैलाई भनिएको हो।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाश पारी जातक समाधान गर्नुभयो। सत्यकुराको अवशानमा पतिपत्नी दुवैजना स्रोतापत्तिफलमा प्रतिष्ठित भए।

"त्यसबखत हस्तीनी हुने यो उपासिका थिई र हात्ती हुने चाहिं म नै थिएँ" भनी भन्नुभयो।

२४. जरूदपाद जातक (२५६)

"जरूदपादं खणमाना'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले श्रावस्तीवासी व्यापारीहरूको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

तिनीहरू श्रावस्तीबाट गाडाभरी वस्तुहरू लिएर व्यापारको लागि जाने बेलामा तथागतलाई निम्तोगरी महादान दिई त्रिशरण ग्रहण गरी पञ्चशीलमा प्रतिष्ठित भई शास्तालाई वन्दना गरी "भन्ते ! हामी व्यापारको लागि टाढा जाँदैछौं । वस्तुहरू बेच्ने काम सफल भएपछि कुशलपूर्वक फर्केर आई फेरि पनि तपाइलाई वन्दना गर्नेछौं" भनी आफ्नो बाटो लागेर गए ।

उनीहरूले कान्तारको बाटोमा एक पुरानो कुवा देखे । "यो कुवामा पानी छैन । हामी भने प्यासी छौं । यसलाई खन्नुपर्‍यो" भनी

१. जा. पा. I. पृ. ६८: जरूदपानजातकं, नं. २५६, अ. क. I–II. पृ. ५७६.

खन्नलाग्दा क्रमैसँग धेरै फलाम, जस्ता, सीसा, रत्न, सुन, मोती र बेलौर आदि पाए। उनीहरू यत्तिकैमा सन्तोष भई ती रत्नहरूले गाडा भरी कुशलपूर्वक श्रावस्तीमा फर्केर आए। ल्याएका धनहरू राम्रोसँग राखी उनीहरूले "यात्रा सफल भएकोमा भोजन दान दिनेछौं" भनी तथागत-लाई निम्तोगरी दानदिई वन्दना गरे। अनि एक छेउमा बसेका उनीहरूले आफूहरूले धन पाएको बेहोराको कुरा शास्तालाई सुनाए। शास्ताले "उपासक हो! तिमीहरू चाहिं ती धनहरूद्वारा सन्तुष्ट भई, प्रमाणलाई जानी धन र ज्यान पनि पायौ। पुरानाले भने असन्तुष्ट भई प्रमाण नबुझी पण्डितहरूको वचन पनि नमानी ज्यान गुमाएका थिए" भनी भन्नुभएपछि उनीहरूले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व बाराणशीमा ब्यापारी कुलमा जन्मी बैंश पुगेपछि गाडीवानको नाइके भए। उनी बाराणशीबाट सामानहरू लिई गाडाहरू-मा भरी धेरै ब्यापारीहरू साथमा लिई सोही कान्तारको बाटो गरी गए र सोही कुवादेखी "पानी पिउने छौं" भनी उनीहरूले सो कुवा खन्दाखेरि क्रमैसँग धेरै फलाम आदि पाए। धेरै रत्नहरू पाएर पनि सन्तोष नभई "यहाँ अरू पनि योभन्दा सुन्दरतर बस्तुहरू हुन सक्छन्" भन्दै खन

गहिरो पारी खन्न थाले । अनि उनीहरूलाई बोधिसत्वले "भो व्यापारीहो ! लोभ भनेको विनाशको कारण हो । हामीहरूले धेरै धन पाइसक्यौं । यत्तिकैमा सन्तोष मानौं । धेरै बढता नखनौं । उनले रोक्दा रोक्दै पनि उनीहरूले धेरै गहिरो पारी खनिनै हाले । त्यो कुवा भने नागले बास बसेको ठाउँ रहेछ । अनि त्यसको तलतिर बस्ने नागराजाहरूले आफ्नो विमान भत्काएर ढुंगा र माटोका डल्लाहरू र माटो खस्न थालेको देखेर रिसाई बोधिसत्व एकजना बाहेक अरू सबैलाई नाकको विष वायुले प्रहार गरी ज्यान लिईदिए । अनि नागभवनबाट निस्केर गाडा जोती सप्तरत्नहरूले गाडा भरी बोधिसत्वलाई सुखपूर्वक गाडामा बसाली माणवक भेषधारी नागहरूले गाडा हाँकी बोधिसत्वलाई बाराणशीमा पुऱ्याई घरमा भित्र्याई धन सुम्पिदिई आफ्नो नागभवनमा फर्केर गए । बोधिसत्वले त्यो धन परित्याग गरी सारा जम्बुद्वीपलाई उन्नाद गराउँदै दान दिई शील समादान गरी उपोसथव्रत पालन गरी जीवनको अन्त्यमा स्वर्गपद प्राप्त गरे ।

शास्ताले यो अतीतको कुरा ल्याउनुभई अभिसम्बुद्ध भइसक्नु भएपछि यी गाथाहरू भन्नुभएको हो—

१. "जरूदपानं खणमाना वाणिजा उदकत्थिका ।
अज्झगंसु अयोलोहं तिपुसीसं च वाणिजा ।।

२. "रजतं जातरूपं च मुत्ता वेलुरिया बहु ।
तेच तेन असन्तुट्ठा भीय्यो भीय्यो अखाणिसुं ।।

३. "ते तत्थासिविसो घोरो तेजसी तेजसा हनी ।
तस्मा खणे नातिखणे अतिखातं हि पापकं ।
खातेन च धनं लद्धं अतिखातेन नासितं'न्ति ।।"

अर्थ—

१–"पानीको खोजी गर्ने व्यापारीहरूले पुरानो कुवा खन्दा फलाम, सीसा भेट्टाए ।

२–"सुन, चाँदी, मोती, बेलौर धेरै पाए । त्यत्तिले सन्तुष्ट नभई उनीहरूले झन् झन् खने ।

३–"अनि तिनीहरूलाई त्यहाँ बस्ने घोर विषधारी नागले आफ्नो तेजद्वारा मारिदियो । त्यसैले खनेता पनि धेरै नखन्नू । धेरै खन्दा नोक्सान हुन्छ । थोरै खन्नेले लाभ गरे । धेरै खन्नेले आफ्ना ज्यान गुमाए ।"

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखत नागराजा सारिपुत्र थिए र गाडीवानको नाइके चाँहि म नै थिएँ" भनी भन्नुभयो ।

२५. महावाणिज जातक (४९३)

"वाणिजा समिति कत्वा'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले श्रावस्तीवासी व्यापारीहरूको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

उनीहरू व्यापार गर्न जानुभन्दा अगाडि शास्तालाई महादान दिई, त्रिशरण र पञ्चशीलमा बसी "भन्ते! यदि कुशलपूर्वक फर्केर आयौं भने फेरि तपाइको चरणकमलमा वन्दना गर्नेछौं" भनी पाँचशय गाडाहरू लिएर नगरबाट निस्केर गए। यसरी जाँदा कान्तारमा पुगी बाटो विचार नगरी बाटो भुलेर विनापानी, विनाखाना जंगलमा बसी नागले बास बसेको एक बरको रुख देखेर गाडाहरू फुकाई रुखमनि बसे। अनि उनीहरूले चिल्लो तथा पानीले भिजेको जस्ता पातहरू देखे र त्यस्तै

१. जा. पा. I. पृ. २९३: महावाणिजजातकं, नं. ४९३, अ. क. V. पृ. ५६.

किसिमको शाखा पनि देखे। अनि उनीहरूले सोच्नथाले कि यो रुखमा पानी सञ्चार भएको जस्तो देखिन्छ। अतः यसको पूर्वी शाखा काट्यौं भने शायद पानी आउने छ। अनि रुखमा चढी एकजना मानिसले शाखा काट्यो। त्यसपछि तालवृक्ष जत्रो पानीको धार निस्क्यो। त्यसमा नुहाई पानी पिई दक्षिण पट्टिको शाखा काट्यो। त्यसबाट नानाप्रकारका रस युक्त खाना निस्क्यो। त्यो खाएर पश्चिमतिरको शाखा काट्यो। त्यसबाट अलंकृता स्त्रीहरू निस्के। उनीहरूसँग अभिरमण गरी सकेपछि उत्तरतिरको शाखा काट्यो। त्यसबाट सप्तरत्नहरू निस्के। तिनीहरू लिएर पांचशय गाडा भरी श्रावस्ती फर्केर धन राखी गन्धमालादि हातमा लिएर जेतवनमा गई शास्तालाई वन्दना र पूजागरी एक छेउमा बसेर धर्मश्रवण गरी अर्को दिनमा महादान दिई "भन्ते! यो दानमा हामीलाई धन दिने वृक्षदेवतालाई पनि सहभागी बनाई पुण्य दिन चाहन्छौं" भनी भने। अनि भोजनकृत्य सिद्धिएपछि शास्ताले "तिमीहरू कुन वृक्षदेवतालाई पुण्य दिन चाहन्छौ?" भनी सोध्नुभयो। व्यापारीहरूले बरको रुखबाट धन पाएको सबै कुरा तथागतलाई विन्ति गरे।

शास्ताले—"मात्राज्ञताको कारणले र तृष्णाको वशीभूतमा नबसेको कारणले गर्दा तिमीहरूले धन प्राप्त गर्‍यौ। अघि चाहिं मात्राज्ञताको ज्ञान नहुने र तृष्णाको वशिभूतमा बस्नेले आफ्नो ज्यान र धन पनि गुमाए" भनी भन्नुहुँदा उनीहरूले सो कुरा बताउनुहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशी नगरका ब्यापारीहरू ब्यापार गर्न जाँदा बाटो भुली त्यही कान्तार सँगैको बरको रुख देखेर त्यहीं गई बसे।

यो कुरा प्रकाश पार्नकोनिमित्त अभिसम्बुद्ध भइसक्नु भएपछि शास्ताले यी गाथाहरू भन्नु भएको हो—

१. "वाणिजा समितिं कत्वा नानारट्ठतो आगता।
धनहारा पक्कमिसु एकं कत्वान गामणिं॥

२. "ते तं कन्तारमागम्म अप्पभक्खं अनोदकं।
महा निग्रोधमद्दक्खुं सीतच्छायं मनोरमं॥

३. "तेच तत्थ निसीदित्वा तस्सरुक्खस्स छादिया।
वाणिजा समचिन्तेसुं बाला मोहेन पारुता॥

४. "अद्दायते अयंरुक्खो अपिवारिच सन्दति।
इङ्घस्स पुरिमं साखं मयं छिन्दाम वाणिजा॥

५. "सा च छिन्नाव पग्घरि अच्छं वारिं अनाविलं।
ते तत्थ नहात्वा पिवित्वाच यावतिच्छिसु वाणिजा॥

६. "दुतियं समचिन्तेसुं बाला मोहेन पारुता।
इङ्घस्स दक्खिनं साखं मयं छिन्दाम वाणिजा॥

७. "सा च छिन्नाव पग्घरि सालिमंसोदनं वहुं।
अप्पोदवण्णे कुम्मासे सिङ्गि विदलसूपियो॥

८. "ते तत्थ भुत्वा खादित्वा यावतिच्छिसु वाणिजा।
ततियं समचिन्तेसुं बाला मोहेन पारुता॥

९. "इङ्घस्स पच्छिमं साखं मयं छिन्दाम वाणिजा।
सा च छिन्नाव पग्घरं नारियो समलङ्कता॥

१०. "विचित्रवत्था भरणं आमुत्तमणि कुण्डला।
अपिसु वाणिजा एका नारियो पण्णवीसति॥

११. "समन्ता परिवारिंसु तस्स रुक्खस्स छादिया।
ते ताहि परिचारेत्वा यावतिच्छिसु वाणिजा॥

१२. "चतुत्थं समचिन्तेसुं बाला मोहेन पारुता।
इङ्घस्स उत्तरं साखं मयं छिन्दाम वाणिजा॥

१३. "सा च छिन्नाव पग्घरि मुत्ता वेलुरिया बहू।
रजतं जातरूपञ्च कुत्तियो पाटियानि च॥

१४. "कासिकानि च वत्थानि उद्दियाने च कम्बले।
ते तत्थ भारे बन्धित्वा यावतिच्छिसु वाणिजा॥

१५. "पञ्चमं समचिन्तेसुं बाला मोहेन पारुता ।
इङ्घस्स मूलं छिन्दाम अपि भीयो लभामसे ।।

१६. "अत्थुट्ठही सत्थवाहो याचमानो कतञ्जली ।
निग्रोधे किं अपरज्झत्थ वाणिजा भद्दमत्थु ते ।।

१७. "वारिदा पुरिमा साखा अन्नपानञ्च दक्खिणा ।
नारिदा पच्छिमा साखा सब्बकामे च उत्तरा ।।

१८. "यस्स रुक्खस्स छायाय निसीदेय्य सयेय्य वा ।
न तस्स साखं भञ्जेय्य मित्तदुब्भो हि पापको ।।

१९. "ते च तस्स अनादित्वा एकस्स वचनं वहू ।
निसिताहि कुठारीहि मूलतो तं उपक्कमुन्ति ।।"

अर्थ—

१–"नाना देशका व्यापारीहरूको एक समिति बनाई एकजनालाई त्यसको नाइके बनाई धन कमाउनकोनिमित्त परदेश गए ।

२–"कान्तारमा पुग्दा खाना र पानी विहीन भइरहेको बेलामा शीतल छाया भएको एक बरको रुख उनीहरुले देखे ।

३–"त्यस रुखको फेदमा बसेका र मोहको वशमा परेका उनीहरूले बाल-मूर्खले झैं सोच्न थाले ।

४–"अवश्य पनि यो पानीले भिजेको रुखमा पानीको गमनागमन हुन्छ होला । त्यसैले यसको पूर्वतिरको शाखा काटौं ।

५–"काटेको त्यस शाखाबाट निर्मल पानी बहन थाल्यो । अनि इच्छानुसार पानीमा नुहाएर पानी पिए ।

६–"मोहको वशमा परेका तिनीहरूले बाल-मूर्खले जस्तै फेरि सोचे कि—भो ! हामीहरूले यसको दक्षिणतिरको शाखा पनि काटौं ।

७–"त्यसलाई काटेपछि त्यसबाट धेरै असल मार्सी चामलको भात पाए । पानी नभएको पायस समान रोटी, तिउन र खाद्यपदार्थहरू पनि पाए ।

८–"अनि इच्छानुसार खाइपिई मोहको वशमा परेका तिनीहरूले बाल-मूर्खले जस्तै यस्तो विचार गरे ।

९–"भो व्यापारीहो ! हामीहरूले यसको पश्चिमतिरको शाखा पनि काटौं । त्यो काटेपछि त्यसबाट अलंकृत नारीहरू निस्कन थाले ।

१०–"विचित्र वस्त्राभरण र मणिकुण्डलहरूले आभूषित भएका नारीहरू निस्की प्रत्येककोनिमित्त एक एक वटी र गाडीवान नाइकेको-निमित्त पच्चीस जना बसे ।

११–"उनीहरूले त्यस रुखलाई घेरा लगाई इच्छानुसार नारी-हरूसंग आनन्द लिए ।

१२–"मोहको वशमा परेका उनीहरूले चौथोपटक पनि बाल-

मूर्खले जस्तै सोचे कि—भो व्यापारीहो ! यसको उत्तरतिरको शाखा पनि काटौं ।

१३–"त्यो काटेपछि त्यसबाट धेरै मोती, वेलौर, सुन, चाँदी आदि र पांच पाँचवटा राता र सेता कार्पेटहरू पनि निस्के ।

१४–"त्यस्तै गरी काशीका वस्त्रहरू र उद्दियन भन्ने कम्बलहरू पनि निस्के । उनीहरूले चाहिने जति ती वस्तुहरू भारी बनाई गाडामा भरे ।

१५–"अनि मोहको वशमा परेका उनीहरूले पाँचौं पटक बाल-मूर्खले जस्तै यस्तो सोचे—हे ! हामीले यस रुखको फेदलाई नै किन नकाटौं ? ताकि योभन्दा पनि बढी पाउनेछौं ।

१६–"अनि यो सुनेर हातजोरी विन्ति गर्दै गाडीवानको नाइकेले सबैलाई भने । हे व्यापारीहो ! तिमीहरूको भलो होस् । यो बरको रुखले तिमीहरूलाई के नोक्सान गऱ्यो ? नकाट ।

१७–"जुन पूर्वतिरको शाखाले पानी दियो, जुन दक्षिणतिरको शाखाले अन्नपान दियो, जुन पश्चिमतिरको शाखाले नारीहरू दियो, जुन उत्तरतिरको शाखाले सबै प्रकारका इच्छापूर्ण हुने रत्नहरू दियो । हे व्यापारीहो ! तिमीहरूको भलो होस् । बरको रुखले तिमीहरूलाई के बिगार गऱ्यो ? नकाट ।

१८–"जुन रुखको छायाँमा बस्छ वा सुत्छ त्यसै रुखको शाखा-लाई वा फेदलाई नकाट्नू । त्यस्तो गर्ने पुरुष मित्रद्रोही जस्तै पापी हुन्छ ।

१९–"सो नाइके एकजनाको कुरालाई नमानी घारिलो बञ्चरोले उनीहरू सबैले बरको रुखको फेद काट्नथाले ।"

अनि रुखको फेद काट्न फेदतिर जाँदा नागराजाले उनीहरूलाई देखेर सोच्न थाल्यो "प्यासी भएका यिनीहरूलाई पानी दिलाइदिएँ। त्यसपछि दिव्यभोजन, शयनासन सहित परिबार नारिहरू र पाँचशय गाडा भरी रत्नहरू दिलाइदिएँ। ऐले चाहिं यिनीहरू रुखको फेद समेत काट्नेछौं भनी भन्दछन्। यिनीहरू अति रौद्र रहेछन्। गाडीवान्को नाइके एकजना बाहेक अरू सबैलाई मार्नुपर्छ ।" अनि यति सोचेर उनले "यति शस्त्रधारी योधाहरू निस्कुन्, यति धनुषधारी र यति ढाल तरबारले सुसज्जित सेनाहरू निस्कुन्" भनी आज्ञा दिए।

यो कुरालाई प्रकट पार्नुहुंदै शास्ताले यो गाथा भन्नुभएको हो—

"ततो नागा निक्खमिसु सन्नद्धा पण्णवीसति ।
धनुग्गहानं तिसता छ सहस्साच वम्मिनो'ति ।।"

अर्थ—

"अनि पच्चीसवटा शस्त्रधारी नागहरू निस्के, तीनशय धनुषधारीहरू र छहजार ढाल तरबारले सुसज्जित सेनाहरू निस्के ।"

अनि नागराजाले भने—

"एते हनथ बन्धथ मा वो मुञ्चित्थ जीवितं ।
ठपेत्वा सत्थवाहं व सब्बे भस्मिकरोथ ने'ति ।।"

अर्थ—

"यिनीहरूलाई हान, बाँध, कसैलाई पनि जिउँदो नछाड । गाडीवान्‌को नाइके एकजना बाहेक अरू सबैलाई भस्मपार ।"

नागहरूले त्यस्तै गरी वछ्याउने कपडाहरू पाँचशय गाडाहरूमा राखी गाडीवान्‌को नाइकेलाई लिएर स्वयं ती गाडाहरू हाँकी बाराणशीमा गई सबै धनहरू त्यसको घरमा राखी उसँग विदालिई आफ्नो नागभवनमै फर्केर गए ।

यो कुरा बुझ्नु भएर अववादको रूपमा शास्ताले यी गाथाहरू भन्नुभएको हो—

१. "तस्मा हि पण्डितो पोसो सम्पस्सं अत्थमत्तनो ।
लोभस्स न वसं गच्छे हनेय्य दिसतं मनं ।।

२. "एतमादिनवं ञत्वा तण्हा दुक्खस्स सम्भवं ।
वीततण्हो अनादानो सतो भिक्खु परिब्बजे'ति ।।"

अर्थ—

१—"त्यसैले आफ्नो हितलाई ध्यानमा राखी पण्डित पुरुष लोभको वशमा नपरोस् । बरु मनभित्र देखिने अनेक प्रकारका लोभादि-हरूलाई मार्न सक्नुपर्छ ।

२–"दुःख हुने लोभादिको यही दुष्परिणामलाई जानेर भिक्षुले तृष्णारहित भई अनादानी भई स्मृतिवान् भएर दुःखलाई हटाउन सक्नुपर्छ।"

यो धर्मदेशना ल्याउनुभई "उपासकहो! अघि पनि लोभको वशमा पर्ने व्यापारीहरू महाविनाशमा परे। त्यसैले लोभको वशमा बस्नुहुन्न" भनी भन्नुभई सत्यकुरा प्रकाश पारी जातक समाधान गर्नुभयो। सत्यकुराको अन्त्यमा ती व्यापारीहरू स्रोतापत्तिफलमा प्रतिष्ठित भए।

"त्यसबखत नागराजा सारिपुत्र थिए र गाडीवान्को नाइके चाहिं म नै थिएँ" भनी भन्नुभयो।

---

२६. अभिण्ह जातक (२७)

"नालं कवलं पदातवे'ति···[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक उपासक र एक बुढो स्थविरको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

श्रावस्तीमा दुइ साथीहरू थिए । ती दुइ मध्ये एकजना प्रव्रजित भई दिनदिनै अर्को साथीको घरमा जान्थ्यो । उ उसलाई भिक्षा दिई आफूले पनि खाई उसँगै विहारमा गई सूर्यास्त नभएसम्म कुराकानी गरी बसी पछि नगरमा फर्कन्थ्यो । उ पनि नगरद्वारसम्म साथीलाई पुऱ्याई फर्केर आउँथ्यो । ती दुइजना परस्पर विश्वासी साथी भएको कुरा भिक्षुहरूको बीचमा प्रकट भयो । अनि एकदिन उनीहरूको परस्पर विश्वासी साथी भएको कुराको चर्चा गरी भिक्षुहरू धर्मसभामा बसिरहेका थिए ।

---

१. जा. पा. I. पृ. ८: अभिण्हजातकं, नं. २७, अ. क. I–II. पृ. १४३.

शास्ता आउनुभई "भिक्षुहो ! अहिले तिमीहरू यहां के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नु भएपछि "यो यो" भनी भने । अनि शास्ताले "भिक्षुहो ! अहिले मात्र यिनीहरू परस्पर विश्वासी साथी भएका होइनन् पहिले पनि विश्वासी साथी भएका थिए" भनी भन्नुहुँदै पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व अमात्य (=मन्त्री) भएका थिए । त्यसबखत मंगल-हात्तीसारमा गई मंगलहात्तीले खाने ठाउँमा खसेको जूठो भात योटा कुकुरले खान्थ्यो । उ सोही खानाद्वारा ठूलो भएपछि मंगलहात्तीको विश्वासी साथी भयो । पछि त हात्तीको साथमै खान थाल्यो । ती दुइ छुट्टिएर बस्न सकेनन् । हात्तीको सूँढ समाती कुकुर यताउता गर्दै खेल्थ्यो । एकदिन एक गाउँले मानिसले माहुतेलाई पैसा दिएर त्यो कुकुर लिएर आफ्नो गाउँमा गयो । त्यहांदेखि त्यो हात्तीले कुकुर नदेखी खाना पनि खाएन, पिउन पनि पिएन र नुहाउन पनि नुहाएन । यो कुरा राजालाई विन्तिगऱ्यो । राजाले "पण्डित ! जाऊ, किन हात्तीले त्यसो गरेको रहेछ भन्ने कारण बुझ" भनी बोधिसत्वलाई पठाए । हात्ती-सारमा गई हात्ती दुःखी भएको देखेर बोधिसत्वले "यसको शरीरमा कुनै रोग देखिन्न । शायद यसको कसैसँग गहिरो मित्रता भएको हुनुपर्छ ।

उसलाई नदेखेर यो शोकाकूल भएको होला" भन्ने विचार गरी माहुतेसँग सोधे "यसको कसँसँग परस्पर विश्वास थियो के ?"

"हो स्वामी ! एउटा कुकुरसँग यसको सारै मित्रता थियो ।"

"अहिले त्यो कुकुर खोइ त ?"

"एकजना मानिसले लग्यो ।"

"उ बस्ने ठाउँ तिमीलाई थाहाछ त ?"

"स्वामी ! थाहाछैन ।"

बोधिसत्व राजाकहाँ गई "देव ! हात्तीलाई कुनै रोग छैन । एउटा कुकुरसँग भने उसको खुब मित्रता भएको कुरा बुझिन्छ । उसलाई नदेखेर नखाएको जस्तो मलाई लाग्छ" भनी भन्दै उनले यो गाथा भने—

"नालं कबलं पदातवे न च पिण्डं न कुसे न घंसितुं ।
मञ्ञामि अभिण्हदस्सना नागो सिनेहमकासि कुक्कुरे'ति ।।"

अर्थ—

"हात्तीले खाना नखाएको, पिण्ड नखाएको, कुश नखाएको र शरीर ननुहाएको आदि—मलाई लाग्छ कि—उसको एक कुकुरसँग दिनहुँ भेट हुने र उसँग गहिरो मित्रता भएको कारणले हुनुपर्छ ।"

उनको कुरा सुनेर राजाले "पण्डित ! त्यसोभए अब के गर्नुपर्ला त ?" भनी सोधे ।

"देव ! त्यसोभए—हाम्रो मंगलहात्तीको साथी एउटा कुकुर एउटा मानिसले लिएर गयो । जसको घरमा सो कुकुर देखिने छ उसलाई 'यो यो दण्ड दिइनेछ' भनी झ्यालो पिटाउन लगाउनु होस्" भनी भने । राजाले त्यस्तै गराउन लगाए ।

यो खबर सुनेर सो पुरुषले कुकुरलाई छाडिदियो । कुकुर बेगले दौडी हात्तीकहाँ नै पुग्यो । अनि हात्तीले उसलाई सूँढमा लिई कांधमा राखी रोई कराई काँधबाट तल राखी उसले खाएपछि आफूले पनि खायो ।

"पशुहरूको मनोभाव समेत बुझ्न सक्ने" भनी राजाले बोधिसत्वलाई महान यश प्रदान गरे । शास्ताले "भिक्षुहो ! अहिले मात्र यिनीहरू परस्पर विश्वासी होइनन् अघि पनि विश्वासी नै थिए" भन्नुहुँदै यो धर्मदेशना ल्याउनुभई चतुसत्यको गांठो फुकाली प्रसंग मिलाई जातक समाधान गर्नुभयो । यो चतुसत्यको कुरा सबै जातकहरूमा पाइन्छ । हामी चाँहि जहाँ यसको फल देख्छौं त्यहाँ मात्र दर्शाउँछौं ।

"त्यसबखत कुकुर हुने उपासक थियो, हात्ती चाँहि बुढो स्थविर र पण्डित अमात्य चाँहि म नै थिएँ" भनी भन्नुभयो ।

२७. फल जातक (५४)

"नायं रुक्खो दुरारुहो'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले फलकुशल (=फल पहिचान गर्नुमा छेको) एक उपासकको कारणमा वताउनु भएको हो।

वर्तमान कथा

श्रावस्तीवासी एक कुटुम्बिकले बुद्ध सहित सङ्घलाई निम्त्याई आफ्नो बगैंचामा बसाली यागु र खाद्यपदार्थ प्रदान गरी बगैंचेलाई अह्रायो—"भिक्षुहरू सहित बगैंचामा गई आर्यहरूलाई आँप आदि नानाप्रकारका फलहरू देऊ।"

"हुन्छ" भनी जवाफ दिई भिक्षुसङ्घलाई साथमा लिई बगैंचामा घुम्दै हेर्दै "यो आँप काँचो छ, यो फल राम्ररी पाकेको छैन र यो फल राम्ररी पाकेको छ" भनी उसले जान्दथ्यो। उसले जे भन्यो त्यो त्यस्तै

१. जा. पा. I. पृ. १४: किंफलजातकं, नं. ५४, अ. क. I–II. पृ. २०९.

हुन्थ्यो । भिक्षुहरू गई तथागतलाई यो कुरा सुनाए—"भन्ते ! यो उपासक फल-कुशल छ । भुइमा उभिएर नै रुख हेरेर 'यो फल काँचो छ, यो फल राम्ररी पाकेको छैन र यो फल राम्ररी पाकेको छ' भनी जान्दछ । उसले जे भन्छ त्यो त्यस्तै हुन्छ ।"

शास्ताले "भिक्षुहो ! यो उपासक अहिले मात्र फल-कुशल होइन अघिका पण्डितहरू पनि फल-कुशल नै थिए" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा श्रेष्ठी कुलमा जन्मी वैंश पुगेपछि बोधिसत्वले पाँचशय गाडाहरू लिई ब्यापार गर्दथे । एक समय उनी मूलबाटोबाट एक जंगलमा पुगेपछि जंगलको छेउमा उभिई सबै मानिसहरूलाई भेला गराई "यो जंगलमा विषका रुखहरू हुन्छन् । विषालु फूलहरू विषालु फलहरू र विषालु महहरू हुन्छन् । अतः तिमीहरूले पहिले कहील्यै नखाएको कुनै पनि पात, फूल र फल मसँग नसोधिकन नखाऊ" भनी उनले भने । "हुन्छ" भनी उनीहरू जंगलभित्र लागे । जंगलको छेउमा एक गाउँको द्वारमा 'किंफल' भन्ने रुख थियो । उसको स्कन्ध, शाखा, हाँगाविगा, पात र फलहरू जम्मै आँपको जस्तै हुन्छ । केवल रंगले मात्र होइन बलिक गन्ध र रसले पनि काँचो भएपनि पाकेको आँपको फल जस्तै हुन्छ । खानेहरू चाँहि हलाहल विषले कैं तुरुन्तै मर्छन् । अगाडि गइरहेका केही

लोभी स्वभावका मानिसहरूले "यो आँपको रुख हो" भन्ने ठानी फलहरू खाए। केही गाडीवान्को नाइकेसँग सोधेर मात्र खाने छौं" भनी हातमा फल लिएर उभिइरहे। गाडीवान्को नाइके आएपछि उनीहरूले "आर्य! यो आँपको फल खाने छौं" भनी भने। बोधिसत्वले "यो आँपको रुख होइन भन्ने जानी यो 'किंफल' भन्ने रुख हो यो आँपको रुख होइन नखाऊ" भनी रोके। जसले खाइसके उनीहरूलाई बमन गर्न लगाई चतुमधु पियाई निरोगी पारे। योभन्दा अघि चाहिं यो रुखमा बस्ने मानिसहरू "आँपको फल हो" भनी विषालु फल खाँदा उनीहरूको ज्यान जान्थ्यो। अनि भोलिपल्ट गाउँलेहरू आई मरेका मानिसहरूको खुट्टा समाती नदेखिने ठाउँमा पर्याँकी गाडा सहित सबै धनमालहरू लिएर जान्थे।

उनीहरू त्यसदिन पनि अरुणोदय भएपछि "म गोरु लिनेछु, म गाडा लिनेछु र म सामानहरू लिनेछु" भन्दै दौडेर त्यस रुखमनि जाँदा मानिसहरू निरोगी रहेको नै देखेर "कसरी तिमीहरूले यो रुख आँपको होइन भनी जान्यौ?" भनी सोधे।

उनीहरूले "हामी जान्दैनौं गाडाका जेठाले जान्दछन्" भनी भने।

मानिसहरूले बोधिसत्वसँग सोधे—"हे पण्डित! के गरेर तिमीले यो रुख आँपको रुख होइन भनी थाहापायौ?"

उनले "दुइ कारणले जानें" भनी भन्दै यो गाथा भने —

"नायं रुक्खो दुरारुहो न पि गामतो आरका।
आकारेन जानामि नायं साधुफलो दुमो'ति ।।"

अर्थ—

"यो रुख चढ़न पनि गाह्रो छैन, फेरि गाउँबाट टाढा पनि छैन। यिनै दुइ कारणले जाने कि यो असल फलको रुख होइन। यदि खान हुने असल फलको रुख भएको भए यसमा एउटा पनि फल बाँकी रहने थिएन।"

यसरी महाजनहरूलाई धर्मोपदेश गरी आनन्दपूर्वक यात्रा गरे।

शास्ताले पनि "भिक्षुहो! यसरी अघिका पण्डितहरू फल-कुशल थिए" भनी यो धर्मदेशना ल्याउनुभई प्रसंग मिलाई जातक समाधान गर्नुभयो।

"त्यसबखतको परिषद् बुद्धपरिषद् थियो र गाडीवान्को नाइके चाहिं म नै थिएँ" भनी भन्नुभयो।

२८. दुराजान जातक (६४)

"मा सु नन्दि इच्छति मन्ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक उपासकको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

श्रावस्तीवासी एक उपासक त्रिशरण र पञ्चशीलमा प्रतिष्ठित भई बुद्ध, धर्म र सङ्घप्रति भक्ति राख्दथ्यो। उसकी भार्या चाहिं दुश्शीली पापधर्मी थिई। जुन दिन उसले दुराचार गर्थी त्यो दिन उ शयले किनेकी दासी जस्ती हुन्थी। दुराचार नगर्ने दिनमा चाहिं उ घरको मालिकनी जस्ती भई चण्ड र रौद्र हुन्थी। पुरुषले उसको यो स्वभाव-लाई जान्न सकेन। अनि यसरी त्यसबाट पीडित भएपछि बुद्ध उपस्थानकोनिमित्त पनि जान्नथ्यो। अनि एकदिन गन्धफूलहरू लिएर

---

१. जा. पा. I. पृ. १६: दुराजानजातकं, . नं. ६४, अ. क. I–II. पृ. २२०.

आई शास्तालाई वन्दना गरी बसिरहेको उसँग शास्ताले "उपासक ! किन तिमी सात आठ दिनदेखि बुद्धको उपस्थानमा आएनौ नि ?" भनी सोध्नुभयो ।

"भन्ते ! मेरी गृहिणी कुनैदिन शयले किनेकी दासी जस्ती हुन्छे भने कुनैदिन घरकी मालिकनी जस्ती भई चण्ड र रौद्र हुन्छे । मैले त्यसको यो स्वभावलाई कत्तिपनि बुझ्न सकिन । अनि यसैको पीरले गर्दा बुद्धको उपस्थानमा पनि आउन सकिन ।"

उसको वचन सुनेर शास्ताले "उपासक ! स्त्रीको स्वभाव बुझ्न गाह्रो पर्छ" भनी अघिका पण्डितहरूले पनि भनेका थिए । तर पूर्व-जन्मको कुरा भएको हुँदा तिमीले त्यो कुरा याद गर्न सकेनौ" भनी भन्नुहुँदै उसले प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको वेलामा दिशाप्रमुख आचार्य भई पाँचशय माणवकहरूलाई बोधिसत्वले शिल्पविद्या पढाउँदथे । अनि एक दूर देशको ब्राह्मण माणवक आई उनकहाँ शिल्पविद्या पढदा एक स्त्रीसँग आसक्त भई त्यसलाई भार्या बनाई त्यसै बाराणशीमा बस्न थाल्यो । दिनको दुइ तीन पटक आचार्यको उपस्थानमा जाने गर्थ्यो । उसकी भार्या चाहि दुश्शीली र पापधर्मी थिई । मिथ्याचार गर्ने दिनमा दासी समान हुन्थी र मिथ्या-

चरण नगर्ने दिनमा चाहिं मालिकनी जस्तो भई चण्ड र रौद्र हुन्थी। उसको यो स्वभावलाई बुझ्न नसक्नाको कारणद्वारा पीडित भई माणवक व्याकुल चित्त लिएर आचार्यको उपस्थानमा पनि जाँदैनथ्यो। अनि सात आठ दिनपछि आएको उसँग "माणवक! किन तिमी देखिँदैनौ नि ?" भनी आचार्यले सोधे।

"आचार्य! मेरी भार्या एकदिन मलाई इच्छागरी दासी समान निरभिमानी भई बस्छे भने अर्को दिनमा मालिकनी जस्ती ठाडी चण्ड र रौद्र भई बस्छे। मैले त त्यसको यो स्वभावलाई बुझ्न सकिन। त्यसबाट पीडित भई व्याकुल चित्त लिएर म तपाइको उपस्थानमा पनि आउन सकिन।"

"माणवक! यस्तै हो; स्त्रीहरू चाहिं अनाचार गरेको दिनमा आफ्नो स्वामीको वचन मानी दासी समान निरभिमानी हुन्छन्। अनाचार नगरेको दिनमा चाहिं घमण्ड गरी स्वामीलाई गिन्ति गर्दैनन्। अनाचार गर्ने स्त्रीहरूको यस्तो स्वभावलाई बुझ्न गाह्रै पर्छ। अतः उसले रुचाए पनि नरुचाए पनि मध्यस्थ भएर नै बस्न सक्नु पर्छ" भनी उसलाई अववादको रूपमा यो गाथा भने—

"मा सु नन्दि इच्छति मं मा सु सोचि न इच्छति।
थीनं भावो दुराजानो मच्छस्सेवोदके गत'न्ति॥"

अर्थ—

"मलाई रुचाउँछे भनी फुरुंग पनि नहोऊ, मलाई रुचाउँदिन

भनी खुल्लुक पनि नहोऊ। पानीभित्र पसेको माछालाई जान्न वा समात्न गाह्रो पर्ने जस्तै स्त्रीहरूको स्वभाव जान्न पनि गाह्रै पर्छ।"

यसरी बोधिसत्वले अन्तेवासीलाई अववाद दिए। त्यहांदेखि उ उसमाथि मध्यस्थस्वभावले बस्न थाल्यो। त्यो भार्याले पनि "आचार्यले मेरो दुश्शीलपनलाई जान्नुभयो" भन्दै त्यहांदेखि अनाचार गरिन। त्यो उपासककी पत्नीले पनि "सम्यक्सम्बुद्धले मेरो दुराचारलाई जान्नुभयो" भन्ने लागेपछि त्यहांदेखि पापकर्म गर्न छाडी।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाश पार्नुभयो। अनि प्रसंग मिलाई वहांले जातक समाधान गर्नुभयो।

"त्यसबखतका पतिपत्नी नै अहिलेका पतिपत्नी थिए र आचार्य भने म नै थिएं" भनी भन्नुभयो।

२९. अनभिरति जातक(६५)

"यथा नदी व पन्था'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले उस्तै प्रकारका (माथि पृ. १७२ मा जस्तै) उपासकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उसले उसको चेवालिदा उसलाई फेलापारी उसको दुश्शीलतालाई बुझी झगडा गरी चित्त खिन्नताको कारणले गर्दा सात आठ दिनसम्म उ भगवान्‌को उपस्थानमा पनि गएन । अनि एकदिन विहारमा गई तथागतलाई वन्दना गरी बसेको उसँग "तिमी किन सात आठ दिनसम्म नआएको ?" भनी सोध्नुहुंदा "भन्ते ! मेरी भार्या दुश्शीलछे । त्यसमाथि चित्त व्याकुल भएकोले आइन" भनी भन्यो । शास्ताले "उपासक ! यो स्त्री दुराचारीछे भनी उमाथि कोप नगरी मध्यस्थ भएर बस्न सक्नु-

१. जा. पा. I. पृ. १६: अनभिरतिजातकं, नं. ६५, अ. क. I–II. पृ. २२२.

पर्छ । पहिले पनि तिमीलाई पण्डितहरूले बताएका थिए । तर बिति-सकेको पूर्वजन्मको कुरा भएको हुनाले तिमीले त्यो कारण सम्झन सकेनौ" भनी भन्नुहुँदा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व माथि लेखिएको कथामा फैं दिशाप्रमुख आचार्य भएका थिए । अनि उनको अन्तेवासीकी भार्याको दोष देखी व्याकुल चित्तलिई कतिपय दिनसम्म उ आचार्यकहाँ गएन । एकदिन जाँदा आचार्यले सोधेपछि उक्त कारण निवेदन गऱ्यो । अनि उसका आचार्यले "तात ! स्त्रीहरू भनेका सर्वसाधारण हुन् । उनीहरूमध्ये यो दुशशीलीछे भनी पण्डितहरू कोप गर्दैनन्" भन्दै अववादको रूपमा यो गाथा भने—

"यथा नदी च पन्थो च पानागारं सभा पपा ।
एवं लोकित्थियो नाम नासं कुज्झन्ति पण्डिता'ति ।।"

अर्थ—

"जस्तै नदी, बाटो, रक्सीपसल, सभागृह र पिउने पानीको घैटो सर्वसाधारण मानिसहरूकोनिमित्त हुन्छ । त्यस्तै संसारका स्त्रीहरू पनि हुन् र त्यसमा पण्डितहरू 'यो शीलवती छे वा यो दुराचारी छे' भनी रिसाउँदैनन् ।"

आचार्यको अववाद सुनेर उ तटस्थ भयो। उसकी भार्याले पनि "आचार्यले मलाई चान्नुभयो" भनी त्यहाँदेखि उसले पापकर्म गर्न छाडी।

त्यो उपासककी भार्याले पनि "शास्ताले मलाई चिन्नुभयो" भनी त्यहाँदेखि पापकर्म गरिन। शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाश पार्नुभयो। सत्यकुराको अन्त्यमा उपासक स्रोतापत्ति-फलमा प्रतिष्ठित भयो। शास्ताले प्रसंग मिलाई जातक समाधान गर्नुभयो।

"त्यसबखतका पति र पत्नी अहिलेका पति र पत्नी थिए। आचार्य ब्राह्मण भने म नै थिएँ" भनी भन्नुभयो।

३०. असंकिय जातक (७६)

"असंकियोम्हि गामम्ही'ति…[१]" भन्ने यो गाथा जेतबनमा बसिरहनुभएका शास्ताले श्रावस्तीवासी एक उपासकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उनी चाहिं एक स्रोतापन्न आर्यश्रावक[२] थिए । केही कामले गर्दा उनी ब्यापारीहरूको गाडाको पछि लागेर गए । एक जंगलमा पुगेपछि गोरुहरूलाई फुकाली गाडीवान्हरू एक पाल राखी बसेपछि आफू चाहिं गाडाको नजिकको एक रुखमनि चंक्रमण गरिरहे । अनि आफ्नो समय जानी पाँचशय चोरहरू "यो पालमा बस्नेहरूलाई लुट्नेछौं"

---

१. जा. पा. I. पृ. १८: असङ्कियजातकं, नं. ७६, अ. क. I–II. पृ. २४४.

२. स्रोतापत्ति, सकृदागामी, अनागामी र अरहत् मार्ग-फल प्राप्त गर्ने कुनैलाई पनि 'आर्यश्रावक' भन्दछन् ।

भनी धनुष र मुग्राहरू हातमा लिई त्यो ठाउँमा घेरा लगाए। उपासक भने चंक्रमण नै गरिरहे। चोरहरूले उनलाई देखी "अवश्य पनि यो पुरुष पहरा बसिरहेको होला। यो सुतिसकेपछि लुटनेछौं" भनी हमला गर्न नसकी यताउता उभिइरहे। प्रथमयाममा, दोश्रोयाममा तथा तेश्रोयाममा पनि सो उपासकले चंक्रमण नै गरिरहे। प्रत्यूषसमय भएपछि मौका नपाई लिइराखेका ढुंगाका मुग्रा आदि छाडेर चोरहरू भागेर गए।

आफ्नो काम सिध्याई पुनः श्रावस्तीमा आई शास्ताकहाँ गई "भन्ते! आफ्नो रक्षा गर्दागर्दै अर्काको पनि रक्षा हुन्छ के?" भनी उपासकले सोधे।

"हो उपासक! आफ्नो रक्षा गर्दागर्दै पनि अर्काको रक्षा हुन्छ। अर्काको रक्षा गर्दा पनि आफ्नो रक्षा हुन्छ।"

"अहा! भगवान्को यो कुरा कति सुभाषित हो! म एक गाडीवान्सँग बाटो लागेर गएँ। अनि एक रुखमनि चंक्रमण गरिरहें। "आफूलाई रक्षा गर्छु भन्दाभन्दै सबै गाडीवान्हरूको पनि रक्षा भयो" भनी भने।

शास्ताले "उपासक! अघि पनि पण्डितहरूले आफ्नो रक्षा गर्दागर्दै अर्काको पनि रक्षा गरेका थिए" भनी भन्नु हुँदा उनले सो कुरा बताउनुहुन अनुरोध गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व ब्राह्मण कुलमा जन्मी बँश पुगेपछि काम विषयको दुष्परिणामलाई देखी ऋषि-प्रव्रज्या अनुसार प्रव्रजित भई हिमालयमा बसे। अनि एकदिन नुन र अमिलो सेवन गर्नकोनिमित्त जनपदमा आई जनपद चारिका गर्दा गाडीवान्हरूको साथ बाटो लागेर गए। एक जंगलमा पुगी गाडाहरू बिसाइसकेपछि गाडाको नजिकं एक स्थानमा ध्यानसुखले समय बिताई बोधिसत्व एक रुखमनि चंक्रमण गर्नथाले। अनि साँझको खाना खाइसकेपछि पाँचशय चोरहरूले "ती गाडाहरूमा बस्नेहरूलाई लुटने छौं" भनी आएर घेरा लगाए। उनीहरूले सो तपस्वीलाई देखेर "यदि यिनले हामीलाई देखे भने गाडामा बस्नेहरूलाई भन्नेछन्। अतः यिनी निदाएपछि मात्र लुटौंला" भनी उहीं उभिइरहे। रातभरी तपस्वीले चंक्रमण नैं गरिरहे। मौका नपाएपछि चोरहरू लिइराखेका ढुंगाका मुग्राहरू छाडी गाडामा बस्नेहरूलाई आवाज दिई "भो गाडामा बस्नेहरू! यदि आज यी रुखमनि चंक्रमण गरिरहेका तपस्वी नभएका भए तिमीहरू सबै महालुटाइमा पर्ने थियौ। भोलि तपस्वीलाई महानसम्मान गर" भनी फर्केर गए।

बिहान भएपछि चोरहरूले छाडी गएका ढुंगाका मुग्राहरू देखेर भयभीत भई बोधिसत्वकहाँ गई वन्दना गरी ती गाडीवान्हरूले "भन्ते! तपाइले चोरहरूलाई देख्नुभयो?" भनी सोधे।

"आवुसो ! देखें ।"

"भन्ते ! यतिका चोरहरू देखेर पनि तपाइलाई डर वा भय लागेन त ?"

बोधिसत्वले भने—"आवुसो ! चोर देखेर डर वा भय धन हुनेलाई मात्र हुन्छ । म चाहिं निर्धनी छु । अतः मलाई केको भय ? गाउँमा वा जंगलमा बसे पनि मलाई कुनै डर वा भय लाग्दैन" भनी उनीहरूलाई धर्मदेशना गर्दै यो गाथा भने—

"असङ्कियोम्हि गामम्हि अरञ्ञे नत्थि मे भयं ।
उजुमग्गं समारुल्हा मेत्ताय करुणाय चा'ति ।।"

अर्थ—

"गाउँमा मलाई कुनै शंका लाग्दैन र जंगलमा पनि मलाई भय लाग्दैन । मैत्री र करुणारूपी सोझो बाटोमा लाग्ने मलाई कुनै भय छैन ।"

यसरी यो गाथाद्वारा धर्मोपदेश गर्दा प्रसन्न भएर उनीहरूले बोधिसत्वलाई सत्कार पूजादि गरे । यसरी जीवनभर चार ब्रह्मविहार-लाई वृद्धिगरी बोधिसत्व ब्रह्मलोकमा उत्पन्न भए ।

शास्ताले यो धर्मोपदेशना ल्याउनुभई प्रसंग मिलाई जातक समाधान गर्नुभयो ।

"त्यसबखत गाडामा बस्ने बुद्धपरिषद् थिए र तपस्वी चाहिं म नै थिएं" भनी भन्नुभयो ।

---

३१. जागर जातक (११४)

"कोध जागरतं सुत्तो'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक उपासकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उनो एक स्रोतापन्न उपासक हुन् । एकदिन उनी श्रावस्तीबाट गाडीवान्हरूको नाइकेसँग कान्तारको बाटो लागेर गए । गाडीवान्को पानीको सुविधा भएको एक ठाउँमा पाँचशय गाडाहरूका गोरुहरू फुकाली खादयभोज्य तयारपारी नाइके बासबस्यो । ती मानिसहरू यताउता पल्टेर सुते । उपासक चाँहि गाडीवान्को नाइकेसँग एक रुखमनि चंक्रमण गरिरहे । अनि गाडा लुटने छौं भनी नानाप्रकारका आयुधहरू लिएका पाँचशय चोरहरूले गाडालाई घेरा लगाई उभिई उनीहरूले सो उपासकलाई चंक्रमण गरिरहेको देखेर "यो सुतेपछि लुटौंला" भनी यताउता

१. जा. पा. I. पृ. १६३: जागरजातकं, नं. ४१४, अ. क. III. पृ. २८५.

उभिइरहे। रातको तेश्रोयामसम्म उनीले चाहिं चंक्रमण नै गरिरहे। बिहान सबेरै लिएका ढुंगाका मुग्रा आदिहरूलाई छाडेर चोरहरूले "हे गाडीवान्को नाइके! अप्रमादी र जागरुक भई बसिरहेका यी पुरुषको कारणले गर्दा तिमीहरूले आफ्नो जिउ जोगाउन पायौ र तिमीहरूको सम्पत्तिको मालिक तिमीहरू नै बन्नपायौ। ती पुरुषलाई सत्कार गर" भनी फर्केर गए।

मानिसहरू समयमै उठी उनीहरूले छाडेका ढुंगाका मुग्रा आदिहरू देखेर "यिनको कारणबाट हामीहरूले जिउ जोगाउन पायौं" भनी उपासकलाई सत्कार गरे। जानुपर्ने ठाउँमा गई गर्नुपर्ने काम गरी फर्केर श्रावस्तीमा आई जेतवनमा गई तथागतलाई पूजा र वन्दना गरी बसिरहेको उपासकलाई तथागतले "उपासक! आजकल देखिदैनौ नि?" भनी भन्नु भएपछि उसले उक्त कुरा बतायो।

अनि शास्ताले "तिमीले मात्र ननिदाएर जागरुक भई विशेषता पाएका होइनौ पुराना पण्डितहरूले पनि जागरुक भई विशेषगुण प्राप्त गरेका थिए" भनी भन्नु भएपछि उसले सो कुरा बताउनहुन अनुरोध गर्दा पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व ब्राह्मण कुलमा जन्मी बैंश पुगेपछि तक्षशिलामा

सबै शिल्प पढेर फर्की घरमै बसे। पछि घरछाडी ऋषिभेषानुसार प्रव्रजित भई धेरै दिन नबित्दै ध्यानाभिज्ञ लाभ गरी हिमालतिरको एक ठाउँमा चंक्रमण गर्ने मात्र ईर्यापथ[1] लिई ननिदाइकन रातभर चंक्रमण मात्र गरिरहन्थे। अनि चंक्रमण गर्ने ठाउँको एक अन्तमा बस्ने देवता प्रसन्नभई रुखको कापको बीचमा उभिई प्रश्न सोध्दै पहिलो गाथा भने—

"कोध जागरानं सुत्तो कोध सुत्तेसु जागरो।
को ममेतं विजानाति को तं पटिभणाति मे'ति ।।"

अर्थ—

"कस्तालाई यहाँ जाग्रत भएर बसेता पनि सुत्ने भनी भन्दछन् र कस्तालाई सुतिरहेकामध्येमा पनि जाग्रत भएर बस्ने भनी भन्दछन्? कसले यो मेरो प्रश्नलाई बुझ्दछ र कसले मेरो प्रश्नको उत्तर दिन सक्छ?"

उसको वचन सुनेर बोधिसत्वले भने—

"अहं जागरतं सुत्तो अहं सुत्तेसु जागरो।
अहमेतं विजानामि अहं पटिभणामिते'ति ।।"

---

१. बस्नु, सुत्नु, हिड्नु र उभिनु—यी चारलाई 'ईर्यापथ' भनिन्छ। यसमध्ये बोधिसत्व पल्टेर नसुती बसेर नै सुत्दथे र चंक्रमण मात्र गर्दथे।

अर्थ—

"जाग्रत हुनेहरूमा म सुत्ने हुँ र सुत्नेहरूमध्येमा म जाग्रत हुँ। मैले त्यो कुरा जानेको छु र तिमीलाई उत्तर दिने छु।"

यो सुनेर फेरि देवताले भने—

"कथं जागरतं सुत्तो कथं सुत्तेसु जागरो।
कथं एतं विजानासि कथं पटिभणासि मे'ति ।।"

अर्थ—

"जाग्रत हुनेहरूमा कसरी तिमी सुत्ने ह्वौ र कसरी सुत्नेहरू-मध्येमा तिमी जाग्रत ह्वौ ? कसरी तिमी यो जान्दछौ र कसरी मलाई उत्तर दिन्छौ ?"

यो गाथाद्वारा प्रश्न सोधिएपछि बोधिसत्वले उत्तर दिए—

१. "ये धम्मं नप्पजानन्ति सञ्ञमोति दमोति च।
तेसु सुप्पमानेसु अहं जग्गामि देवेति ।।

२. "येसं रागो च दोसो च अविज्जा च विराजिता।
तेसु जागरमानेसु अहं सुत्तोस्मि देवते ।।

३. "एवं जागरतं सुत्तो एवं सुत्तेसु जागरो।
एवमेतं विजानामि एवं पटिभणामिते'ति ।।"

अर्थ—

१-"देव ! जसले यो संयम हो र यो दम हो भन्ने धर्मलाई जान्दैन त्यस्ता सुत्नेहरूमध्येमा म जाग्रत छु ।

२-"देव ! जसको राग, द्वेष र अविद्या छैन त्यस्ता जाग्रत हुनेहरूमध्येमा म सुत्ने हुँ ।

३-"यसरी जाग्रत हुनेहरूमा सुत्ने र यसरी सुत्नेहरूमध्येमा जाग्रत हुन्छ । यसरी यसलाई जान्दछु र यसरी नै तिमीलाई उत्तर दिन्छु ।"

महासत्वले यसरी प्रश्नको उत्तर दिएपछि प्रसन्नभई उनको प्रशंसा गर्दै देवताले यो अन्तिम गाथा भने—

"साधु जागरतं सुत्तो साधु सुत्तेसु जागरो ।
साधु मेतं विजानासि साधु पटिभणासि मे'ति ।।"

अर्थ—

"जाग्रत हुनेहरूमा सुत्ने भनेको पनि धन्य हो, सुतीरहनेहरू-मध्येमा जाग्रत हुने भनेको पनि धन्य हो, तिमीले यो कुरा जान्यौ र मलाई उत्तर दियौ यो पनि धन्य हो ।"

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो।

"त्यसबखत देवता उत्पलवर्णा (उप्पलवण्णा) थिई र तपस्वी चाहिं म नै थिएँ" भनी भन्नुभयो।

---

३२. सीलानिसंस जातक (१९०)

"पस्स सद्धाय सीलस्सा'ति···[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक श्रद्धालु उपासकको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

उ एक श्रद्धासम्पन्न आर्यश्रावक थियो। एकदिन संध्यासमयमा जेतवनमा जान्छु भनी अचिरवती नदीको तीरमा गयो। माझीहरू पारी तीरमा डुंगा राखी धर्मश्रवणकोनिमित्त गए। घाटमा डुंगा थिएन। अनि बुद्धारम्मण प्रीति उत्पन्न गरी उपासक नदीमा ओर्ल्यो। खुट्टा पानीमा डुबेन। उ पृथ्वीमा हिंडे जस्तो गरी जांद बीचमा पुग्दा छाल आइरहेको देख्यो। अनि उसको बुद्धारम्मण प्रीतिमा पनि कमी आउनथाल्यो र खुट्टा पनि डुब्न थाल्यो। अनि उसले फेरि बुद्धारम्मण

---

१. जा. पा. I. पृ. ४६: सीलानिसंसजातकं, नं. १९०, अ. क. I–II. पृ. ४५४.

प्रीतिलाई बलियो पारी पानी माथिबाट गई जेतवनमा पसी शास्तालाई वन्दना गरी एक छेउमा बस्यो ।

शास्ताले उसँग कुशलक्षेम कुरा गर्दै "उपासक ! बाटोमा आइरहेको बेलामा थोरै कष्टले त आयौ ?" भनी सोध्नु भएपछि "भन्ते ! बुद्धारम्मणप्रीति उत्पन्न गरी पानीमाथि प्रतिष्ठा पाई पृथ्वी मर्दन गरे जस्तै गरी आएँ" भनी भनेपछि "उपासक ! तिमीले मात्र बुद्धारम्मणप्रीतिको अनुस्मरण गरी प्रतिष्ठा पाएका होइनौ पहिलेका उपासकहरुले पनि समुद्रको बीचमा डुँगा बिग्रिदा बुद्धगण अनुस्मरण गरी प्रतिष्ठा पाएका थिए" भनी भन्नुहुँदा उसले सो कुरा बताउनहुन अनुरोध गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा कश्यप सम्यक्सम्बुद्धको पालामा स्रोतापन्न आर्यश्रावकले एक नाऊको कुटुम्बको साथ डुँगामा चढ्यो । त्यो नाऊकी भार्याले "आर्य ! यिनको सुखदुःखको भार तपाइमा होस्" भनी नाऊलाई सो उपासकको हातमा जिम्मा दिई । अनि त्यो डुँगा सातौं दिनमा समुद्रको बीचमा पुग्दा बिग्र्यो । ती दुइजना एउटा फल्याकमा बसी एक द्वीपमा पुगे । त्यहाँ त्यो नाऊले चराहरू मारी पोलेर खान्थ्यो र उपासकलाई पनि दिन्थ्यो । तर "भो मलाई चाहिन्न" भनी उपासक खाँदैनथ्यो । उसले सोच्यो कि यस्तो ठाउँमा त्रिशरण बाहेक हामीहरूकोनिमित्त अरू प्रतिष्ठा हुन सक्दैन" भनी उसले तीनै रत्नहरूको गुणलाई अनुस्मरण

गऱ्यो। अनि त्रिरत्नको गुण अनुस्मरण गर्दा गर्दै त्यस द्वीपमा उत्पन्न भएका नागराजाले आफ्नो शरीरलाई विशाल डुँगा बनाए। समुद्र देवता माझी बने। डुँगा सात रत्नहरूले भरिए। तीनवटा मस्तुल, इन्द्रनीलवर्णको डोरीहरू र सुवर्णमय खियाउने बहाना बनाई डुँगामा बसी "जम्बुद्वीप जान चाहने कोहीछ के?" भनी समुद्र देवताले घोषणा गरे।

"हामी जान्छौं" भनी उपासकले भन्यो।

"त्यसोभए आऊ, डुँगामा चढ" भनी भने।

डुँगामा चढी उपासकले नाऊलाई पनि बोलायो।

"तिमीले मात्र पाउँछौ यसले पाउने छैन" भनी समुद्र देवताले भने।

"के कारणले?"

"यसको शील सदाचारगुण छैन—यही कारणले हो। मैले तिम्रोनिमित्त डुँगा ल्याएको हुँ र यसकोनिमित्त ल्याएको होइन।"

"भइहाल्यो त्यसोभए मैले आफूले दिएको दानको, पालन गरेको शीलको तथा भाविता गरेको भावनाको पुण्य यसलाई दिनेछु।"

नाऊले उतनाधरी "स्वामी! म अनुमोदन गर्छु" भनी भन्यो।

अनि देवताले "अब भने लिनेछु" भनी उसलाई पनि राखी दुवैजनालाई समुद्रबाट निकाली नदीमार्गद्वारा बाराणशीमा गई आफ्नो प्रभावद्वारा दुवैजनाको घरमा धनहरू राखी—"पण्डितहरूको सत्संगत

गर्नुपर्छ । यदि यो नाऊको यो उपासकसँग संगत नभएको भए समुद्रको बीचमा नै विनाश भइसक्थ्यो होला" भनी पण्डितहरूको गुण बखान गर्दै यो गाथा भने—

१. "पस्स सद्धाय सीलस्स चागस्स च अयं फलं ।
नागो नावाय वण्णेन सद्धं वहति उपासकं ।।

२. "सब्भिरेव समासेथ सब्भि कुब्बेथ सन्थवं ।
सतं हि सन्निवासेन सोत्थि गच्छति नहापितो'ति ।।"

अर्थ—

१–"हेर—श्रद्धा, शील र त्यागको यो फल; माझीको रूप धारण गरी नागले श्रद्धावान् उपासकलाई पार तारिदिए ।

२–"अतः पण्डित सत्पुरुषहरूसँग बस्नू र सत्पुरुषहरूसँग सत्संगत गर्नू । सत्पुरुषहरूसँग बसेको हुनाले नाऊको भलो भए जस्तै भलो हुनेछ ।"

यसरी आकाशमा उभिई धर्मदेशना गरी अववाद दिई नागराजालाई लिई समुद्र देवता आफ्नो विमानैमा गए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्यकुराको अवशानमा उपासक सकृदागामी फलमा प्रतिष्ठित भयो ।

"एयसबखत स्रोतापन्न भएका उपासक परिनिर्वाण भए । नागराजा सारिपुत्र थिए र समुद्र देवता चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित

"जातक संग्रह"

भाग-१, संग्रह-१६

नामावली

ग

छ, ज

त

भ, म

शब्दावली

द

म

य

र

गाथा – सूची

लेखकका पुस्तकहरू—

संक्षिप्त बुद्धजीवनी (द्वितीयावृत्ति) ...			१/-
धम्मपद (तृतीयावृत्ति) ...			१/४०
गृही-विनय (द्वितीयावृत्ति) ...			१/-
अग्रश्रावक (अप्राप्य) ...			
कसको कुरा सत्य हो ? ...			
बुद्धशासनको इतिहास (प्रथम भाग) ...			४/-
पटाचारा स्थविरा चरित ...			
अम्वसक्कर प्रेतकथा			
सुतनु जातक			
बुद्धकालीन ब्राह्मण (अप्राप्य)	भाग—१	(पृ. ५०४) ...	७/-
बुद्धकालीन गृहस्थीहरू	भाग—१	(पृ. ५८१) ...	८/-
बुद्धकालीन राजपरिवार	भाग—१	(पृ. ६६५) ...	१०/-
बुद्धकालीन महिलाहरू	भाग—१	(पृ. ५५६) ...	८/-
बुद्धकालीन परिव्राजकहरू	भाग—१	(पृ. ७९६) ...	१६/-
बुद्धकालीन श्रावक-चरित	भाग—१	(पृ. ३७८) ...	९/-
बुद्धकालीन श्राविका-चरित	भाग—१	(पृ. १००५) ...	२२/-
बुद्धकालीन ब्रह्मादिदेव	भाग—१	(पृ. ६६८) ...	१८/-
बुद्धकालीन प्रेतकथा ...		(पृ. ३८२) ...	१०/-
बुद्धकालीन विमानकथा ...		(पृ. ४०४) ...	१२/-
बुद्धकालीन दशौवटा ग्रन्हथरूको विषय-सूची		...	५/-
बुद्धकालीन ब्राह्मण	भाग—२	(पृ. ६००) ...	१५/-
बुद्धकालीन ब्राह्मण	भाग—३	(पृ. ६८०) ...	१७/-
बुद्धकालीन गृहस्थीहरू	भाग—२	(पृ. ५९२) ..	१५/-
बुद्धकालीन गृहस्थीहरू	भाग—३	(पृ. ६२४) ...	१५/-
जापान भ्रमणको डायरी		...	४/-
जातक संग्रह	भाग—१	(पृ. ३०२) ..	१०/-

प्रतीक्षामा—

"जातक संग्रह" भाग- २